# प्रथम परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

बलदेव शर्मा गाउँलेको जन्म वि.सं. २०१८ जेठ ५ गते बिहीवार पिता ज्ञानेन्द्र प्रसाद अधिकारीका तीन श्रीमती मध्ये कान्छी श्रीमती गङ्गादेवी अधिकारीका सुपुत्रका रूपमा धादिङ्मा जन्मेका हुन्। उनको वास्तविक नाम छविरमण अधिकारी हो। तीन वर्षको उमेरदेखि नै विद्यालयीय शिक्षा आरम्भ गरेका गाउँले स्थापित साहित्यकार हुन्। दस वर्षको उमेरमा शास्त्रीय छन्दमा कविता लेख्न सुरु गरेका गाउँले आफ्नो साहित्य यात्राको प्रेरणा स्रोतका रूपमा डिल्लीराम अर्याल र गोपीनाथ रिजाललाई लिन्छन्। साहित्यमा गाउँले बलदेवका नाँउले परिचित गाउँलेले हालसम्म २६ वटा पुस्तकाकार कृति प्रकाशित गरेका छन्। उनका प्रकाशित साहित्यिक कृतिहरूमा **शारदाको नेपाल** (२०४२)खण्डकाव्य, **दाम्पत्य** (२०४३) खण्डकाव्य, **धूमा** (अर्धकाल्पनिक आत्मकथा), (२०४८) **तोरीको फूल** (२०५७)निबन्धसङ्ग्रह, **पूतना र प्रजातन्त्र** (२०५७)निबन्धसङ्ग्रह, **मेरो राजा** ( २०५८) शोककाव्य, **म तिम्रो यमदूत, तिमी मेरो यमदूत** (२०५९) खण्डकाव्य, **त्रिफला** खण्डकाव्य, (२०५९) **नैकापको घर** (२०६३)खण्डकाव्य, **परलोकतन्त्र** (२०६६)महाकाव्य रहेका छन्।

साहित्यमा नवीन विधाका रूपमा आएको निबन्धले कुनै पनि विचारलाई राम्रोसँग बाँध्नु भन्ने अर्थ बुझाउँछ। पाश्चात्य साहित्य हुँदै आधुनिक नेपाली साहित्यमा पनि भित्रिएको निबन्ध आत्मपरक र वस्तुपरक गरी मुख्यतः दुई प्रकारको हुन्छ। पछिल्लो समयमा विकसित भएर पनि पूर्वीय तथा पाश्चात्य साहित्यमा चर्चित बन्दै गएको निबन्ध विधाले नेपाली आधुनिक साहित्यमा पनि एक भिन्न स्थान ओगट्न सफल भइसकेको छ। नेपाली निबन्धमा पनि पाश्चात्य निबन्धक्षेत्रमा देखिएका विभिन्न प्रवृत्तिहरूको अनुकरण हुँदै आएको पाइन्छ र नेपाली निबन्धले पछिल्लो समयमा पाठकहरूको ध्यान आफूमा केन्द्रित गर्न सफल भएको छ। देवकोटा तथा समजस्ता दिग्गजहरूले प्रारम्भ गरेको आधुनिक नेपाली निबन्धको क्षेत्रमा व्यङ्ग्यवादी प्रवृत्तिलाई अँगालेर निबन्धलेखनमा सक्रिय हुँदै आएका गाउँलेका दुई निबन्धसङ्ग्रहमा सङ्कलित तथा अन्य फुटकर रुपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित जम्माजम्मी छ दर्जनभन्दा बढी निबन्धहरूको अध्ययन गरी उनको निबन्धकारिताको विश्लेषण यस शोधमा गरिएको छ।

## १.२ समस्याकथन

गाउँले बलदेव अधिकारीको निबन्धकारिताको अध्ययन गर्नु नै यस शोधको प्रमुख समस्या हो। सामान्यतया यसै शोधसमस्यामा आधारित भई शोधकार्य सम्पन्न गरिने छ। यस शोधलाई विस्तृत रूपमा सम्पन्न गर्नका लागि आइपर्ने शोधसमस्यालाई यसप्रकार देखाउन सकिन्छ :

क) गाउँले बलदेव अधिकारीको जीवनी तथा निबन्धगत यात्रा कस्तो पाइन्छ ?

ख) गाउँले बलदेव अधिकारीको निबन्धहरू के कस्ता छन् ?

यिनै समस्याहरूको समाधानतर्फ यो शोधपत्र अग्रसर रहेको छ।

## १.३ शोधको उद्देश्य

अध्ययन गर्नु नै यस शोधकार्यको प्रमुख उद्देश्य हो । यसै प्रमुख उद्देश्यसँग सम्बन्धित शोधकार्यका उद्देश्यहरूलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ–

क) गाउँले बलदेव अधिकारीको परिचय तथा निबन्धगत यात्राको अध्ययन गर्नु।

ख) गाउँले बलदेवका निबन्धहरूको अध्ययन तथा विश्लेषण गर्नु।

यिनै उद्देश्यहरूमा यस शोधकार्य केन्द्रित रहने छ।

## १.४ पूर्वकार्यको समीक्षा

गाउँले बलदेव निबन्धकार, कवि, आत्मकथाकार, व्याकरणकार र स्तम्भकारका रूपमा साहित्यका क्षेत्रमा परिचित छन् । नेपाली साहित्यका अधिकांश विधामा कलम चलाएका गाउँलेको जीवनी, व्यक्तित्व  तथा कृतित्वका बारेमा समय समयमा अध्ययन भएको पाइए पनि उनको निबन्धकारितालाई लिएर आजसम्म व्यवस्थित र विस्तृत अध्ययन हुन सकेको देखिदैन । जसले गर्दा उनका बारेमा उनैका कृतिमा लेखिएका प्रकाशकीय, मन्तव्य, भूमिका र पत्रपत्रिकामा गरिएका सामान्य चर्चा परिचर्चा मात्र पूर्वकार्य हुन आएका छन् । तसर्थ उनी र उनका कृतित्त्वका बारेमा यसपूर्व भएका चर्चा परिचर्चाहरूको समीक्षा यहाँ सङ्क्षेपमा कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ।

क) माधवप्रसाद घिमिरेले "मेरो राजा" (२०५८) को भूमिकामा "प्रतिभाशाली कवि बलदेव आ  ना दिलका भावनालाई छन्दमा यसरी बगाउँछन् कि उनको अन्तरङ्ग र अङ्ग–अङ्गबाट भावाकुल कवि निर्झर झैं झरझराई रहेझैं लाग्छ ।" यस भनाइमा घिमिरेले गाउँलेको *मेरो राजा* काव्यमा प्रयुक्त छन्दविश्लेषणलाई आधार बनाई त्यसलाई महत्त्व दिएका छन्।

ख) जयराज आचार्यले "मेरो राजा" (२०५८) को मन्तव्यमा "कवि बलदेव गाउँलेले दुई करोड नेपालीको पीडालाई उल्लेख गर्न सक्ने कवि" भनेका छन् । जहाँ मेरो राजा काव्यमा प्रयुक्त पीडालाई सम्पूर्ण नेपालीको पीडाको रूपमा प्रस्तुत गरेका छन् । यस बाट प्रस्तुत काव्य नेपाली जनमानसमा रहेका पीडादायी भावनाहरूलाई समेट्न सफल भएको देखिन्छ र पीडाहरू समेट्ने क्रममा कवि गाउँले के कसरी प्रस्तुत भएका छन्, सो कुरालाई यस शोधपत्रमा प्रस्तुत गरिएको छ।

ग) दैवज्ञराज न्यौपानेले मेरो राजा (२०५८) को मन्तव्यमा निकै छोटो समयमा लेखेर पनि सुन्दै चस्स लाग्ने निकै मार्मिक तिव्र समवेदना यूक्त भएकोमा कवि बलदेव गाउँलेको काव्य कौशल उत्तरोत्तर प्रगतिपथमा गएको मैले अनुभव गरेको छु, भनेका छन्।

यस भनाइमा न्यौपानेले कवि गाउँलेको साहित्यिक व्यक्तित्त्वलाई मात्र प्रस्तुत गरेका छन्।

घ) प्रदीप खतिवडाले “नेपाल समाचारपत्र” दैनिक (२०६६) भदौ ६ गतेको शनिवार विशेसाङ्मा “उर्वरगाउँले” शीर्षकमा जैविक आशावादी, लोकतन्त्रवादी, प्रगवादी र राष्ट्रवादी, लेखक उल्लेख गरेका छन्।

यस भनाइमा कवि गाउँलेलाई लोकतन्त्रवादी, प्रगतिवादी, राष्ट्रवादी व्यक्तित्वका रूपमा मात्र चित्रित गरेको पाइन्छ भने शोधपत्रमा उनका विशेषताहरूलाई केलाउँदै साहित्यिक यात्रालाई समेत प्रस्तुत गरिएको छ।

ङ) पुष्पराज अधिकारीले परलोकतन्त्र”काव्य (२०६६) को *वर्तमानको भाव भूमिका* शीर्षकमा यस माहाकाव्यमा सामाजिक, प्रशासनिक तथा राजनीतिक व्यङ्ग्यले सबै नेपालीको प्रतिनिधित्व गरेको छ भनेका छन्। यस भनाई कवि गाउँलेको परलोकतन्त्र महाकाव्यमा अभिव्यक्त व्यङ्ग्यलाई प्रमुख आधार बनाइएको पाइन्छ। तर यस शोधपत्रमा परलोकतन्त्र महाकाव्यमा व्यक्त व्यङ्ग्यमा साथै अन्य साहित्यिक पक्षलाई पनि केलाइएको छ।

च) स्वागत नेपालले “राजधानी” दैनिक २०६७ बैशाख १६ गते बिहीवारमा “परलोकतन्त्र मुर्दावाद” शीर्षकमा नेपाल र नेपाली जबसम्म आफैमा आत्मनिर्भर हुन सक्दैनन् तव सम्म देश र जनता कहिल्यै पनि स्वतन्त्र हुन सक्दैन।

यस भनाईमा परलोकतन्त्र काव्यमा प्रयुक्त भावहरूलाई समेटेर निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ।

छ) गोकुल शर्मा (२०६८) *बलदेव शर्मा गाउँलेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन*

शर्माले प्रस्तुत अप्रकाशित स्नातकोत्तर तहको शोधमा बलदेव शर्माको जीवनी, व्यक्तित्व तथा कृतित्वको अध्ययनका क्रममा गाउँलेका दुई निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूको सूची दिँदै उनका निबन्धहरू राजनीतिक, सामाजिक परिवेशमा लेखिएको र व्यङ्ग्यलाई प्रमुख आधार बनाइएको भनेर सामान्य चर्चा गरे पनि निबन्धलाई नै लिएर पूर्णतः अध्ययन भने गरेको देखिँदैन।

माथिका यी पूर्वकार्यहरूको अध्ययन गर्दा गोकुल शर्माले आफ्नो शोधमा गाउँलेको कृतित्वको अध्ययनका क्रममा निबन्धको पनि सामान्य अध्ययन गरे पनि अन्य कसैले पनि उनको निबन्धगत विषयमाथि चर्चा गरेको पाइदैँन। शर्माले पनि सामान्य चर्चा गरेर मात्र छाडेकाले सोही विषयलाई प्रमुखता दिँदै उनको निबन्धकारितासम्बन्धी अध्ययन यस शोधमा गरिने छ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनीका रूपमा देखिएका गाउँले बलदेव अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वलाई लिएर सामान्य अध्ययन भए पनि उनको निबन्धकारितालाई नै प्रमुख विषय बनाई आजसम्म अध्ययन नभएकाले उनको निबन्धकारितासम्बन्धी गरिएको यो शोध औचित्यपूर्ण ठहरिन्छ। सामाजिक तथा राजनीतिक परिवेशलाई विषयवस्तु बनाई चोटिलो व्यङ्ग्यका साथ निबन्ध लेख्ने गाउँलेको

निबन्धकारितासम्बन्धी अध्ययनले उनको निबन्धकारितामा इच्छा राख्ने व्यक्तिहरूलाई यो शोधकार्य उपयोगी ठहरिने भएकाले यो शोधकार्य औचित्यपूर्ण, महत्त्वपूर्ण एवं उपयोगी पनि छ।

## १.६ अध्ययनको क्षेत्र र सीमा

गाउँले बलदेव अधिकारीको निबन्धहरूको अध्ययन गरी उनको निबन्धकारितालाई स्पष्ट पार्ने काम यस शोधमा गरिने हुनाले उनको निबन्धहरूको विश्लेषण गरी उनको निबन्धकारिताको अध्ययन यस शोधको क्षेत्र हो र निबन्धकारितामा मात्र सीमित हुनु यस शोधको सीमा हो।

## १.७ शोधविधि

### क) सामग्रीसङ्कलनविधि

प्रस्तुत शोधपत्रका निम्ति सामग्री सङ्कलन गर्दा मुख्यतः पुस्तकालयीय सामग्री सङ्कलन विधि अपनाइएको छ । शोधपत्र तयार गर्ने क्रममा पत्र–पत्रिकाहरूको अध्ययन एवं विशेषज्ञहरूसँगको परामर्शलाई समेत आधार बनाइएको छ।

### ख) **विश्लेषणविधि**

सङ्कलित सामग्रीलाई परिचयात्मक, वर्णनात्मक एवं विश्लेषणात्मक पद्धति अँगालेर निबन्धको विधागत स्वरूपको अध्ययन गरी गाउँले बलदेव अधिकारीका निबन्धहरूलाई तदनुरूप विश्लेषण गर्दै उनको निबन्धकारिताको विश्लेषण यस शोधमा गरिएको छ।

## १.८ शोधकार्यको रूपरेखा

बाह्य संरचनालाई व्यवस्थित गर्न यस शोधपत्रलाई ६ परिच्छेद र एक सन्दर्भसामग्रीभाग गरी सात भागमा निम्नानुसार विभाजन गरिएको छ –

प्रथम परिच्छेद : शोधको परिचय

द्वितीय परिच्छेद : निबन्धको सैद्धान्तिक स्वरूप

तृतीय परिच्छेद : गाउँले बलदेव अधिकारीको परिचय र उनको निबन्धयात्रा

चतुर्थ परिच्छेद : गाउँले बलदेव अधिकारीका निबन्धहरूको विश्लेषण

पञ्चम परिच्छेद : सारांश र निष्कर्ष

सन्दर्भसामग्रीभाग

## दोस्रो परिच्छेद

# निबन्धको सैद्धान्तिक परिचय

## २.१ निबन्धको व्युत्पत्ति

साहित्यका प्रमुख चार विधामध्ये निबन्ध छोटो–छरितो र कान्छो गद्य विधा हो। निबन्ध संस्कृत व्याकरणको शब्दनिर्माण प्रक्रियामा 'नि' उपसर्ग लागेको बन्ध धातुमा 'घञ्' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द हो (सुवेदी, वि.सं. २०५६ : १)। यसको व्युत्पत्तिगत अर्थ बाँध्नु, सङ्ग्रह गर्नु वा कसिएको रूप भन्ने हुन्छ। 'निबन्ध' शब्दको खास अर्थ खोज्न संस्कृत व्याकरणमा पुग्नु परेपनि साहित्यिक विधाका रूपमा भने यसलाई अङ्ग्रेजी (Essay)को पयार्यवाची शब्दका रूपमा लिइन्छ । निबन्धको व्युत्पति नि (राम्ररी) + बन्ध (बाँधिएको) = निबन्ध, हुन्छ भनेर भन्ने गरिएको पाइन्छ। उपर्युक्त व्युत्पत्ति अनुसार निबन्ध शब्दको अर्थ राम्ररी बाँधिएको भन्ने हो (शर्मा, वि.सं. २०५५ : ५०३)। नेपाली बृहत शब्दकोश अनुसार कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना नै निबन्ध हो ।

निबन्धले एस्सेको अनुवादरूप अर्थ नसमात्दै पनि पूर्वीय साहित्यमा यसलाई अर्थ्याइएको पाइन्छ। याज्ञवल्क्य स्मृतिमा द्रव्यका अर्थमा र श्रीमद्भगजद्गीतामा सांसारिक मायामा बाँधिने अर्थमा यसको प्रयोग भएको थियो। अहिले प्रयोग हुने निबन्ध शब्द बन्धनको नजिक–नजिक छ र अर्थ सङ्कोच भई साहित्यको एक विधाका रूपमा प्रयुक्त छ (शर्मा, वि.सं. २०४४ : ५)। संस्कृत र नेपालीमा प्रयोग हुनेगरेको 'निबन्ध' र अङ्ग्रेजीको 'एसे' शब्दको व्युत्पत्तिलाई एकै ठाउँमा मिसाएर हेर्दा निबन्धलाई अभिव्यक्तिका लागि सुनियोजित र सुगठित प्रयास गरिएको रचना मानिन्छ। बन्ध धातुमा निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिंड्ने, आत्मा र वस्तु दुवै वा एक पक्षमा केन्द्रित तथा सुरुमा आयामिक र पछि गएर स्वतस्फूर्त पनि हुनसक्ने रमाइलो र छोटो गद्य विधा हो (शर्मा, २०४४ : ४)। आधुनिक निबन्ध शब्दको अर्थलाई पूर्वीय सन्दर्भले स्पष्ट रूपमा प्रस्तुत गर्न सकेको छैन तर पनि निबन्ध शब्दको व्युत्पत्ति खोज्दै जाँदा संस्कृत व्याकरणमा पुग्नै पर्ने हुन्छ।

## २.२ निबन्धको परिभाषा

### २.२.१ पूर्वीय दृष्टिमा निबन्धको परिभाषा

निबन्ध तत्सम शब्द हो। 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ्' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण हुन्छ। यसको व्युत्पत्तिगत अर्थ 'निबध्नातीति निबन्ध' भन्ने हुन्छ। पूर्वीय संस्कृत साहित्यका गद्य वा पद्य जुनसुकै फाँटमा लेखिएका रचनालाई काव्यको संज्ञा दिइने चलन थियो ( सुवेदी, वि.सं. २०४२ : २)। आज आएर निबन्ध शब्दको जुन अर्थ छ त्यो पूर्वीय साहित्यमा पाइँदैन । श्रीमद्भगवद्गीताका अनुसार 'दैवी सम्पद्विमोक्षाय निबन्धाया सुरी मता' अर्थात् सांसारिक मायामा बाँध्ने साधन निबन्ध हो (श्रीमद्भागवद् गीता, अध्याय १६/५)। याज्ञवलक्य स्मृतिका अनुसार

'निबन्धोद्रव्यमेव च' अर्थात् सांसारिक सम्पूर्ण पदार्थ निबन्ध हो भने हेमचन्द्र स्मृतिका अनुसार बन्धन र मूत्र निरोधक ग्रन्थहरू सङ्गहित ज्ञान निबन्ध हो। बाँध्नु, कस्नु, नियन्त्रण गर्नु आदि निबन्ध शब्दको अर्थ हुन्छ (आप्टे, सान् १९६९ : ५२७)। निबन्धकै समानार्थी शब्दका रूपमा प्रबन्ध शब्द पनि संस्कृत साहित्यमा प्रचलित छ। वर्तमानमा प्रचलित निबन्ध विधा र त्यसको स्वरूपका सम्बन्धमा भने पूर्वीय परिभाषाले समेटेको देखिदैन।

## २.२.२ पाश्चात्य दृष्टिमा निबन्धको परिभाषा

साहित्यका प्रमुख चार विधामध्येको कान्छो विधा निबन्धका सम्बन्धमा पाश्चात्य साहित्यका विद्वान्हरूले आ–आफ्नो धारणा प्रस्तुत गरेका छन्। ल्याटिन भाषाको 'एग्जिनियर' शब्दबाट लिइएको अङ्ग्रेजीको 'एसे' शब्दको अर्थ निश्चिततापूर्वक परीक्षण गर्नु भन्ने हुन्छ (वर्मा, सं. २०२० : ४४५)। यही 'एसे' को पर्यायवाची 'निबन्ध' शब्द विश्वसाहित्यमा सोह्रौ शताब्दीदेखि लेखिन थालेको देखिन्छ। आधुनिक निबन्ध विधाका जन्मदाता मोन्तेयले सन् १५६१ पछि आफ्ना रचनालाई फ्रान्सेली भाषामा 'एसे' भनेर प्रकाशित गर्न थालेपछि पश्चिमी साहित्यमा निबन्धको सम्बन्धमा चर्चा परिचर्चा सुरू भएको हो। त्यसपछिका केही पाश्चात्य साहित्यका विद्वान्हरूले निबन्ध विधाको परिभाषा यसप्रकार गरेका छन् :

(क) आधुनिक निबन्ध विधाका जन्मदाता  मोन्तेयले निबन्धको परिभाषा यसप्रकार गरेका छन् : मेरो इच्छा हुन्छ निबन्धमा बिनाआडम्बर सहज र साधारण तरिकाले म स्वयं रूपायित होऊँ, त्यसमा म कुनै वाग्मिता वा कला भर्न चाहन्न मेरो निबन्धको विषय म नै हुँ (शर्मा, २०५७ : ७)।

(ख)  फ्रान्सिस बेकनको परिभाषा छ : छिरलिएका चिन्तनहरूको व्यवस्थित प्रस्तुति नै निबन्ध हो (सुवेदी, २०५७ : ७)।

(ग) डा. जोनसनको परिभाषा यस्तो छ : मनमा आएका भावधारालाई शृङ्खलाविहीन रूपले हठात् गरिएको अभिव्यक्तिको एक टुक्रा नै निबन्ध हो (सुवेदी, २०४२ : १८)।

(घ) सेन्ट व्युभको परिभाषा यस्तो छ : निबन्ध विषयवस्तुको विशिष्ट ज्ञान सञ्चय गरिने भण्डार हो र यो श्रमसाध्य सिर्जना विधा हो ( सुवेदी, २०४२ : १५)।

(ङ) हड्सनको परिभाषा यस्तो छ : मोटामोटी रूपमा कुनै विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ। यसको मुख्य विशेषता हो अपेक्षाकृत संक्षिप्तता र पट्यारलाग्दोपनको अभाव (शर्मा, २०५७ : १२)।

(च) अर्नेस्ट रिजको परिभाषा यस्तो छ : मनोविनोदयुक्त, सुपाठ्य र संक्षिप्त गद्यात्मक रचना निबन्ध हो (सुवेदी, २०४२ : १५)।

(छ) जर्ज क्र्याबका अनुसार निबन्धको परिभाषा : प्रतिभाविहीन स्रष्टाको सस्तो सृजना कार्य निबन्ध हो जसमा न विद्वता, न चिन्तन र न अनुसन्धानात्मक क्षमता रहन्छ (सुवेदी, २०४२ : १५)।

यसरी पाश्चात्य साहित्यका विद्वानहरूले निबन्ध सम्बन्धी आफ्नो धारणा राखेका छन्। जर्ज क्र्याबको परिभाषा भने बेग्लै तथा विपरित धारको देखियो भने अन्य परिभाषाहरू मिल्दा जुल्दा नै छन्। आधुनिक निबन्धको क्षेत्रमा उपर्युक्त परिभाषाहरूले पाश्चात्य जगत्को समग्र धारणा समेट्न सक्छन्। त्यसकारण यी नै पाश्चात्य जगत्का महत्त्वपूर्ण परिभाषाहरू हुन्।

## २.२.३ नेपाली विद्वानहरूको परिभाषा

(क) निबन्धकार लक्ष्मीप्रसाद देवकोटा : यो टेविल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन, न त बमन वेदान्त। ...यो एक किसिमको धुर्त बद्मास ठिटो हो जो सडकमा हिड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन (देवकोटा, २०२० : भूमिकामा)।

(ख) डा. ईश्वर बराल : निबन्ध एक किसिमको कुरा गराई हो। यो हो लेखकका मनमा उठेको भावनाहरूलाई स्वागत कथनका रूपमा यद्गारित गराउने विधा विशेष। आफ्नो गुनासो अरुलाई सुनाउनु, मनको बह पोख्ने काम गर्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु, आन्तरिक सन्देशलाई फिँजाइदिनु मानिसको आद्य सिर्जना हुन्। त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छन् (बराल, सम्पा. २०३० : ७)।

(ग) रामलाल अधिकारी : निबन्ध त्यो विधा हो, लेखकको व्यक्तित्व पाठक समक्ष पूर्णतया प्रकाशमान हुन्छ। यसमा लेखकले उपदेशक नभई आत्मप्रकाशन कै लक्ष्यमा केन्द्रित हुनुपर्दछ – अधिकारी, सन् १९७५ : १०)।

(घ) मोहनराज शर्मा : कुनै विषयबारे सुगठित शैलीमा सविस्तार लेखिएको उद्देश्यपूर्ण र प्रत्ययकारी लघु गद्य रचनालाई निबन्ध भनिन्छ (शर्मा, २०५५ : ५०२)।

(ङ) बदरीनाथ भट्टराई : सत्य वस्तु देखाउने लेखकीय अन्तरज्योतिको शाब्दिक स्वरूप हो (शर्मा, २०४४ : १३)।

(च) बालकृष्ण पोखरेल : सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक। हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृष्य स्रोतालाई सुनाएको गन्थन हो (शर्मा, २०४४ : १३)।

(छ) गोपिकृष्ण शर्मा : बन्धनहीन भनेपनि कसिएको रचना निबन्ध हो र यसमा लेखकको आत्मप्रकाशन अनिवार्य तत्त्व हो (शर्मा, २०४४ : १३)।

(ज) दयाराम श्रेष्ठ र मोहनराज शर्मा : अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभएपनि निस्चित प्रकारको शिलशिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित गद्यात्मक रचनालाई निबन्ध भनिन्छ (श्रेष्ठ र शर्मा, २०५९ : ११५)।

यसरी विभिन्न विद्वानहरूका निबन्धसम्बन्धी परिभाषालाई केलाएर हेर्दा निबन्धकारका विचारहरू निजात्मक वा वस्तुपरक ढङ्गबाट पाठकसामु प्रस्तुत गर्ने आत्मप्रतिपादन, आन्तरिक क्रमबद्धता, कवितात्मकता, विचार, चिन्तन, सम्वेदना आदिको समष्टि रूप नै निबन्ध हो।

## २.३ निबन्धको स्वरूप

कुनैपनि साहित्यिक विधाको परिभाषाले त्यसको स्वरूपलाई निर्धारण गरेको हुन्छ। स्वरूप भन्नाले कुनैपनि विषयलाई पहिचान गराउने तत्त्वहरू वा त्यस्तो पहिचान जसले निबन्ध वा अन्य विधा हो भनेर छुट्याउन सजिलो हुन्छ त्यसैले निबन्धको स्वरूप चिनाउने तत्त्वहरूको समूह नै निबन्धका स्वरूपहरू हुन्। निबन्धको स्वरूप वा तत्त्व समूहका बारेमा पूर्वीय प्राचीन विद्वानहरूले व्यक्त गरेका धारणा वा परिभाषा देखि वर्तमानका परिभाषाकारहरूसम्मका परिभाषालाई केलाएर हेर्नु पर्ने देखिन्छ। फ्रान्सेली निबन्धकार एवं निबन्धका पिता मानिने एम.के मोन्तेयको परिभाषाले निजात्मक निबन्धमा जोड दिएको देखिन्छ। यसर्थ निबन्ध भनेर त्यो रचनालाई मान्नुपर्छ जसमा रचनाकारका निजी धारणा प्रत्यक्ष वा परोक्ष रूपमा मुखरित भएका हुन्छन्। अङ्ग्रैजी निबन्धकार लर्ड बेकन निबन्ध भनेर आफ्नो चिन्तनको अभिव्यक्तिको प्रयासलाई मान्छन्। उनले निबन्धलाई परात्मक वा वस्तुपरक तरिकाबाट हेरेका छन्। यसरी हेर्दा निबन्धका निजात्मक र परात्मक गरी प्रमुख दुई स्वरूप देखापरेपछि अभिव्यक्ति वा शैली पक्षबाट निबन्धको स्वरूपलाई नियाल्न थालियो (शर्मा, २०४४ : १४/१५)। यसरी नै हर्वट रिड भन्छन् : निबन्धको लम्बाई ३५०० शब्ददेखि ५००० शब्दसम्मको हुनुपर्छ। ३५०० भन्दा कम शब्द भए रेखाचित्रमात्र बन्दछ साथै ५००० भन्दा बढी शब्द भए एउटा सामयिक लेख तयार हुन्छ। निबन्धले कुनै जीवनवृत्त वा समृक्षात्मक विश्लेषणको काम गर्दैन यो स्वयंमा व्यक्तिगत भएर पनि विवेचनात्मक भन्दा विषयगत बढी हुन्छ। निबन्ध त्यो रचना हो जसमा लेखकको विचार, वस्तुपरकताको छाया स्पष्ट रूपमा प्रतिविम्बित भएको हुन्छ। विद्यालय तथा महाविद्यालयका विद्यार्थीहरूले लेख्ने असाहित्यिक रचना वा अन्य प्रवन्धात्मक लेखहरूलाई समेत निबन्ध मानिने भएपनि वस्तुतः निबन्ध साहित्यिक गुणयुक्त विशिष्ट र वैयक्तिक रचना विशेष हो (शर्मा, २०४४ : १४/१५)।

यसरी निबन्ध साहित्यिक र असाहित्यिक गरी दुई वर्गमा विभाजित भएको देखिन्छ। साहित्यिक निबन्धमा व्यक्तित्वको छाप कुनैमा बढी र कुनैमा कम हुने भएपनि वैयक्तिकता नै नभएको रचना साहित्यिक निबन्ध बन्दैन। निबन्धकार कहिले आफ्नै निजी भाव विचार अनुभूति र जीवन घटनाका परिमण्डलमा रहेर स्वाधीन अभिव्यक्ति गर्दछ भने कहिले निजी भावना र कल्पनाकासाथ आफूभन्दा परको कुनै विषयवस्तु वा घटनाको वर्णन र विवरण प्रस्तुत गर्दछ। आत्मनिवेदन गर्नु र अर्काका बारेमा बोल्नु निबन्धकारको स्वभाव हो। यसरी उसको मुख्य प्रवृत्ति भनेको कि त आत्म केन्द्रित हुन्छ कि पर केन्द्रित हुन्छ (बराल, २०३० : ३३)।

निबन्ध वस्तुका दृष्टिले दुई किसिमका हुन्छन् : आत्मपरक र वस्तुपरक। वस्तुपरक निबन्ध विषय प्रधान हुन्छ र आत्मपरक निबन्ध संवेदना प्रधान हुन्छ। वस्तुपरक निबन्ध प्रबन्ध धर्मी हुन्छ। यस्ता निबन्धमा के विशेषता देखिन्छ भने वैज्ञानिक र समाजशास्त्रीय सोधखोज, ऐतिहासिक

तिथिमिति, परम्परागत तर्क, वैज्ञानिक सत्य, सिद्धान्त शूत्रहरूको व्याख्या विश्लेषण गर्न सक्ने निबन्त्र वस्तुपरक निबन्ध हो । यसप्रकारका रचनाहरूलाई प्रबन्ध भन्ने गरिन्छ । निजात्मक अनुभूतिलाई अभिव्यक्त गर्ने स्तन्त्र रचना विशेष निबन्ध धर्मी निबन्ध हो। पहिलो वस्तु प्रतिपादनमा जोड दिने खालको हुन्छ भने दोस्रो आत्म प्रतिपादनमा (सुवेदी, २०६३ : ९) । यसरी स्वरूपका आधारमा दूई फँटमा विभक्त हुने निबन्धलाई वस्तु, क्षेत्र र प्रस्तुतीकरणका ढाँचाका आधारमा विविध शाखा प्रशाखामा वर्गीकरण गर्न सकिन्छ :

### २.३.१ आकारगत लघुता

निबन्ध गद्यमा लेखिएको साहित्यिक विधा हो । निबन्ध लघु आकारको हुनुपर्दछ । लघुआकारमा पूर्णता यसको खास विशेषता हो। यदी निबन्धले आकारमा विस्तृतता पायो भने उपन्यास तिर लाग्छ र विचार पक्ष खुकुलो हुन्छ। हर्बट रिडले ३५०० भन्दा माथि र ५००० शब्द भन्दा मुनिको लघुआकारमा निबन्धको रचना हुनुपर्ने बताएका छन्।

### २.३.२ विचारात्मक पक्ष

निबन्धमा स्रष्टाका आवेग संवेग र आन्तरिक धारणाको प्रधानता रहन्छ तर धारणालाई बौद्धिकताले नियन्त्रण गरेको हुन्छ। त्यसैले लेखकलाई विचारको विस्तारका लागि कुनै सीमा रहँदैन । लेखकले तर्क, उदाहरण, प्रमाण आदिद्वारा पाठकलाई आफ्ना विचार मान्न बाध्य बनाएको हुन्छ। यो कुरा अरू विधामा पाइँदैन । कवितामा जस्तै भावनाको ओइरो निबन्धमा पनि लागेतापनि निबन्धमा बुद्धिद्वारा तिनको नियन्त्रण भएको हुन्छ। त्यसैले निबन्ध सीमित विचारलाई प्रस्तुत गर्ने विधा हो।

### २.३.३ वस्तुगतता

अङ्ग्रेजी साहित्यका सशक्त निबन्धकार फ्रान्सिस बेकनले निबन्धलाई नयाँ बाटो प्रदान गर्दै अब निबन्ध निजीपनबाट बाहिरिएर परात्मक वा वस्तुपरक स्वरूप समेत ग्रहण गर्न सक्छ भन्ने नव मान्यता स्थापित गरे। जतिबेला निबन्धकार निबन्ध लेख्न थाल्छ त्यतिबेला आफूले चयन गरेको शीर्षकलाई वस्तुतिष्ठ रूपमा तथ्यहरूलाई तथा तथ्याङ्कलाई आधार बनाएर अभिव्यक्त गर्दछ। निबन्धमा भावतत्त्वको भूमिका त रहन्छ तर वस्तु वर्णन गर्दा त्यो ज्यादै क्षीण रूपमा देखिने गरी वस्तुपरकता उपस्थित हुँदैन। तसर्थ निबन्धको पहिचानमा अहम भूमिका खेल्दै स्वरूप निर्धारण गर्ने तत्त्व नै वस्तुगतता हो।

### २.३.४ आत्मपरकता

मोन्तेय भन्दा पूर्व पनि निबन्ध नलेखिएका हैनन् तर तिनको विषयमा परिभाषा गरी यी तत्त्वको उपस्थितिले कुनै रचना निबन्धको कोटीमा दायर हुन्छ भन्ने कुराको सूचना भने उनी पर्स्व थिएन । जब उनले विषय चिनाए त्यसै समयमा आत्मपरकताको कुरा उठाएर एउटा पहिचान

आत्मतत्त्व हो भन्ने मान्यता स्थापित गरे। कविता, कथा आदिमा पनि आत्मतत्त्व हुन्छ, कवितामा आत्मतत्त्वको प्रवलता भएमा तिलस्मीपूर्ण कथा बन्दछ। यसरी आत्मतत्त्वको प्रयोगमा मौलाउने विधा निबन्ध नै हो। यसर्थ आत्मपरकतामा आधारित लेख नै निबन्ध हो। एउटै शीर्षकमा दूई निबन्धकारले फरक–फरक रचना लेख्दा फरक–फरक नै तयार हुनु आत्मतत्त्वको भूमिका हो।

### २.३.५ आख्यानरहित गद्य भाषा

निबन्धको एउटा स्वरूप गद्यात्मक भाषिक माध्यम र आख्यानरहित हुनु हो। निबन्धमा बौद्धिकता मुछिएको कल्पनाको प्रस्तुति हुन्छ। कथा, उपन्यास जस्ता विधामा आख्यानतत्त्वको समावेश हुन्छ भने निबन्धमा कल्पनातत्त्वको समावेश बढी हुन्छ। यसैगरी निबन्धमा गद्य भाषाको प्रयोग हुन्छ। केही निबन्धलाई टुक्राएर कवितात्मक स्वरूप दिन पनि सकिन्छ। जस्तो देवकोटाको 'के नेपाल सानो छ ?' निबन्धलाई लिन सकिन्छ तर निबन्ध जतिसुकै कवितात्मक अथवा अलङ्कारमय भएतापनि गद्यात्मक अभिलक्षण भने छोडेको हुँदैन।

### २.३.६ भाषागत प्रौढता

विचार र भावनालाई कलात्मक ढङ्गले प्रतिपादन गर्ने विधा निवन्ध हो। अभिव्यञ्जनाको तिब्रता, कवितात्मक प्रवाह, सुललित अन्विति आदिको काम भाषाको परिवक्वताबाट मात्र हुन सक्छ। शब्द, वाक्य, अनुच्छेद र सिङ्गो रचना हुँदै सिङ्गो ग्रन्थ स्तर सम्म पनि अर्थ र गम्भिरता, भाव प्रवीणता र तात्पर्य, श्लेष र ध्वन्यात्मक अर्थ दिनेकाम भाषाले गर्नुपर्ने हुन्छ। यस कामका लागि भाषाले उच्च अभिव्यक्ति र सौन्दर्य प्रवहन गर्ने क्षमता आर्जन गर्न सक्नु पर्दछ (सुवेदी, २०६३ : १०)।

## २.४ निबन्धका तत्त्वहरू

साहित्यका प्रमुख चार विधामध्येको एक सिर्जनात्मक विधा निबन्ध हो। विनाआधार शून्यमा कुनैपनि कृतिको रचना हुँदैन। साहित्यका अन्य विधाहरूमा जस्तै निबन्ध बन्नकालागि पनि आधारभूत तत्त्वहरूको संयोजन हुनुपर्दछ। स्रष्टाले आफ्ना विचारहरूलाई जतिबेला लिखित रूप दिन थाल्छ त्यतिबेला आफूले लेख्ने वस्तुको लेखाइको कला, उद्देश्य, सीप, ढाँचा वा तौरतरिका आदि कुराको आवश्यकता पर्दछ। यी र यस्तै ढाँचा वा तरिकाहरूलाई नै निबन्धका तत्त्वहरू मानिन्छ। निबन्धका प्रमुख तत्त्वहरूका बारेमा विभिन्न समीक्षकहरूले चर्चा गरेपनि अफ्त सम्म यति नै छन् भनी किटानीका साथ प्रस्तुत गरिएको देखिदैंन। ब्रिटानिकाका अनुसार यथार्थ र कल्पना, शैली र लेखकको निजात्मक अनुभूति गरी जम्मा तीनवटा तत्त्व उल्लेख गरिएको छ (ब्रिटानिका, सन् १९९७ : १८५/८६)। यस सिलसिलामा द एसे अ क्रिटिकल एन्थ्रोलोजी सन् १९६३ मा उद्देश्य, विचार, अभिवृत्ति तथा दृष्टिबिन्दु गरी चार वटा निबन्धका तत्त्व उल्लेख गरिएको छ (स्टेवार्ट, सन् १९६३ : हखरहष्ह )।

पूर्वीय तथा पाश्चात्य साहित्यका विद्वानहरूले निबन्धका तत्त्वका सम्बन्धमा आ–आफ्ना धारणा व्यक्त गरेपनि मुख्य रूपमा विषयवस्तु, भाषाशैली, तथा उद्देश्यलाई नै निबन्धका मुख्य तत्त्वका रूपमा लिन सकिन्छ।

## २.४.१ विषयवस्तु

विषयवस्तु निबन्धको प्रमुख तत्त्व हो। यसलाई कतिपय सन्दर्भमा कथ्य पनि भन्ने गरिन्छ। विषय भन्नाले निबन्धको शीर्षक नै हो। विषयरूपी आत्माकै आधारमा निबन्धले मूर्त रूप ग्रहण गर्दछ। लेखकले जेका बारेमा आफ्नो अभिमत प्रकट गर्दछ त्यही नै विषयवस्तु हो। निबन्ध लेखनका निम्ति विषय प्रथम आवश्यक तत्त्व हो। यसको अभावमा निबन्ध रचनाको कल्पनासम्म पनि गर्न सकिन्न। वस्तु शब्दले यहाँ मानव मस्तिष्क र हृदयसँग सम्बन्धित कुरालाई सङ्केत गर्दछ। तसर्थ यो निबन्ध लेखनको अनिवार्य तत्त्व हो। निबन्ध रचनामा जीवन जगत्का जुनसुकै विषयहरूपनि समावेश गर्न सकिन्छ। मूर्त–अमूर्त, स्पष्ट–अस्पष्ट, भूत, वर्तमा र भविष्यत जुनसुकै विषयवस्तुलाई पनि निबन्धकारले आफ्नो रूचीको क्षेत्र बनाउन सक्छ। यसको विषय क्षेत्र व्यापक र विस्तृत छ। मानव मस्तिष्क र हृदयले टिपेका जुनसुकै सन्दर्भ पनि निबन्को विषयवस्तु बन्न सक्छन्। विषयवस्तुलाई निबन्धकारले बिनाअवरोध स्वतन्त्ररूपले प्रस्तुत गर्दछ। विषयमा विविधता र व्यापकताका कारण निबन्धका अनेकौँ प्रकारहरू निर्धारण भएका छन्।

निबन्धका विषयहरू औपचारिक र अनौपचारिक हुन्छन्। विनाविषय निबन्ध लेखन गर्न नसकिने हुनाले विषयवस्तु निबन्ध रचनाको प्रमुख तत्त्व हो। जेका बारेमा निबन्ध लेखिएको हुन्छ त्यही नै निबन्धको विषय बन्छ। निबन्धकारले आफ्नै भोगाइलाई निबन्धको विषयवस्तु बनाएको हुन्छ। यसरी विषयको चयन गर्दा उसले संस्कार, संस्कृति, राजनीति, समाजका समस्याहरू, भ्रमण गर्दाका अनुभवहरू, सभ्यता, सामाजिक व्यक्तित्वका योगदान, राष्ट्रियता, नारी अस्मिता, शैक्षिक अवस्था, स्वैरकल्पना, मानवताबादी चेतना, व्यङ्ग्यात्मकता, ऐतिहासिकता आदि कुराहरूलाई विषयको रूपमा उठान गर्दछ। विचार भनेको चिन्तन, भाव, कल्पना र तर्कना समेत हो। विचार भित्र मानिसमा निहित विश्वास, मूल्य, सोचाई आदि भावका पक्षहरू पनि पर्दछन्। वैचारिक सबलता, विचार र क्रमबीच निकटतम सम्बन्ध, वैचारिक वैपरीत्य, व्यङ्ग्यात्मकता, अर्थसम्प्रेषण जस्ता माध्यमबाट विचार प्रस्तुत गरिन्छ। यसैले निबन्धमा विचारपक्ष महत्त्वपूर्ण मानिन्छ।

## २.४.२ भाषाशैली

निबन्ध गद्य भाषामा लेखिने साहित्यको कान्छो विधा हो। निबन्धको भाषा काव्यिक तथा कविताको निकट रहेको हुन्छ। आलङ्कारिक भाषा पनि निबन्धमा प्रयोग गरिएको पाइन्छ। जस्तै देवकोटाका निबन्धहरूलाई लिन सकिन्छ। विषयवस्तुलाई अरूसमक्ष सम्प्रेषण गर्न तयार गरिएको शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ (शर्मा, २०४४ : १८)। विषय रोज्ने प्रक्रिया प्रायः सबै निबन्धकारको मिल्दो जुल्दो हुन्छ तर त्यसलाई शब्दद्वारा व्यक्त गर्नेक्रममा निबन्धकारको शैलीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। भाषाका रूपतत्त्व देखि लिएर सङ्कथन सम्मको यात्रामा

श्रृङ्खलित भएर रहने तत्त्वको नाम नै शैली हो । भावलाई परिमार्जन गर्न परिमार्जित शैलीको आवश्यकता पर्दछ। यो प्रस्तुतिको ढाँचा पनि हो। शैली सहज र सरल, कठोर बौद्धिक एवं तार्किक र जटिल प्रकारको पनि हुन्छ। यसले निबन्धको संरचक, सङ्गठन र सङ्कथनसम्म भूमिका खेलेको हुन्छ। निबन्धको शैली व्यक्तिपरक, एककालिक तथा कालक्रमिक पनि हुन्छ। यसलाई बनोट र बुनोटको आधारमा सरल, जटिलको आधारमा संक्षिप्तता, विस्तृतताका आधारमा सहज र तार्किक रूपमा आगमनात्मक, समासात्मक, व्यास र सरताका आधारमा पनि व्याख्या गर्न सकिन्छ। यसक्रममा निबन्धको वैचारिक विषय प्रतिपादनको शैली स्थापना गर्ने सन्दर्भमा, सिसेरोको प्रवचन कला, बाइबलको व्याख्या कलालाई युगौँ युगसम्म प्रभावपार्ने शैलीका रूपमा व्याख्या गरिएको छ । यसको कारण के हो भने पाठकले सहज रूपमा ग्रहण गर्न सक्ने र एकपटक ग्रहण गरिसकेपछि सँधै स्मृतिमा रहने सहज र प्रभावकारी शैली हुनुले नै हो (ब्रिटानिका, सन् १९९७ : १८४/८६)। निबन्धका सम्बन्धमा विषयवस्तुका दृष्टिले गहन र चिन्तनका दृष्टिले गम्भिर स्थितिको उद्घाटन गर्दा हल्का व्यङ्ग्यात्मकता, पदपदांशको प्रयोगमा अनुप्रासिकता, कथन पद्धतिमा वाग्वैद्यता जस्ता सरल र रूचीकर शैलीगत विशेषताहरू अनुकूल मानिन्छन्। शैलीका पनि समास शैली, व्यास शैली तथा चेतनप्रवाह शैली जस्ता भेद रहेका हुन्छन्।

### २.४.३ उद्देश्य

कुनै पनि विषयमा निबन्ध लेख्न तयार हुँदा निबन्धकारले कुन कुरा पुरा गर्ने चाहना राखेको हुन्छ त्यसलाई नै प्रयोजन वा उद्देश्य भनिन्छ। साहित्य सिर्जना विनाउद्देश्य हुँदैन। बिन्धविधा साहित्यका प्रमुख विधा मध्येकै एक भएकाले यसको सिर्जना निश्चित उद्देश्यद्वारा अभिप्रेरित भएर गरिन्छ। विना उद्देश्उ सिर्जित निबन्ध निरर्थक हुन्छ यसर्थ निबन्धकारको प्रमुख उद्देश्य संक्षिप्त आयाममा जीवनका भोगाइ, अनुभूति, भावना र विचारको प्रस्तुति गर्नु रहेको हुन्छ। निबन्धको उद्देश्य पाठकलाई गम्भिर चिन्तनमा संलग्न गराई वास्तविक सन्सारबाट काल्पनिक सन्सार तर्फ डोहोऱ्याउनु हो। निबन्धकारले उपर्युक्त भाषाशैलीको प्रयोग गरी पाठकलाई मोहनी लगाउने र आनन्द दिने कार्य गर्दछ। यसका प्राथमिक उद्देश्य लेखकले अवलम्बन गरको मूल विषयका सम्बन्धमा पाठकसँग सोझैकुरा गर्नु सम्बन्धित विषयमार्फत शिक्षा दिनु, तर्क गर्नु, विश्वास बढाउनु, संवेग वृद्धि गराउनु र प्रभावित पार्नु जस्ता हुनसक्छन्।

माथि उल्लेख गरिएका उद्देश्यहरू मध्ये सबै या केही उद्देश्यहरू नै निबन्धकारले आफ्ना निबन्धहरूमा प्रस्तुत गर्ने हुँदा यी उद्देश्यहरू नै निबन्धमा हुन्छन्। उद्देश्य निबन्ध रचनाको एउटा प्रमुख तत्त्व हो। उद्देश्य निश्चित गर्न निबन्ध आद्योपान्त अध्ययन गर्नु र बुझ्नु पनि आवश्यक हुन्छ (स्टेवार्ट, सन् १९६३ : ह्हह्छ)। यस भनाइलाई अध्ययन गर्दा निबन्ध रचनाका लागि उद्देश्य अनिवार्य तत्त्व हुने र त्यसको सुरू देखि अन्त्य सम्मको अध्ययनबाट मात्र उद्देश्य निर्धारण गर्न सकिने कुरा स्पष्ट हुन्छन्।

यसरी विभिन्न विद्वानहरूको धारणा र अध्ययन पश्चात समग्रमा निबन्ध रचनाका निम्न उद्देश्यहरू निर्धारण हुन्छन् :

(क) सूचना वा ज्ञान प्रदान गर्नु,

(ख) आफ्नो मत द्वारा पाठकलाई सहमतिमा ल्याउनु,

(ग) अनुभवहरूको प्रकटीकरण गर्नु,

(घ) घटनाको यथार्थपरक वर्णन गर्नु आदि ।

## २.५ निबन्धको वर्गीकरण

साहित्यका अन्य विधाहरूमध्ये निबन्ध अत्यन्त वैयक्तिक विधा हो । विषयवस्तु र भाषाशैलीको विविधता तथा रचनात्मक अनेकताका कारण निबन्ध स्वयंमा जटिल बन्न पुगेको देखिन्छ। त्यसकारण निबन्धको वर्गीकरणलाई कुनै निश्चित आधार र मापदण्ड तयार गर्न कठिन छ। निबन्ध गद्य लेखनको स्वतन्त्र प्रक्रिया हुनाले यसमा नयाँ-नयाँ प्रयोग पनि भइरहेका हुन्छन्। त्यसो हुनाले वर्गीकरण गर्ने प्रयास निबन्धको रूप पहिचान गरेर निबन्धमा प्रवेश गर्ने द्वार मात्र हो ( शर्मा, २०४४ : २६) । यसकारण निबन्धलाई साहित्यका अन्य विधासरह स्पष्ट वर्गीकरण गर्न नसकिने देखिन्छ। विभिन्न विद्वाहरूले भिन्न-भिन्न दृष्टिकोण राखेर निबन्धको वर्गीकरण गरेका छन्।

आधुनिक निबन्धको प्रारम्भमा नै आन्तरिक र बाह्य गरी दुई रूपमा वर्गीकरण गरेको देखिन्छ। आधुनिक निबन्धका पिता मानिने मोन्तेयले आत्मपरकतामा जोड दिएका छन् भने बेकनले वस्तुपरक रूपलाई पनि देखाएका छन्। यसरी आत्मपरक र वस्तुपरक दुई रूपको प्रारम्भ भएपछि उत्तरवर्ती विद्वानहरूले यिनै रूपभित्र विविध रूप बनाएर वर्गीकरण गरिएको देखिन्छ। हिन्दी साहित्यका समीक्षक आचार्य रामचन्द्र शुक्लले शैलीका आधारमा निबन्धका विचारात्मक, भावात्मक र वर्णनात्मक गरी तीन रूप हुन्छन् भनेर व्याख्या गरेका छन् (शुक्ल, २०१८ : ४८२)। यसरी नै गुलाब रायले वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी चार प्रकारमा निबन्धको वर्गीकरण गरेका छन् (राकेश, सन् १९६५ : ९)। त्यस्तै विश्वनाथले विषय र प्रवृत्तिलाई आधार मानी आत्मनिष्ठ र वस्तुनिष्ठ गरी निबन्धलाई दुई प्रकारमा वर्गीकरण गरेका छन् (विश्वनाथ, सन् १९७३ :१६१) । यसरी हिन्दी साहित्यमा निबन्धको विविध प्रकारले वर्गीकरण गरी अध्ययन विश्लेषण गरिएको देखिन्छ।

नेपाली साहित्यमा पनि निबन्धको स्पष्ट वर्गीकरण भएको देखिँदैन। डा. ईश्वर बरालले निबन्धलाई निजात्मक र परात्मक अथवा वैयक्तिक र निर्वैयक्तिक हुन्छन् भनी वर्गीकरण गर्दै निजात्मकलाई निबन्ध र परात्मकलाई प्रबन्ध भनेका छन् (बराल, सम्पा.२०३०: ३६) । नेपाली साहित्यका अर्का विद्वान तारानाथ शर्माले निबन्धलाई आतमपरक र वस्तुपरक गरी दुई भागमा वर्गीकरण गरेका छन् (शर्मा, २०५२ : १३)। यसरी विभिन्न विद्वानहरूको परिभाषा र वर्गीकरणलाई हेर्दा निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई रूपमा वर्गीकरण गरी त्यसभित्र छिरेर अध्ययन

गर्न सकिने देखिन्छ। समालोचक राजेन्द्र सुवेदीले निबन्धलाई वस्तु, क्षेत्र र प्रस्तुतीकरणका ढाँचाका आधारमा विविध प्रशाखामा वर्गीकरण गर्न सकिन्छ भन्दै यसरी बगीकरण गरेका छन् :

आत्मपरक : विचारात्मक, भावात्मक र वैयक्तिक

वस्तुपरक : निबन्ध – वर्णनात्मक र विवरणात्मक

प्रबन्ध – प्रलेख, लेख, जीवनी, यात्राविवरण, शोधलेख, शोधप्रबन्ध, भूमिका, आत्मजीवनी, सम्पादकीय, प्रतिवेदन, टिप्पणी र सन्धीपत्र (सुवेदी, २०६३ : ९)।

यसरी नेपाली साहित्यमा निबन्धको विभिन्न प्रकारले वर्गीकरण गरी अध्ययन गरिदै आएको देखिन्छ। पूर्वीय तथा पाश्चात्य विद्वानहरूको निबन्धको वर्गीकरण सम्बन्धी धारणको अध्ययन गरिसकेपछि समग्रमा निबन्धको वर्गीकरण निम्नानुसार गर्न सकिन्छ :

१. आत्मपरक : विचारात्मक, भावात्मक र वैयक्तिक

२. वस्तुपरक : वर्णनात्मक र विवरणात्मक

३. प्रबन्ध : प्रलेख, लेख, जीवनी, यात्राविवरण, शोधलेख, शोधप्रबन्ध, भूमिका, आत्मजीवनी, सम्पादकीय, प्रतिवेदन, टिप्पणी, सन्धीपत्र आदि।

## २.६ निबन्ध र प्रबन्ध

संस्कृतमा निबन्धकै समानार्थी शब्दका रूपमा प्रबन्ध शब्द पनि प्रचलित छ। 'नि' उपसर्ग रहेको 'बन्ध' धातुमा 'घञ्' प्रत्यय जोडिएर निबन्ध र 'प्र' उपसर्ग रहेको 'बन्ध' धातुमा 'घञ्' प्रत्यय जोडिएर प्रबन्ध शब्दको निर्माण भएको हो। प्रबन्ध शब्दले विशेष किसिमले बाँधिएको बन्धन् र निबन्ध शब्दले जसद्वारा बाँधिन्छ त्यो वस्तु भन्ने अर्थ दिन्छ (अधिकारी, सन्.१९७५ : १३०)। बङ्गाली साहित्यमा निबन्धलाई प्रबन्ध नै भनिन्छ भने हिन्दी साहित्यमा पनि निबन्ध र प्रबन्धलाई एउटै अर्थमा प्रयोग गरिएको देखिन्छ। नेपाली साहित्यमा पनि निबन्धलाई प्रबन्ध भन्ने गरिएको पाइन्छ।

निबन्ध र प्रबन्ध शब्दको उत्पत्तिगत अर्थ, साहित्यिक प्रयोग, विभिन्न विद्वानहरूको धारणा आदिको अध्ययन गरिसकेपछि साहित्यिक गुणयुक्त रचनालाई निबन्ध र साहित्यिक गुण नरहेको व्यवहारिक लेखनलाई प्रबन्ध भन्नु उपयुक्त देखिन्छ। यहाँ निबन्धकै प्रकारमा प्रबन्धलाई समाविष्ट गरेर अध्ययन गरिएको छ तर प्रबन्धलाई छुट्टै विधाको रूपमा विकास गर्न सकिने स्थिति पनि देखा परेको छ। निबन्धको विषयक्षेत्रको कुनै सीमा रहन्न भने प्रबन्धको विषय क्षेत्रको सीमा रहने देखिन्छ। निबन्ध बन्धनमुक्त लेखन हो भने प्रबन्धमा केही बन्धन रहने देखिन्छ। यसरी निबन्ध र प्रबन्ध नजिकका केही समान र केही फरक गुणयुक्त विधाका रूपमा रहेका छन्।

## २.७ निष्कर्ष

साहित्यका प्रमुख चार विधा मध्येको कान्छो विधा निबन्ध निकै नै लोकप्रिय बनेको छ। निबन्ध कुनै पनि बन्धन नभएको विधाका रूपमा देखिएको छ। पूर्वीय संस्कृत साहित्यमा बाध्नु भन्ने अर्थमा प्रयोग भएको निबन्धले आधुनिक युगमा आएर साहित्यको छुट्टै विधाको रूपमा मान्यता पाई लोकप्रियता पनि कमाएको छ। आधुनिक निबन्धको प्रारम्भ फ्रान्सका मोन्तेयबाट भएको देखिन्छ। उनले निबन्ध आत्मकेन्द्रित हुन्छ भनेका छन्। पछि गएर इङ्ल्याण्डका विद्वान बेकनले निबन्धलाई वस्तुपरक ढङ्गबाट पनि चिनाएका छन्। यसरी दुई विद्वानको दुई फरक धारबाट निबन्धको मुख्य दुई प्रकार : आत्मपरक र वस्तुपरक भनी निर्धारण भएको छ। संरचनाको दृष्टिले पनि निबन्ध छोटो छरितो र रसिलो विधा हो। निबन्धकारले आफ्ना निबन्धमा आफ्नै निजी धारणा र विचार प्रस्तुत गरेको हुन्छ र पाठकलाई पनि उसकै विचारमा सहमत गराउन कसरत गरिरहन्छ।

विश्व साहित्यमा छिटै लोकप्रिय बनेको विधा पनि निबन्ध नै हो। निबन्धमा यस्ता खाले विषयवस्तु समेटिनु पर्छ भन्ने कुनै सीमा नरहने हुनाले लेखकले जस्तोसुकै विषयमा पनि निबन्ध लेख्न सक्छ र आफ्ना भाव तथा विचारहरू प्रकट गर्न सक्छ। त्यसकारण समग्रमा भन्नुपर्दा जुनसुकै विषयमा स्वतन्त्र ढङ्गले आफ्ना विचारहरू प्रवेश गराउँदै स्वतस्फूर्त रूपमा सिर्जना गरिने लघु आयामको गद्य विधा नै निबन्ध हो।

## तेस्रो परिच्छेद

# गाउँले बलदेव अधिकारीको परिचय र उनको निबन्धयात्रा

## ३.१ विषयप्रवेश

यस परिच्छेदमा बलदेव अधिकारीको व्यक्तित्वको सामान्य परिचय, उनको कृतित्वको चर्चाका साथै उनको निबन्धयात्रा र निबन्धगत प्रवृत्तिको समेत अध्ययन गरिएको छ। यस क्रममा व्यक्तित्वमा उनको जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमि, बाल्यकाल, बसोबास, जागिरे जीवन, संलग्नता, सिर्जनाहरू, पुरस्कार तथा सम्मानबारे चर्चा गरिएको छ भने उनको निबन्धयात्रालाइ्र दुई भागमा विभाजन गरी अध्ययन गर्दै उनका निबन्धगत प्रवृत्तिको सामान्य चर्चा गरिएको छ।

## ३.२  जन्म र जन्मस्थान

गाउँले बलदेवको जन्म बि.सं.२०१८ जेठ ५ गते विहीवार चतुर्थी तिथिका दिन बाग्मती अञ्चल, धादिङ जिल्लाको सदरमुकाम सुनौला बजार १, नेवारपानीमा पिता ज्ञानेन्द्रप्रसाद अधिकारीका तीन श्रीमतीमध्ये कान्छी श्रीमती गङ्गादेवीका सुपुत्रका रूपमा भएको हो(शर्मा, २०६८:१४)। जन्म कुण्डली अनुसार यिनको नाम छविरमण शर्मा अधिकारी भए पनि बाल्यकालमा बोलाउने नाम बलदेव थियो। विद्यालय, विश्वविद्यालय तथा नागरिकता प्रमाणपत्रमा भने यिनको जन्ममिति २०१६ साल जेठ ५ गते रहेको छ। तत्कालीन पञ्चायती प्रशासनको बक्रदृष्टिबाट बाँच्न गाउँलेले बलदेव गाउँले, गाउँले बले, छिचरो गाउँले आदि छद्म नाम राखी तत्कालीन व्यवस्थाविरुद्ध गाउँमा प्रजातान्त्रिक विचारलाई अगाडि बढाउने कार्य गरेको देखिन्छ।

यिनका पिता कर्मचारी, ठेकेदार तथा व्यपारी समेत भएकाले यिनको बाल्यकाल सुखद रह्यो। बाल्यकालमा यिनी अत्यन्त चतुर र तीक्ष्ण बुद्धिका उनले तीन वर्षकै उमेरमा चौध अञ्चल र पचहत्तर जिल्लाका नाम कण्ठ पारेका थिए।  यिनी २०२२ सालको जिल्लाव्यापी शिशु प्रदर्शनीमा प्रथमसमेत भएका थिए(शर्मा, २०६८:१४)। यिनका तीन माता जेठी राधिकादेवी, माइली भीमकुमारी र कान्छी गङगादेवी रहेकोमा हाल जेठीआमाको निधन भइसकेको अनि माइली आमा माइतमा नै रहेकी छन्।

## ३.३ बाल्यकाल

गाउँलेको बाल्यकाल बाबु आमाको ममतामा सुख पूर्वक नै बितेको देखिन्छ। शैक्षिक वातावरणमा काठमाडौंबाट शिक्षक झिकाएर घरमै अध्ययनको सुअवसर प्राप्त गरे पनि उनको अध्ययन औपचारिक नभएर अनौपचारिक रूपमा भएको देखिन्छ। सानैदेखि तीक्ष्ण बुद्धि भएका गाउँले बाल्यकालदेखि नै प्रतिभाशाली र जिज्ञासु स्वभावका हुनुका साथै हृष्टपुष्ट पनि थिए। बाल्यकालको अतिततर्फ फर्केर बलदेव गाउँले भन्छन्ः– म मेरा समवयस्कभन्दा बढी जान्ने सुन्ने तथा केटाहरूमा सबैभन्दा बढी राम्रो थिएँ। त्यसैले सबैजना मलाई माया गर्थे। गाउँले २०२२ सालमा धादिङ् जिल्लामा भएको शिशु प्रदर्शनीमा प्रथम भएका थिए। गाउँलेसँग हिड्न पाउँदा यिनका समवयका साथीहरू खुसी हुन्थे। तत्कालीन समयमा जातीय भेदभाव हुने भए पनि गाउँले तल्लो

वर्गका व्यक्तिहरूलाई साथी बनाउने तथा तिनीहरूका घरमा बसी खाना खाने जस्ता कार्य गरी सबै एक हौँ भन्ने भावना राख्दथे।

गाउँलेका तीन माता भएकाले गाउँले सानै छँदा पिता र माता अलगअलग बसेका कारण पिता माताको ममता एकै साथ नपाएकाले मातासँग बस्दा संसारकै गरिब र पितासँग बस्दा आफूलाई राजकुमार भएको मिश्रित अनुभूति गर्थे। सानैदेखि बाबुको लाडप्यार, अगाध माया र स्नेह पाएका गाउँले सबै उमेर र वयका व्यक्तिसँग ठट्टा गर्ने स्वभाव अद्यावधिक रहेको छ। सानैमा अत्यधिक चकचके र चञ्चले गाउँले गाउँमा रमाइलोको लागि फलफूल चोर्ने समूहका नाइके समेत थिए। गाउँमा दुर्लभ मानिएको हाइस्कुल ग्रामर नामक पुस्तक चोरेर घरमा देखाउन डराएर दुई दिनसम्म माटोमा पुरेर लुकाएको रमाइलो घटना सुनाउँछन्। साथीहरू रामनाथ,कमला,गोकर्ण आदिका साथमा तास खेल्नु, रुखमा चढ्नु, फलफूल टिप्नु, चराका गुँड खोज्नु, रुखबाट लडेर हात भाच्नु जस्ता यिनका बाल्यकालका अविस्मरणीय घटनाहरू रहेका छन्। बाबुराम अधिकारीको सङ्गतमा जाडो भगाउने उद्देश्यले बाह्र वर्षको उमेरमा नै चुरोट खान सिकेको बताउने गाउँले ठाउँ, समय र व्यक्ति अनुसारको व्यवहार गर्ने यिनको बाल्यकालीन परिचय  ठाउँ र व्यक्तिविशेषबाट प्रभावित भएको बुझिन्छ। उति बेला आफूलाई मासु खाने गिद्ध भन्ठान्ने यिनी अचेल मांसभक्षणको विपक्षमा छन्( शर्मा, २०६८:१६) । समग्रमा भन्नु पर्दा यिनको बाल्यकाल ससुखमय तरिकाले मनोरञ्जनपूर्वक खेलकुद र अध्ययनसँग घुलमिल भई बितेको देखिन्छ।

## ३.४ शिक्षा दीक्षा

शिक्षित परिवारमा जन्मेका गाउँलेको अक्षरारम्भ बोली फुट्दा नफुट्दै भएको थियो। घरको आर्थिक अवस्था सम्पन्न भएका कारण पिता र जेष्ठ पिताको संयुक्त लगानीमा गाउँमै निजी विद्यालय सञ्चालन गरिएको थियो । यिनले गुरु डिल्लीराजका सान्निध्यमा रहँदा औपचारिक अक्षरारम्भ सुरु हुनुपूर्व नै बाह्रखरी फुटाइसकेका थिए तापनि यिनको औपचारिक शिक्षा २०२२ सालको श्रीपञ्चमीका दिनदेखि घरैमा शिक्षक राखी आरम्भ भएको देखिन्छ(शर्मा, २०६८:१६)।

तत्कालीन अवस्थामा पनि चार वर्षको उमेरदेखि नै गाउँकै संस्कृत पाठशालामा कक्षा आठसम्म अध्ययन गरेका गाउँलेले कक्षा नौ देखि रानीपोखरी संस्कृत पाठशालामा पढन थालेका र नौ मा पढ्दै गर्दा प्र.जि.अ.को कार्यालयबाट एकमुष्ठ ३०० छात्रवृत्ति समेत पाएका थिए। २०३२ सालमा रानीपोखरी संस्कृत पाठशालाबाट संस्कृत साहित्य मूल विषय लिई पूर्वमध्यमा उत्तीर्ण गरेका गाउँलेका पिताको चाहना उनलाई ठेक्कापट्टामा लगाउने भए पनि उनले पढाइ रोजे। जसले गर्दा उनको पढाइका लागि पैतृक खर्च टुट्यो। वाल्मीकि क्याम्पसले मासिक ६० रुपियाँ  दिन्थ्यो। त्यसै मध्येबाट किताब, कापी, तेल, मसला, तरकारी आदि सबै पुऱ्याएर मासिक १० रुपियाँ डेरा भाडा तिर्थे। भुरुङखेलमा घुँडा खुम्च्याएर सुत्नुपर्ने डेरा पाएका थिए। घरबेटीको गाईलाई भनेर फालिएका काउलीका पात ल्याएर तरकारी टार्नुपर्थ्यो। भोक लागेर रन्थनिएको एक दिन टुँडिखेलमा कसैको पैसा झरेको होला कि भनेर धुइँधुइँती खोज्दै हिँडेको क्षण उत्तिकै मार्मिक र रोचक छ। राष्ट्रवादी विद्यार्थी मण्डलमा सदस्यता नलिएको कारणबाट छात्रवृत्तिमा समेत बाधा पुग्न सक्ने ठानेर प्रमाणपत्र तहको तेस्रो सिमेस्टर पढ्दापढ्दै गाउँले गाउँ फर्किए। उनी शिक्षकको जागिर खाँदै प्राइवेट परीक्षा दिने निर्णयमा पुगे। उनले पढ्न छाडेको थाहा पाएर गाउँ फर्क जिल्ला समितिका सदस्य सचिव

गोपीनाथ रिजालले एक महिनाको भत्ता दिएर बनारस पढ्न पठाउन लागेका थिए तर माताको आज्ञा नपाएका करण यिनको वनारस जाने कार्यक्रम स्थगित भयो(शर्मा, २०६८:१७) । २०४२ देखि भानुभक्त मेमोरियल उच्च मा.वि. पानीपोखरीमा अध्यापन गर्दैगर्दा  विभागीय प्रमुख कृष्णप्रसाद घिमिरे मैदेलीज्को आदेश अनुसार प्रश्नपत्र सच्याउने सिलसिलामा एकजना दुईदुई विषयको डिग्री लिएकी शिक्षिकाले "बलदेव सर, आई एम सिनियर देन यु" भनेपछि गाउँलेले दुई वर्षमै राम्रो अङ्क ल्याएर बाल्मीकि विद्यापीठ, काठमाडौँबाट शास्त्री (स्नातक) पनि उत्तीर्ण गरे । यसै गरी त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुरबाट २०५५ सालमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरे । आफ्नो अध्ययनका लागि प्रेरणादायी व्यक्तित्वका रूपमा भान्जाभाइ तथा शिष्य भरत भट्ट तथा भतिज नारायण अधिकारीले प्रेरणा र हौसलाको स्मरण आजसम्म पनि गर्दछन्(लेखकबाट जानकारी) । अध्ययन परीक्षाका लागि नभएर जान्नका लागि हुनु पर्दछ भन्ने गाउँलेले नेपाल संस्कृत विश्वविद्यालयबाट **नेपाली वर्णविन्यासमा संस्कृतको प्रभाव** शीर्षकको शोधमा विद्यावारिधि समेत गरेका छन् र अनौपचारिक गरिने ज्ञानार्जनमा भने यिनी हालसम्म पनि गतिशील हुँदै आएका छन् ।

## ३.४ उपनयन संस्कार

वैदिक सनातन धर्म संस्कृति तथा हिन्दू  संस्कारअनुसार गाउँलेको उपनयन संस्कार ( ब्रतबन्ध) २०२६ सालमा ८ बर्षको उमेरमा आफ्नै घरमा सम्पन्न भएको हो । यिनलाई गायत्री मन्त्र एवं वेद मन्त्र सुनाउने गुरु आफ्नै काइँला बुवा डण्डपाणि अधिकारी हुन् (शर्मा, २०६८:१९)।

## ३.५ बसोबास

हरेक मानिसका अनेक बाध्यता विवशता र परिस्थितिहरू हुन्छन्, इच्छा हुन्छन् । यिनै परिस्थितिहरूलाई समायोजन गरी व्यवस्थित जीवन निर्वाहका लागि मानिसले अनेक प्रयत्नहरू गर्ने गर्दछ । यिनै प्रयासलाई सार्थकतामा परिणत गर्ने उद्देश्यले मानिस एक टुङ्गोमा आइपुग्छर जीवनयापनको क्रमलाई अगाडि बढाउछ । गाउँलेको जन्म सम्पन्न परिवारमा भए पनि तीन आमा र बुवा सबै छुट्टाछुट्टै बसेकाले अध्ययन र जागिरको सिलसिलामा री गाउँ विकास समिति अन्तर्गत ताजिम्राङ भन्ने गाउँको शीतला देवी प्रा.वि.मा उनी खटिए, एस.एलसी. उत्तीर्ण गरेको पहिलो शिक्षकका रूपमा लापा प्रावि.को प्र.अ. भएर लापा पञ्चकन्या नि.मा.वि.मा सरुवा र २०४२ देखि भानुभक्त मेमोरियल उच्च मा.वि. पानीपोखरीका शिक्षक समेत भई कार्य गरे(लेखकबाट जानकारी) । गाउँले मध्यम वर्गीय परिवारमा जन्मेकोले अध्ययन र जागिरको सिलसिलामा यताउता भौँतारिए पनि यिनको स्थयी बसोबास भने काठमाडौमा रहँदै  आएकोछ । सुनौला बजार-१ नेवारपानीमा जन्मेका यिनको भूमिसुधारमा परेर केही जमिन गुमेपछि आर्थिक सङ्कटका अवस्था आए । यिनै समस्याहरूका कारण काठमाडौँमा आएर अध्यापन र ट्युसन पढाएर त्यसबाट प्राप्त आयबाट केही जग्गा जोडेर, आमाका गहना राखी बैँकबाट पैसा निकाली काठमाडौँ वडा नं.४ नयाँ नैकापमा आमाको नाममा गङ्गादेवि निवास नामकरण गरी त्यही घरमा बस्दै आएका  छन् ।

## ३.६ पारिवारिक पृष्ठभूमि

गाउँलेको मावलपट्टिका हजुरबा तथा मामाहरू पौरोहित्य कर्मबाट जीविका चलाउँथे, पन्डित्याइँ गर्थे । मामा दत्तात्रय रेग्मी अहिले पनि रेग्मी पण्डितका नामले विख्यात छन् । बुढो मावलका हजुरबा पण्डित प्रेमनाथ पोखरेल राणकालमै मेजर पण्डित थिए। घरपट्टिका बाजे पण्डित परमानन्द अधिकारी कपडा व्यापारमा सफलता प्राप्त गरी धादिङ जिल्लाकै धनी हुन पुगेका थिए । सम्पन्न भएपछि व्यक्तिगत लगानीमा वृत्तिको व्यवस्था गरी विद्वान्‌हरूलाई घरमै राखेर पुराण तथा ज्योतिष विद्या पढेका परमानन्द भागवत पाठ नगरी भोजन गर्दैनथे(शर्मा, २०६८:२२)। तिनै पुरुषका कान्छा छोरा ज्ञानेन्द्रप्रसाद अधिकारीका तीन पत्नी स्व. राधिका देवी, भीमकुमारी तथा गङ्गादेवीमध्ये कान्छी गङ्गादेवीपट्टिबाट गाउँलेको जन्म भएको हो। गाउँलेका पिता ज्ञानेन्द्रप्रसादको जेठी श्रीमतीसँग विवाह भएको धेरै वर्षसम्म सन्तान नभएपछि माहिली श्रीमतीसँग विवाह भयो । माइतमा दाजुहरू स्वर्गीय भएर भाउजू पनि अंश लिई माइत बसेको कारण आमाको संरक्षण गरी बसेकी तीस वर्षीया गङ्गादेवीसँग त्यसै वर्ष तेस्रो विवाह भयो। तेस्रो विवाहको मूल उद्देश्य सन्तानप्राप्ति नै थियो। हरिवंश पुराण आदि धार्मिक अनुष्ठानपछि जेठी धर्मपत्नीबाट एक सुपुत्री सावित्रीको जन्म भएपछि कान्छीपट्टिबाट डन्डकुमारीको जन्म भयो । त्यसपछि जेठीबाटै अर्की छोरी भगवतीको जन्म भयो । २०१७ चैत्रमा ज्येष्ठ सुपुत्र रामजीको जन्म भएको डेढ महिनापछि माहिलो छोराका रूपमा कान्छीपट्टिबाट गाउँले बलदेवको जन्म २०१८ जेठ ५ गते भयो।

पिता, तीन आमा, आठ दिदीबहिनी र सात दाजुभाइ, बाल विधवा फुपू दिदी टीकादेवी लम्साल र तीनचारजना कामदारसमेत सबैजना हुँदा गाउँलेको परिवारका सदस्य दुई दर्जनभन्दा बढी हुन सक्थे। तर गाउँले जन्मनुभन्दा पहिलेदेखि नै तीन आमाका तीन परिवार तीन घरमा थिए। जेठी आमालाई शिक्षित, साहसी र आर्थिक रूपले सम्पन्न फुपू दिदीको दरिलो संरक्षण थियो(लेखकबाट जानकारी)। जेठी आमापट्टि दिदीहरू स्व. सावित्री दाहाल, भगवती पण्डित, दाजु रामजी अधिकारी, बहिनी इन्दिरा रेग्मी र भाइ अर्जुन अधिकारीको जन्म भयो । माहिलीपट्टि भाइ केशव अधिकारी, स्व. विनोद तथा पुष्प र बहिनीहरू शशीकला नेपाल तथा कल्पना नेपालको जन्म भयो। पिताको संरक्षण कहिले जेठी आमालाई र कहिले माहिली आमालाई हुन्थ्यो। केही समय आदमघाटमा छँदा कान्छीलाई पनि संरक्षण प्राप्त भएको थियो। राम्ररी बोली फुटिसकेको अवस्थामा भाइ चाहिँ पिता भूमिसुधारको जागिर खाने क्रममा टाढाको गाउँतिर काजमा गएकै बेला खसेका थिए। पछि २०२७ साल साउनमा बहिनी शकुन्तला नेपाल जन्मिइन्। गाउँलेको परिवारमा चारजना बाँकी रहे। २०२७ सालमै दिदी डन्डकुमारीको विवाह भयो। गाउँले र उनका दाजु रामजीको व्रतबन्ध दिदी सावित्रीको विवाहकै सन्दर्भमा २०२६ साल माघ महिनामा सम्पन्न भइसकेको थियो। गाउँलेको विवाह २०३५ मा सत्र वर्षकै कलिलो उमेरमा सम्पन्न भयो। बहिनी शकुन्तलाको पनि २०४० मा विवाह भयो( शर्मा, २०६८:२३)।

परिवारका प्रत्येक सदस्य एकअर्कासँग मित्रवत् व्यवहार गर्दछन् । प्रत्येक सदस्यहरू आत्मनिर्णयका लागि स्वतन्त्र छन् तर सबै अनुशासित छन्। आत्मानुशासनमा अभ्यस्त ती सबैले घरमूली गाउँलेसँग निर्धक्क बोल्ने छुट छ। उँचनीचको विभेद नगरी साँझका पाहुनालाई देउता मान्नु

यस परिवारको धर्म हो। पहिलेदेखि नै तिन परिवारमा विभक्त तिन आमाका सन्तान र परिवारका बिच अनुकरणीय एकता पाइन्छ। सौतेनी दुर्व्यवहारको आभास पनि पाइँदैन।

## ३.७ कार्य क्षेत्र

जीवनयापनको क्रममा प्रत्येक व्यक्तिले विभिन्न क्षेत्रमा कार्य गरेको हुन्छ। गाउँलेले पनि विभिन्न संघ संस्थामा रहेर कार्य गरिसकेका छन् र हाल पनि गरिरहेका छन्। जीवनका विभिन्न क्षेत्रमा कार्य गर्दा कहिले निःशुल्क त कहिले सशुल्क काम गरेका छन्। त्यसैले यिनको कार्य क्षेत्रको अध्ययन गर्दा जागिरे जीवन र संस्थागत संलग्नतामा विभाजन गर्नु उपयुक्त हुन्छ।

### ३.७.१ जागिरे जीवन

मध्यम वर्गीय सम्पन्न शिक्षित परिवारमा जन्मेका गाउँलेको सानैदेखिको चाहना अध्यापन नै थियो। यिनले वाल्मीकि विद्यापीठबाट उत्तरमध्यमा उत्तीर्ण गरेपछि यिनको जागिरे जीवन सुरू भएको हो तर यिनले स्नातकोत्तर नगरी जागिरे जीवनमा प्रवेश गर्न चाहेका थिएनन्। बाध्यतावश पिताको इच्छा र यिनका चाहनामा बिच तलमेल नखाएकाले अध्ययनका लागि पैतृक खर्च टुट्यो र जागिर गर्दै अध्ययनलाई अगाडि बढाए। २०३४ देखि सुरु भएको यिनको जागिर यात्रा हालसम्म पनि चलिरहेकै छ। यिनले गरेका कार्यको विवरण तालिकामा तल प्रस्तुत गरिएको छः

**तालिका नं. १**

| क्र.सं. | पद | कार्यालय | साल |
|---|---|---|---|
| १ | शिक्षक | श्री शीतला देवी प्र.वि., री धादिङ | २०३४ बैसाख |
| २ | प्र.अ. | श्री लापा प्र.वि. लापा, धादिङ | २०३४ साउन |
| ३ | शिक्षक | श्री ज्योति नि.मा.वि. केबलपुर, धादिङ | २०३७ असोज |
| ४ | शिक्षक | श्री पञ्चकन्या नि.मा.वि. धादिङ | २०३९ |
| ५ | शिक्षक | श्री भानुभक्त मेमोरियल उ.मा.वि. काठमाडौँ | २०४२ |
| ६ | शिक्षक | श्री ग्यालेक्सी उ.मा.वि. काठमाडौँ | २०४५ देखि |
| ७ | उपप्रा. | श्री एडमार्क कलेज काठमाडौँ | २०५५ देखि |

### ३.७.२ संस्थागत संलग्नता

बलदेब शर्मा गाउँलेको कार्यक्षेत्रको अध्ययन गर्दा यिनको संस्थागत संलग्नता पनि जीवनको महत्त्वपूर्ण पाटो बनेर रहेको छ। आफ्नो जागिरे जीवनमा यिनी विभिन्न संघसंस्थाहरूमा संलग्न रहेका छन्। यिनले कार्य गर्दै आएका संघसंस्थाहरू निम्नलिखित रहेका छन् (शर्मा, २०६८:२७)

**तालिका नं. २**

| क्र.सं | संलग्न सघसंस्थाहरू | जिम्मेवारी/साल |
|---|---|---|
| १ | धादिङ् काठमाडौँ सम्पर्क समाज,काठमाडौँ | अध्यक्ष २०५६ |
| २ | ओथारो डबली नेपाल, काठमाडौँ | अध्यक्ष |
| ३ | गाउँले बलदेब प्रतिष्ठान, धादिङ | अध्यक्ष |

| | | |
|---|---|---|
| ४ | चन्द्रागिरि सहयोगी समाज,काठमाडौँ | सल्लाहकार |
| ५ | विष्णुलाल महर्जन सहयोग समिति,काठमाडौँ | सदस्य २०६४ |
| ६ | उ.मा.वि शिक्षक सङ्घ, ग्यालेक्सी स्कुल,काठमाडौ | सदस्य |
| ७ | उ.मा.वि शिक्षक सङ्घ, एडमार्क कलेज,काठमाडौँ | सदस्य |

## ३.८ आजीविका

गाउँलेको आर्थिक स्थिति मध्यमवर्गीय, राम्रो व्यवस्था भएको सम्पन्न अवस्थाको रहेको छ। यिनका पुर्खाको आजीविकाको मुख्य स्रोत कृषि, व्यापार तथा जागिरसमेत रहेको थियो। यिनले आफ्नो अध्ययनसँगै आत्मनिर्भरताका लागि जागिरसमेत गरी घरको आर्थिक स्थितिलाई अझ माथि उठाएका थिए। हाल गाउँलेले विभिन्न कलेजहरूमा अध्यपन गरी घरको आर्थिक स्थितिलाई सबल बनाएका छन् भने साहित्यिक तथा व्याकरणका पुस्तकबाट प्राप्त हुने रोयल्टी तथा जेष्ठ पुत्र यज्ञ अधिकारी क्लिन इनर्जी बैंक, काठमाडौँमा कार्यरत छोराको आम्दानीबाट यिनको आजीविका सम्पन्न रूपमै चलेको देखिन्छ(लेखकबाट जानकारी)।

## ३.९. आर्थिक अवस्था

२०२२ मा भूमिसुधार काण्डमा परेर ठूलो पाटो गुम्न पुगेपछि गाउँलेको परिवारमा अनिकालले पऱ्यो। २०२४ बाट पिताले व्यापार र ठेक्कापट्टाको सन्दर्भमा आदमघाटको स्थायी बसोबास गर्न थालेपछि भैँसी किन्नुदेखि दसैँ खर्च जुटाउनुसम्मका आर्थिक भार माता गङ्गादेवीमा पऱ्यो। घरको काम सघाउनेहरू पिताको बसाइँसराइदेखि नै लाखापाखा लागे। भागमा बाह्र रोपनी टारी खेत थियो। त्यसमाथि दिनको छ घण्टा हिँडेर आउजाउ गर्नुपर्थ्यो। खेती अधियाँ दिनुको विकल्प थिएन। चामल कम भएका कारण प्रायः बेलुका खिर पकाएर खाने चलन थियो। गाउँलेकी मातालाई आयस्रोत नहुँदा नहुँदै माइतीको, मावलीको र घरको सान, मान जोगाउनुपर्थ्यो। घरसँग खटपट परेर एकपल्ट काठमाडौँ जाँदा पाटनको एउटा ठगले पाँच–छ तोला सुन र दुईतीन सय तोला चाँदी ठगेर लगेको सम्झना पनि गाउँलेसँग छ। त्यति बेला गाउँले पाँच वर्षका थिए। पतिको सम्पत्ति चाहिँ घरमै छोडेर गएको कारण जोगिएछ। त्यो एक तोला कानमा लाउने चारपाटे सुनको गहना एकजना साहूकहाँ साठी प्रतिशत ब्याज तिर्ने सर्तमा राखेर एकजना सहकारीका कर्मचारी धोका दिई भागेछन्। त्यो निखन्नुपऱ्यो। बैंकमा राख्न लैजाँदा अर्का आफन्तले आधा पैसा आफैँले मासेछन्, त्यो पनि तिरेनन्। एकपल्ट तामाको घ्याम्पोसमेत धितो राखेर साठी प्रतिशत ब्याजमा ऋण लिनुपरेको थियो। गाउँलेले एक वर्षको दसैँमा फरिया लाउने टोप्रेलको कट्टुसमेत लाउनुपरेको थियो (शर्मा, २०६८:३१)। साठी प्रतिशतभन्दा कम ब्याजमा ऋण पाइँदैनथ्यो। सम्पन्नताबाट विपन्नतामा झर्नु निश्चय नै पीडादायक हुन्छ। २०२८ सालको भोकमरीमा आधा पेट खानुपर्ने अवस्था समेत आयो। प्रमाणपत्र तहको पढाइ बिचमै छाडेर शिक्षण पेसामा लाग्नु पर्नाको एउटा बाध्यता यो पनि हो। त्यसपछि २०३५मा बिहे गर्दा लागेको ऋण तिरिनसक्दै २०४०मा बहिनीको बिहे खर्च जुटाउन थप ऋण गर्नुपऱ्यो। २०४२ मा तल्लो बेसीमा घर बनाउँदा ऋणराशि अझ बढ्यो। त्यसै वर्ष गाउँलेले ६०प्रतिशतकै ब्याजमा चार हजार ऋण थप गरेर पसल थापे। गाउँलेहरूलाई

उधारो दिए। उनीहरूले तिरेनन्। गाउँलेले मिनाहा गरिदिए। २०४२ पछि भानुभक्त मेमोरियल उच्च मा.वि.को छात्रावासमा बसेर जोगाएको पैसाबाट ऋण मुक्त भए।

२०४४ पछि ट्युसन पनि पढाउन थाले। २०४५ पछि पुस्तकको लेखकस्व पनि थपियो। ग्यालेक्सी पब्लिक स्कुलमा सन्ध्याकालीन आंशिक शिक्षक भएर प्रशस्त कमाए। जति कमाए, याचकलाई दान गरे। कमाइमध्येको रु.साठी हजार जति २०४७ मा जय नेपाल कवितायात्रा सञ्चालनमा खर्च गरे। काठमाडौँको कलङ्कीमा थापा थरकी घरबेटी आमाले ५ आना घडेरी निःशुल्क दान दिन खोज्दा गाउँलेले अस्वीकार गरे। काठमाडौँ खुर्सानीटारका घरबेटी बा माहिला महर्जनले सकेको बेलामा तिरे हुने गरी ४ आना घडेरी पास गरिदिन खोज्दा पनि स्वीकार गरेनन्। काठमाडौँ कपनमा चार आना घडेरी ३७ हजारमा पाए(लेखकबाट जानकारी)। त्यति बेला एक पैसा पनि थिएन। भगवान्को स्वप्ननिर्देशन अनुसार काम गर्दा उनले रकम जम्मा गरेका थिए। ग्यालेक्सी स्कुलबाट प्राप्त साढे तीन महिनाको पारिश्रमिकले नै ऋण तिरे। एक वर्षपछि त्यही घडेरी बिक्री गरेर नैकापमा तीन आना घडेरी जोडी त्यसै वर्ष दुई कोठा पक्की र दुई कोठा कच्ची वास बनाए। पक्की कोठा बनाउने विचार गाउँलेको थिएन, श्रीमतीको जिद्दीका कारण बनाएका थिए। सादा जीवन बाँच्न चाहने गाउँलेले नैकापको घरजग्गाका कारण निकै कष्ट भोग्नुपऱ्यो। २०५१ देखि उनको आम्दानी कम र खर्च बढी हुन थाल्यो। घर बनाएको ऋण तिर्नै थियो। २०६३ मा पुत्र यज्ञको बिहेमा पनि ऋण थप्नुपऱ्यो। मातृक सम्पत्तिका रूपमा प्राप्त पचासे खेत दुई तृतीयांश घडेरीका रूपमा बिक्री भयो। त्यसैले घरको तला थपे। अझै दश लाख जति ऋण छ। उनी गाउँमा बाँकी रहेको सम्पत्ति बिक्री गरेर ऋणमुक्त हुन खोज्दै छन्। गाई पालनबाट खासै आम्दानी छैन, खर्च कटाएर दुध र भात खान पुग्छ। छोराको कमाइ छोराकै पाकेट खर्चमा ठिक्क हुन्छ। गाउँले एक्लैले एघार जनाको परिवारको खर्च पुऱ्याएका छन्। उनको जागिरबाट दसैँ खर्च, सञ्चय कोष, उपदान, निवृत्तिभरण, औषधोपचार खर्च आदि केही पनि आउँदैन। गाउँले भविष्यप्रति निश्चिन्त छन्, किनभने जे पुऱ्याउनुपर्छ उनैका भगवान्ले पुऱ्याइदिन्छन्। सामान्य जीविका सञ्चालनका लागि मात्र आर्जन गर्नुपर्छ भन्ने आदर्शको पालना गर्दै यिनले आ नो परिवारका प्रत्येक सदस्यलाई श्रममूलक कार्यमा प्रेरित गरेका छन्। यिनले आफ्नो विवाहमा पनि दाइजो लिएनन् र छोराको विवाह पनि विनादाइजो नै सम्पन्न गराए(लेखकबाट जानकारी)।

मनग्य आर्थिक कमाइ हुँदा पनि यिनी अभावमा जस्तै गरी बाँचे। यिनले सम्पन्नताको दिन पनि त्यसको अनुभव गरेनन्। यिनी तीन तले घरमा बस्दा पनि डेराकै अनुभव गर्दै छन्, किनभने उनी आफूलाई नितान्त सार्वजनिक व्यक्ति बनाइरहन चाहन्छन्।

## ३.१०. दाम्पत्य जीवन

बलदेब गाउँलेको शुभविवाह १७ वर्षको उमेरमा २०३५ साल फागुन १३ गते धादिङ् जिल्लाको मुरली भन्ज्याङ् ७, निगाल पानीको चिप्लेटी निवासी आफूभन्दा ६ महिना जेठी लम्साल परिवारकी बुधकुमारी लम्साललसँग वैदिक विधि अनुसार भएको हो(शर्मा, २०६८:३६)। अध्ययनलाई अधुरो राखेर विवाह गर्नै चाहना नराखेका गाउँलेलाई टिकोटालो गर्दा पनि किन टीका लगाएको भन्ने थाहा नभएको बताउँछन्। विवाह गर्नै परे विपन्न परिवारमा गर्छु भन्ने सोँचेका गाउँलेले विपन्न परिवारमै भएको विवाहले पछि केही खुसी भएको समेत बताउँछन्। विवाह पश्चात्

निरक्षर श्रीमतीको कारण पारिवारिक सन्तुलन मिलाउन हम्मेहम्मे परेकोले तत्कालीन अवस्थामा सह जीवनमा केही आरोह अवरोह समेत आएको देखिन्छ त्यहीँ अवस्थामा यिनले दाम्पत्य खण्डकाव्य समेत रचेको देखिन्छ। सो खण्डकाव्यमा यिनले यसरी आफ्नो कवि मनको गुनासो यसरी पोखेका छन्ः

यो कालो दालमा हाल्यो कसले गुलियो चिनी ?
दुइटै बिग्रियौँ मीठो न मै छु न त छ्यौ तिमी

यिनले श्रीमतीलाई हाल साक्षर बनाएका छन् । यिनको सह जीवनमा श्रीमतीसगँ कुनै प्रकारको गुनासो नरहेको र दाप्पत्य जीवन सफल नै रहेको देखिन्छ।

## ३.११ सन्तान

गाउँलेका सन्तानका रूपमा ९ सन्तान जन्मे पनि हाल ४ सन्तान मात्र जीवित छन्। २०३७ सालमा एक सन्तानको महिना नपुगी गर्भमै मृत अवस्थामा जन्म भयो। २०३९ मा प्रथम पुत्रको जन्म भयो। न्वारन हुँदाहुँदै देहान्त भएकाले गाउँलेले पहिलो सन्तानको मुख देख्न पाएनन्, उनी त्यति बेला कीर्तिपुर बहुमुखी क्याम्पस अन्तर्गत शिक्षा शास्त्र सङ्कायमा अध्ययन गर्थे। २०४० मा सुपुत्र यज्ञ अधिकारीको जन्म धादिङ नेवारपानीमै भयो। यज्ञ नै गाउँलेका ज्येष्ठ सन्तान बन्न पुगे। एम.बी.एस. उत्तीर्ण उनी अहिले क्लिन इनर्जी बैंकको केन्द्रीय कार्यालयमा कार्यरत छन्। यज्ञ र यज्ञकी धर्मपत्नी शान्ति ढकाल(अधिकारी)बाट एक पुत्र शशाङ्क तथा पुत्री श्रमिका जन्मिसकेका छन्। गाउँले आ नो लेखन, पठन र शिक्षणबाट फुर्सद पाउनेबित्तिकै नाति–नातिनासँग खेल्न रमाउँछन्। त्यसपछि एक छोराको जन्म भयो जन्मेको तेत्तीस दिनका दिन ती पनि यस संसारबाट अस्ताए। त्यसपछि ठुली छोरी पुष्पाको जन्म भाटभटेनी श्रीकृष्ण अर्याल तथा इन्दिरा अर्यालका घरमा भयो। ठुली छोरी पुष्पा अधिकारी माइक्रो बायलोजी विषय लिएर त्रिचन्द्र क्याम्पसमा बी. एस्सी पढ्दै छिन्। उनी फन्टसँग आबद्ध भई समाजसेवा पनि गर्दै छिन्। उनी जन्मेको दुई वर्षपछि सानी छोरी रूपाको जन्म भयो। सानी छोरी रूपा अधिकारी मानविकी विषय लिएर एडमार्क कलेजमा बाह्र कक्षा पढ्दै छिन्। छोरीहरू घरको काम पनि सघाउँछन्। त्यसपछि महिना नपुग्दै दुई सन्तान मृत रूपमा जन्मिए। कान्छो सन्तानका रूपमा रहेका भागवत अधिकारी विज्डम एकेडेमीमा कक्षा ८ मा पढ्दै छन्। सन्तानको शिक्षको राम्रो प्रबन्ध मिलाएका गाउँलेको परिवार सुखी छ( लेखकबाट जानकारी)।

## ३.१२ स्वभाव

मानिस जुन किसिमको वातावरणमा जन्मन्छ, हुर्कन्छ र बढ्छ उसको स्वभाव र बानी व्यहोरा पनि सोहीअनुप हुन्छ। गाउँलेको स्वभाव अत्यन्त मृदुभाषी, शालीन र शिष्ट रहेक छ। सहयोगी स्वभावका गाउँले आफूले ऋण दिएको व्यक्तिले ऋण तिर्न नसक्दा मिनाहाको घोषणा गर्दा खुसी लाग्ने बताउँन्। अन्याय, अत्याचार, विकृति र विसङ्गतिका विरुद्ध सशक्त प्रतिवाद गर्ने गाउँले राम्रा र असल मान्छेलाई आदर गर्छन्। नयाँ मान्छेसँग आत्मियता बृद्धि गर्नका लागि पूरै आत्मीय व्यवहार प्रस्तुत गर्ने र छिटो विश्वास गर्ने स्वभावका गाउँले व्यक्तिगत स्वर्थका लागि कसैको चाकरी नगर्ने र कुनै कुराको चित्त नबुझे अगाडि नै आलोचना गर्ने स्वभाव यिनमा देखिन्छ। साथै दुःखलाई

पनि हाँसेर सहन गर्न सक्ने क्षमता भएका गाउँले ठट्टा गर्न मन पराउने र कुरा गर्दै जाँदा बिचबिचमा हाँस्ने स्वभावले यिनको व्यक्तित्वमा निखार ल्याएको देखिन्छ। हिन्दू वैदिक धर्म संस्कृतिका अनुयायी भए पनि धार्मिक कट्टरता भने यिनमा रहेको पाइँदैन। त्यसैले यिनमा अन्य धर्म संस्कृतिको पनि सम्मान गर्ने स्वभाव रहेको देखिन्छ(शर्मा, २०६८:३८)।

## ३.१३ रुचि

हरेक व्यक्तिका आआफ्नै रुचि तथा स्वभाव हुन्छन्। मानिसको चाहना वा रूचिअनुसार नै उसको व्यक्तित्व निर्माण भएको हुन्छ। खानामा यिनी सात्विक नेपाली खाना मन पराउने गाउँले भिन्डी र तीते करेलाको अचारसँग मोही र च्याख्ला खान असाध्यै मन पराउँछन्। मद्यपानबाट टाढै रहेका यिनले प्रायः सबै फलफूल मन पराउँछन् । त्यसमा पनि चाक्सी यिनको प्रिय फल हो।

साहित्यिक रुचिका सन्दर्भमा शास्त्रीय शार्दूलविक्रीडित तथा झ्याउरे लोक छन्द पन पराउछन्। नेपालीमा माधव घिमिरे र संस्कृतमा कालिदासका कविताको मिठास आजसम्म पनि लिएको यिनी स्वयं बताउँछन्। शिष्ट यौनमूलक साहित्य मन पराउने गाउँलेको रुची मानवको सूक्ष्मतम संवेदना मै केन्द्रित रहेको छ। लुगा कपडामा सबै खालको कपडा मन पराउने यिनले आधुनिक रक स्ट्यलका कपडा मन पराउँछन्। उनलाई मन पर्ने रङ हल्का हरियो र खैरो हो( लेखकबाट जानकारी)। मनोरञ्जनमा चलचित्र हेर्ने, गीत सुन्ने गाउँलेलाई हिन्दी चलचित्र नायक बिर्सन नसक्ने बताउँछन्। आधुनिक गीत मन पराउने यिनलाई दीप श्रेष्ठ, अरुणा लामा र नारायण गोपालका गीतले आकर्षित गर्ने गरेका छन् । वाद्यवादनमा बाँसुरी मन पराउने गाउँलेले भलिबल,कपर्दी, चेस, लुडो र क्यारमबोर्ड मन पराउँछन्। फूलमा गोदावरी मन पराउँछन्।

तिहारको एक दिन रमाइलाका लागि साथीभाइसँग बसेर जुवा पनि खेल्ने गर्थे। जिते पनि बच्चाबच्चीहरूलाई जितौरी दिने हारे पनि बाँकी पैसा बाँडिदिने हुँदा दर्शक बालबच्चाहरू उनकै दाउ बोलाउँथे। एकछिन जुवा खेलेझैं गरेर उनी बालबच्चाहरूसँग देउसीभैलो खेल्न हिँड्थे। अचेल उनी रमाइलाका लागि पनि कौडा खेल्दैनन्। केटाकेटीकै टोलीमा पनि भैलो, देउसी खेल्न पाउँदा रमाउँछन्। भगवान् शिवजीले सपनामा भने अनुसार गाउँले आफूभन्दा तल्लो आयस्रोत भएका मानिससँग जुवातास खेल्दा कहिल्यै जित्दैनन्। साथीभाइका करले वर्षमा एक दुई दिन तास खेलिहाले पनि यिनी जित्ने उद्देश्यले खेल्दैनन्। यिनको बुझाइमा तास बौद्धिक व्यायामको माध्यम हो।

ठूलाठूला आपत्तिका बखत सत्यमा अडिग भएकै कारण साक्षात् भगवान्बाट सहयोग प्राप्त भएको अनुभूति गर्ने गाउँले पछिल्लो चरणमा अध्यात्मवादी भएका छन्। आध्यात्ममै लोकतन्त्र र साम्यवादको मिश्रण पाउने गाउँले श्री राधासहितका भगवान् श्रीकृष्णलाई मात्र साम्यवादी नेता मान्दछन्। धार्मिक समन्वयवादी उनी गीता दर्शनबाट प्रभावित भएर कर्तव्यमा तल्लीन छन् र परिणाम ईश्वरको हातमा छ भन्ने मान्दछन्(शर्मा, २०६८:४१)।

राजनीतिमा कट्टरता नभएको बताउने गाउँलेले प्रजातान्त्रिक मूल्य, मान्यता र लोकतान्त्रिक समाजवाद विचार बोक्ने राजनीतिक दललाई मन पराउँछन्। निरङ्कुशताका घोर बिरोधी यिनले राजनेताहरूमा नेपाली काङ्ग्रेसका संस्थापक नेता बी. पी. कोइरालालाई मन पराउँछन्। गाउँलेले

अञ्चलमा वाग्मती, जिल्लामा तनहूँ, गाविसमा नयाँ नैकाप, हिमालमा गणेशहिमाल, ठाउँमा सुनौला बजार र जातमा तामाङ ( सरल स्वभाव र आडम्बर मुक्त भएकाले ) मन पराउँछन्।

## ३.१४ सिर्जनात्मकता

कुनै पनि व्यक्ति साहित्यकार हुन केही सिर्जना गरेको हुनुपर्छ। व्यक्तिले केही सिर्जना गर्छ अनि पछि मात्र ऊ साहित्यकार बन्छ। व्यक्तिले सर्वप्रथम कुनै लेख, रचना, गीत, कविता सिर्जना गर्दा कसैको प्रेरणा वा प्रभाव ग्रहण गर्दछ। सर्वप्रथम त सिर्जनाका लागि सिर्जनात्मक उर्जा वा प्रतिभा आवश्यक हुन्छ। अथवा सिर्जनाका लागि प्रसिद्ध साहित्यकारका कृतिहरूको अध्ययनबाट व्युत्पत्तिजन्य क्षमताको विकास गर्नु पर्छ या निरन्तर अभ्यास गर्नुपर्छ।

### ३.१४.१ साहित्यिक क्षेत्रमा प्रवेश र प्रेरणा

गाउँलेको साहित्यिक जीवनीको निर्माण आफ्नै आन्तरिक उर्जाबाट भएको देखिन्छ। प्राकृतिक रमणीयता, सामाजिक विकृति र विसङ्गति तथा समाजका कुरीति र कुसस्कारले साहित्य लेखनमा प्रेरणा मिलेको देखिन्छ। सानैदेखि माधव घिमिरेका कविता गुन्गुनाउने यिनले विद्यार्थी जीवनमा गुरु डिल्लीरमण शर्माको प्रशस्त प्रेरणा प्राप्त गरेको कुरा स्वयं बताउँछन्(शर्मा, २०६८:४२)।

### ३.१४.२ लेखनकार्य र प्रकाशित कृतिहरू

गुरु डिल्लीरमण शर्मा अर्ज्यालको पथप्रदर्शनमा नौ वर्षकै उमेरदेखि शास्त्रीय वार्णिक छन्दमा कविता लेख्न थालेका गाउँलेले २०३१ मै शार्दूलविक्रीडित छन्दमा शिशिर वसन्तको कथात्र खण्डकाव्य रचना गरिसकेका थिए। प्रकाशनार्थ नेपाल प्रज्ञा प्रतिष्ठानमा पुग्दा तात्कालिक कुलपतिले हतारिएर प्रकाशन गरिहाल्न नहुने भन्ने सल्लाह दिएकाले विद्रोहस्वरूप उनकै सामुन्नेमा च्यातिदिएका थिए। जिल्ला सदरमुकाम तथा संस्कृत प्रधान पाठशाला, रानी पोखरीमा आयोजना हुने कविता प्रतियोगितामा पुरस्कृत भइरहने उनले २०३१ मा शृङ्गारिक कविता लेखेर विद्यालयमा प्रथम स्थान लिएका थिए। २०३५ मा धादिङ जिल्लाव्यापी साहित्य प्रतियोगितामा उनको कान्छा र कान्छी शीर्षकको कविता प्रथम भयो। त्यसबाट उनले स्वर्णपदक तथा पुरस्कार प्राप्त गरे। त्यसको एक पङ्क्ति यस्तो छ–

हाम्रा गौतम बुद्धले कति पढे धाए कुनै क्याम्पस ?<br>
सोधेनौँ कति पास हुन् अरनिको कोको थिए साक्षर ?<br>
धर्ती, चन्द्र र सूर्यका रचयिता पढ्थे कहाँ, कोसित?<br>
फाली पुस्तक सीप सिक्दछु उनै कान्छा र कान्छीसित॥

गाउँलेको पहिलो रचना यो भए पनि प्रथम प्रकाशित रचना भने २०३६ सालको भैरवी षाडमासिक साहित्यिक सँगालोमा इच्छा नामक कविता हो। जसको एक पङ्ति हाल पनि स्मरणमा रहेको बताउँद छन्। १४/१५ श्लोक भएको सो कविताको एक हरफ यस्तो रहेको छः

तिम्री शान्ति बुहारी बाँची रहलिन् आफू मरे मर्दछु।<br>
बाँच्ने छन् कति लाख दौँतर भने यौटो मनै मर्दछु॥(शर्मा, २०६८:४४)

यिनले विभिन्न ठाँउमा आयोजना गरिने वक्तृत्वकला, कविता वाचन जस्ता कार्यक्रममा पनि भाग लिन्थे । यसरी चारैतर्फको साहित्यिक वातावरणले यिनमा भएको प्रतिभा प्रस्फुटन हुने मौका पायो । त्यसपछि मधुपर्क, गरिमा, कान्तिपुर, कामना, गोरखापत्र, तरुण, अन्नपूर्ण पोष्ट, द नेपाल, नागरिक जस्ता पत्रपत्रिकामा यिनका फुटकर लेख रचनाहरू प्रकाशित हुँदै आएका छन् । यसका अतिरिक्त यिनका हालसम्म एक दर्जन जति पुस्तकाकार कृति प्रकाशित भएका छन् । हालसम्म प्रकाशित गाउँलेका पुस्तकाकार तथा कविता तथा लेख रचनाहरूलाई तल कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३**

**पुस्तकाकार कृति**

| क्र.सं. | प्रकाशित कृति | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | शारदाको नेपाल | कविता | २०४२ |
| २ | दाम्पत्य | कविता | २०४३ |
| ३ | ललित व्याकरण | व्याकरण | २०४५ |
| ४ | धूमा | आत्मकथा | २०४८ |
| ५ | तोरीको फूल | निबन्ध | २०५७ |
| ६ | पूतना र प्रजातन्त्र | निबन्ध | २०५७ |
| ७ | मेरो राजा | कविता | २०५८ |
| ८ | म तिम्रो यमदूत तिमी मेरो यमदूत | कविता | २०५९ |
| ९ | त्रिफला | कविता | २०५९ |
| १० | नैकापको घर | कविता | २०६३ |
| ११ | परलोक तन्त्र | कविता | २०६६ |

**तलिका नं ४**

**फुटकर रूपमा प्रकाशित लेख रचनाहरू**

| क्र.सं. | शीर्षक | प्रकाशित पत्रिका र साल |
|---|---|---|
| १ | वर्तमान शिक्षा नीति र सरकारको फुलो परेका आँखा | लोकपत्र दैनिकन्न  २०५३ |
| २ | मुमा रत्नालाई दीर्घायुको कामना | सही समाचारन्न २०४५ |
| ३ | गिरिजा बाबुका सन्तानले हुम्लामा पढ्लान् | नयाँ सडकन्न २०५७ |
| ४ | भुस्याहा र घुस्याहाको बन्ध्याकरण | कान्तिपुरन्न २०५९ |
| ५ | बौलाउने रहर | नेपाल समाचार पत्र, २०५९ |
| ६ | सङ्कट, अकाल र अनिकाल | नेपाल समाचार पत्र, २०५९ |
| ७ | वार्ता र तान्त्रिकहरू | नेपाल समाचार पत्र, २०६० |
| ८ | श्याम शरणम् | कामना, २०६७ |

## ३.१५ भ्रमण

गाउँलेको जन्म धादिङको सुनौला बजारमा भएको हो। चार वर्षको उमेरदेखि नै अध्ययन सुरु गरेका र १६ वर्षको उमेरदेखि जागिरे जीवन सुरु गरेका यिनले अध्ययन र जागिरका सिलसिलामा नेपालका विभिन्न जिल्लाको भ्रमण गरेका भएता पनि नेपाल बाहिरका कुनै पनि देशमा भ्रमण गरेका छैनन्। विभिन्न जिल्लाको भ्रमण गर्दा त्यहाँको जन जीवन, रहनसहन, रीति रिवाज तथा संस्कृतिको गहिरो अध्ययन गर्ने र त्यहाका ऐतिहासिक धार्मिक सास्कृतिक विषयका तथ्यहरूको खोजी गरी ती सबै विषयवस्तुहरूलाई आफ्ना काव्यकृतिमा समेट्ने प्रयास गरेका छन्( लेखकबाट जानकारी)।

## ३.१६ सम्मान तथा पुरस्कार

बलदेव शर्मा गाउँले "हुने विरुवाको चिल्लो पात" भने झैं मेधावी छात्रका रूपमा परिचित हुँदै आएका छन्। यसका अतिरिक्त सरकारी तथा गैरसरकारी सेवामा प्रवेश गरे पछि विभिन्न सामाजिक कार्यमा सम्लग्न रहे। यहीँ सेवा मूलक कार्य गरेवापत विभिन्न संघ सस्थाबाट सम्मान, प्रसंसापत्र र कदरपत्र प्राप्त गरेका छन्। हाल पनि यिनी सामासजिक कार्यमा लागेकाले अझ पनि मानसम्मानप्राप्त गर्ने सम्भावना रहेको छ। यिनले हालसम्म प्राप्त गरेका मानसम्मानहरू यस प्रकार रहेका छन्(शर्मा, २०६८:४६) :

**सम्मान**

- २०५५मा म्युजिक नेपाल बाट
- २०५९मा सङ्कल्प नेपाल बाट
- २०६५ मा द जानकी म्युजिकल ग्रुप बाट

**प्रशंसा**

- २०४३ मा जिल्ला शिक्षा कार्यालय धादिङ बाट
- २०५७ मा जिल्ला शिक्षा कार्यालय काठमाडौँ बाट
- २०५९मा पाठ्यक्रम विकास केन्द्र बाट

### क) सरकारी स्तरको पुरस्कार

गाउँले बलदेवले शिशुकालमा जिल्ला शिशु प्रदर्शनीमा पुरस्कार पाए। २०४३ मा धादिङ जिल्ला शिक्षा अधिकारीबाट प्रशंसापत्र पाए। २०४५ मा काठमाडौँ जिल्ला शिक्षा अधिकारीबाट प्रशंसापत्र पाए। २०५९ मा पाठ्यक्रम विकास केन्द्रबाट पनि प्रशंसापत्र नै पाए। यसैगरी २०७२ सालमा गाउँलेले नेपाल सांस्कृतिक संघ, काठमाडौँबाट महाकवि लक्ष्मीप्रसाद देवकोटा काव्यिक पुरस्कार पाएको छन्। ३३ वर्षसम्म आकर्षक र सुयोग्य शिक्षण सेवा गरेका यिनले शिक्षा पुरस्कार पाएका छैनन्। प्रखर प्रतिभाशाली कवि, निबन्धकार, गीतकार, व्याकरणकार, अनुभवी सम्पादक गाउँलेलाई सरकारले साहित्यिक पुरस्कार पनि प्रदान गरेन किनभने गाउँलेले सिफारिस कर्ताको चाकरी गरेनन्।

**ख) गैरसरकारी स्तरको पुरस्कार**

–गाउँलेले विद्यालय तथा क्याम्पसमा पढ्दा कविता र वक्तृत्वकलामा प्रथम पुरस्कार का साथै द्वितीय पुरस्कार धेरैपल्ट पाएका थिए।

**प्रथम पुरस्कार**

– २०३५मा जिल्ला सदरमुकाममा आयोजित धादिङ जिल्लाव्यापी साहित्य प्रतियोगितामा

–२०४४ मा विशाल मिलन केन्द्रबाट आयोजित कविता महोत्सवमा

–२०४४मा भानु सेवा समितिबाट आयोजित भानुभक्तीय रचना पाठ प्रतियोगितामा

**द्वितीय पुरस्कार**

–२०३६. मा नेपाल शिक्षक सङ्गठन धादिङबाट आयोजित कविता प्रतियोगितामा

**तृतीय पुरस्कार**

–२०३३ मा उपत्यकाव्यापी अन्तर क्याम्पस वक्तृत्वकला प्रतियोगितामा

**अन्य पुरस्कार**

–सन् १९९२ मा रजत जयन्तीका उपलक्ष्यमा भानुभक्त मेमोरियल उच्च मा.वि.ले नगद

–सन् १९९५ मा वार्षिकोत्सवको उपलक्ष्यमा भानुभक्त मेमोरियल उच्च मा.वि.ले नगद

–सन् २००६ मा स्थापनाको २० वर्ष पूरा भएको उपलक्ष्यमा ग्यालेक्सी पब्लिक उच्च मा.वि.ले दोसल्ला र मायाको चिनो (टोकन अफ एप्रिकेसन)

उपर्युक्त आधारमा गाउँललेलाई साहित्यकार तथा शिक्षक भन्नुपर्ने हुन्छ। पाउनेले पनि फिर्ता गर्नुपर्ने सरकारी वा गैरसरकारी संस्थाको पुरस्कार वितरण प्रक्रिया पारदर्शी नभएसम्म गाउँलेले त्यस्तो कुनै पनि पुरस्कार नपाउने र नलिने बताउँछन्(शर्मा, २०६८:४९)।

## ३.१७ नेपाली भाषा बचाऔँ अभियानका नेतृत्वकर्ता

नेपाली भाषाको मानकीकरणमा सचेत तथा सक्रिय व्यक्तित्वका रूपमा गाउँलेको नाम अविस्मरणीय देखिन्छ। वि.सं.२०६७ मा नेपाल प्रज्ञा प्रतिष्ठानले व्यापक परिमार्जन गरी नेपाली बृहत् शब्दकोश निकालेपछि त्यसको विरोधमा सर्वप्रथम उत्रिने भाषाप्रेमी तथा भाषिक बचाउ अभियानका प्रथम भाषिकयोद्धा नै गाउँले हुन्। संस्कृतनिष्ठ नेपाली भाषालाई स्वार्थवश नेपाल प्रज्ञा प्रतिष्ठानका केही अध्येताहरूले समग्र नेपाली भाषामा नै विचलन आउने र मानकीकरणमा पूरै फेरबदल आउने गरी प्रयोगात्मकका नाममा भाषालाई बिगार्न थालेपछि सक्रिय रूपमा त्यसका विरुद्ध कलमका माध्यमले आन्दोलनमा उत्रिएका गाउँलेले त्यसको विरोध गर्दै विभिन्न पत्रपत्रिकामा लेख छपाएर, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सर्वोच्च अदालतमा मुद्दा हालेर अनि विभिन्न अवधारणा पत्रहरू छपाएर सम्पूर्ण नेपालीहरूलाई भाषा बचाउनका लागि आह्वान गरे। उनको भाषा बचाउन अभियानलाई पहिला कुनै सहयोग नमिले पनि उनकै प्रेरणा तथा सक्रियतामा नेपाली भाषाका प्रेमी तथा अनुरागीहरू पछि साङ्गठनिक रूपमा भाषा बचाउनका लागि जुर्मुराउन पुगे र त्यसले एउटा भाषिक आन्दोलनको रूप लियो र नेपाल प्रज्ञा प्रतिष्ठानलाई घुँडा टेकाउन सफल पनि भयो।

नेपाली भाषाको औपचारिकता तथा मानकीकरणमा जस्तोसुकै शास्त्रार्थ गर्न पनि आफू तयार रहेको अभिव्यक्ति दिने गाउँलेले प्रारम्भमा नेपालका विभिन्न राष्ट्रिय दैनिकहरूमा

भाषासम्बन्धी लेखहरू छपाई किन नेपाली भाषाको पुरानै वर्णविन्यास नै आधिकारिक हो भन्ने कुरा पुष्टि गरेर सम्पूर्ण नेपाली भाषाप्रेमीहरूलाई भाषा बचाऔँ अभियानमा लाग्न प्रेरित गरे। अधिकारीको यस्तो कदमले पछिल्लो समयमा नेपाली भाषाको आधिकारिक थलो त्रिभुवन विश्वविद्यालय र त्यसमा पनि नेपाली केन्द्रीय विभाग जुर्मुरायो । अधिकारीकै बल र प्रेरणामा नेपाली केन्द्रीय विभागका विभागाध्यक्ष देवीप्रसाद गौतमलाई पनि यस कार्यमा ऊर्जा थप्न कर लाग्यो र यसैको नजितास्वरूप नेपाली केन्द्रीय विभागले भाषा बचाऔँ अभियानमा कार्यकारी समिति नै गठन गरी भाषामा हस्तक्षेप गर्ने व्यक्तिहरूमाथि दबाब दिँदै भाषाको पुरानै स्वरूपलाई निरन्तरता दिनका लागि नेपाल प्रज्ञा प्रतिष्ठानलाई लिखित तथा मौखिक अवधारणा पनि बुझायो । निश्चित व्यक्तिहरूले स्वार्थवश गरेको यस्तो कार्यले नेपाली भाषाको औपचारिकता नै सङ्कटमा परेको स्थितिमा भाषाप्रेमी सम्पूर्ण नेपालीहरू जुर्मुराएपछि प्रज्ञा प्रतिष्ठानले हार मान्न बाध्य भयो र पुरानै स्वरूपलाई निरन्तरता दिने आधिकारिक विज्ञप्ति पनि निकाल्यो। यसरी नेपाली भाषाको वर्णविन्यासमा पुरानै स्वरूपलाई मान्नुपर्ने र भाषालाई बिगार्न नपाइने भन्दै यसको आन्दोलनमा सुरुदेखि नै सक्रिय गाउँलेको भाषिक आन्दोलनले पछि व्यापकता पाउँदै सफलता पनि पायो । यसरी नेपाली भाषाको मानक रूप तथा पुरानो स्वरूपलाई उही अवस्थामा राख्न नेपाली भाषा बचाऔँ अभियानका नेतृत्वकर्ता गाउँलेले महत्त्वपूर्ण योगदान दिएका छन् र उनको यो योगदानको सही मूल्याङ्कन हुनु पनि जरुरी छ।

## ३.१८ साहित्यिक अवधारणा र जीवनदर्शन

प्रत्येक मानिसको जीवनर्शन सम्बन्धी भिन्न भिन्न दृष्टिकोण र मान्यता रहेको हुन्छ। मानव जीवन अत्यन्तै संवेदनशील भएकाले आफूले पाएको छोटो जीवनलाई बुद्धिमान मानिसले सार्थक बनाउन चाहन्छ र जीवन दर्शनको अबधारणा निक्यौल गर्दछ।

गाउँले सादा जीवन उच्च विचार भन्ने आदर्शबाट प्रेरित भएको बताउँछन्। सह अस्तित्वको भावनालाई अँगाल्ने, सात्विक, अध्ययनशील, आस्तिक, कम महत्त्वाकाङक्षा भएको शालिनपूर्ण जीवनदर्शनला्ई आदर्श मान्दछन्। यही आदर्शले उनी जीवनका हरेक माडमा सफल भएका छन्। साहित्यिक सन्दर्भमा भने परिष्कारवादी चिन्तनमा व्यङ्योक्तिलाई मान्यता दिनु यिनको आदर्श हो। साहित्यिक अवधारणका वारेमा स्वयं गाउँले भन्दछन्: साहित्य जीवनको दर्शन हो, जीवनको सोचाई त्यसमा पोखिन्छ।

## ३.१९ गाउँलेको निबन्धयात्रा

गाउँले बलदेव अधिकारीले साहित्यका अन्य विधामा जस्तै निबन्धमा पनि आफ्नो लेखनी चलाएका छन् । लेखनको प्रारम्भदेखि नै निबन्धलेखनमा सक्रिय देखिएका अधिकारीको निबन्धलेखनले आज पनि निरन्तरता पाइरहेको छ । यस क्रममा उनको निबन्धलेखनमा या निबन्धगत प्रवृत्तिमा पनि केही परिवर्तन आइरहेको देखिन्छ । प्रारम्भिक निबन्धमा राजनीतिक विषयवस्तु अँगाली राजनीतिमा देखिएका विकृति, विसङ्गतिप्रतिको व्यङ्ग्य पाइए पनि अधिकारीले पछिल्लो समयमा राजनीतिक विषयवस्तुभन्दा फरक सामाजिक तथा आध्यात्मिक विषयवस्तुलाई आत्मसात् गर्दै आइरहेको पाइन्छ। उनमा देखिएको लेखनको यही परिवर्तनलाई मध्यनजर गर्दै उनको समग्र निबन्धलेखनको यात्रालाई दुई चरणमा विभाजन गर्न सकिन्छ :

क) पूर्वार्ध (प्रथम चरण) : प्रारम्भदेखि २०५७ सम्म (राजनीतिक व्यङ्ग्यात्मकता)

ख) उत्तरार्ध (द्वितीय चरण) २०५७/२०५८ देखि हालसम्म (सामाजिकता तथा आध्यात्मिकता)

अधिकारीको निबन्धप्रवृत्तिका आधारमा गरिएको निबन्धयात्राको चरणलाई उनकै प्रवृत्तिका आधारमा अध्ययन गर्न सकिन्छ।

## ३.१९.१ पूर्वार्ध

अधिकारीको निबन्धयात्राको प्रारम्भदेखि २०५७ सालसम्मको समयलाई पूर्वार्ध वा प्रथम चरण भन्न सकिन्छ। विभिन्न दैनिक तथा साप्ताहिक पत्रिकामा प्रकाशित भएका यस समयका निबन्धहरूलाई अधिकारीले पछि २०५७ मा **तोरीको फूल** र **पूतना र प्रजातन्त्र** गरी दुई पुस्तकाकार कृतिका रूपमा प्रकाशन गरेका पनि छन्। प्रजातन्त्रको पुनर्बहालीदेखि माओवादीको गृहयुद्ध र त्यसले राजनीतिमा पारेको प्रत्यक्ष असरका साथै तत्कालीन सत्तासीन वा सत्ताबाहिर रहेका विभिन्न राजनीतिक दलहरूको अनैतिक भ्रष्टाचारी प्रवृत्तिप्रति असन्तुष्ट अधिकारीले यस समयका निबन्धमा तिनै विषयहरूलाई निबन्धमा उतारेका छन्, त्यसप्रति असन्तुष्टि पोख्दै व्यङ्ग्य प्रहार गरेका छन्। देशलाई भ्रष्टाचारनिर्मूल गर्नुको साटो झन् भ्रष्टाचारलाई प्रश्रय दिने तत्कालीन सत्ताधारी राजनीतिक दलका नेताहरूलाई शब्दबाणमार्फत् प्रहरा गरेका अधिकारीले आफ्ना प्रायः सबै निबन्धमा सुधारको अपेक्षा गरेका छन्। माओवादी समस्या तथा राजनीतिक अस्थिरताले गर्दा देश विकासको गतिमा अगाडि बढ्न नसेकेको निष्कर्ष निकाल्दै तत्काल ती समस्याहरूको निराकरण खोज्नुपर्ने विचार पनि उनका प्रथम चरणका निबन्धहरूमा पाइन्छ। विशेषतः राजनीतिमा देखिएको भ्रष्ट आचरण र त्यसप्रतिकै असन्तुष्टिका रूपमा लेखिएका उनका निबन्धहरूले उनलाई निर्भीक तथा स्वावलम्बी व्यक्तित्वका रूपमा चिनाएका छन् र एक सच्चा देशभक्त जनताको अन्तर्मनको आवाजका रूपमा उनका उनका निबन्ध देखिएका छन्।

## ३.१९.२ उत्तरार्ध

अधिकारीको निबन्धयात्राको उत्तरार्ध भनेर २०५७/२०५८ देखि हालसम्मको समयलाई लिन सकिन्छ। पूर्वार्धमा राजनीतिक क्षेत्रमा देखिएका विकृति, विसङ्गतिप्रति आधारित भई सुधारको अपेक्षा गर्दै लेखिएका निबन्धहरूले त्यसपछिको समयमा भने सामाजिक तथा आध्यात्मिक विषयवस्तुलाई अँगाल्न पुगेका छन्। राजनीतिदेखि समाजतर्फको यात्राको रूपमा पनि उनको यो निबन्ध चरण देखिएको छ। फुटकरमा मात्र सीमित भएका उनका यस समयका निबन्धहरूले विभिन्न सामाजिक समस्याहरूलाई विषयवस्तु बनाएका छन् र त्यस्ता समस्याको निराकरणको अपेक्षा गरेका छन्। सामाजिक समस्याहरूमा उनले दाइजो प्रथा, घरायसी समस्या, समाजमा उद्दण्ड मच्चाउने गुण्डागर्दी, सरकारी कार्यालयहरूमा फस्टाएको भ्रष्टाचार, समाजमा भित्रिएका विभिन्न विकृति र विसङ्गतिका साथै भूकम्पले निम्त्याएका विभिन्न समस्याहरू उनका निबन्धका विषयवस्तु बनेका छन्। यसका साथै आध्यात्मिकतातर्फ पनि उनी गतिशील देखिएका छन्। नेपाली समाजमा संस्कृतभाषाप्रतिको सङ्कुचित दृष्टि, धार्मिक अन्धविश्वास र त्यसले निम्त्याएका विभिन्न

समस्याहरूलाई निबन्धमा उतार्दै अधिकारीले पछिल्ला निबन्धहरूमा आध्यात्मिकतालाई पनि छुने प्रयास गरेका छन् ।

## ३.१९ निष्कर्ष

वि.सं. २०१६ सालमा धादिङको सुनौला बजारमा जन्मेका गाउँलेको बाल्यकाल जन्मथलो मै बितेको हो । यिनी घरमै अक्षरारम्भ गरी कक्षा आठमा पुगेपछि मात्र काठमाडौमा गई उच्च शिक्षासम्मको अध्ययन गरे । नेपाली साहित्यमा स्नातकोत्तर सम्म अध्ययन गरेका यिनले संस्कृत व्याकरणमा शास्त्रीसम्मको अध्ययन गरेका छन् । २०३६ सालबाट शिक्षण पेशामा प्रवेश गरेका यिनी हालसम्म पनि यहीँ पेशामा आवद्ध छन् । २०३६ सालमा इच्छा कविता लेखी सार्वजनिक साहित्ययात्रा आरम्भ गरेका गाउँलेका आफ्नै आन्तरिक साहित्यिक ऊर्जाको प्रेरणबाट हालसम्म एघार वटा पुस्तकाकार कृति र दर्जनौँ फुटकर कविता र लेखरचनाहरू प्रकाशित भइ सकेका छन् ।

बलदेव शर्मा गाउँले मध्यम वर्गीय व्यक्ति हुन् । यिनका आमा, श्रीमती, दुई छोरा र दुई छोरी, बुहारी र नाति गरी जम्मा नौ जनाको परिवार काठमाडौको नैकापमा बस्दै आएका छन् । हालै पितृ वियोगको पीडाले कवि मनमा चोट परेको छ। गाउँले साहित्य लेखनमा यथार्थवादी, स्वच्छन्दतावादी एवं शृङ्गारिक र व्यङ्ग्यात्मक शैलीलाई अँगाल्ने कवि हुन् । यिनै साहित्यसर्जक गाउँलेको जीवन समग्रमा सुखद् रूपमा नै बितेको देखिन्छ।

साहित्यिक यात्राको प्रारम्भदेखि नै निबन्धलेखनमा सक्रिय निबन्धकार गाउँलेले निबन्धलेखनको पहिलो चरणमा राजनीतिक परिवेशलाई प्राधान्य दिई राजनीतिक क्षेत्रमा देखिएका विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् भने उनको निबन्धयात्राको दोस्रो चरणमा विषयगत विविधता पाइन्छ । यसमा उनले सामाजिकता, आध्यात्मिकता तथा पारिवारिक समस्यालाई पनि उजागर गरेका छन् । आफ्ना निबन्धमा विषयगत वैविध्य अँगाल्ने गाउँलेका निबन्धमा प्रतीकात्मकता, शैलीगत विविधता, भाषागत सरलता पाइनुका साथै त्यसका माध्यमले राजनीतिक तथा सामाजिक क्षेत्रमा देखिएका विसङ्गतिप्रति चोटिलो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ।

# चौँथो परिच्छेद

# गाउँले बलदेव अधिकारीका निबन्धहरूको विश्लेषण

## ४.१ विषयप्रवेश

यस परिच्छेदमा गाउँले बलदेव अधिकारीका सम्पूर्ण निबन्धहरूको विश्लेषण गरिएको छ । दुई निबन्धसङ्ग्रहमा सङ्कलन गरिएका र अन्य केही फुटकर निबन्धहरूसहित जम्माजम्मी छ दर्जन निबन्धहरूको भाव, भाषा तथा शैलीहरूको अध्ययन गरी यस परिच्छेदमा अधिकारीको निबन्धकारिताको विश्लेषण गरिएको छ।

## ४.२ तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूको अध्ययन

**तोरीको फूल** २०५७ मा प्रकाशित विभिन्न समसामयिक, राजनीतिक लेखरचनाहरूको सङ्ग्रह हो। यसमा सङ्कलित सबै लेखहरू पूर्णतः निबन्धको स्वरूपमा अटाएका छैनन्। प्रायः १ पृष्ठदेखि ३ पृष्ठसम्ममा रचित यस सङ्ग्रहका लेखहरू व्यङ्ग्यात्मक अवश्य छन्, तर तिनीहरू समसामयिक विचार उत्तेजक लेख रचनामा सीमित छन्, पूर्णतः निबन्धको विधागत स्वरूपमा आएका छैनन्। यस सङ्ग्रहमा केही व्यङ्ग्य कविताहरू पनि समावेश गरिएको छ। यसर्थ यहाँ यस सङ्ग्रहमा सङ्कलन गरिएका र निबन्धगत आयाम भएका निबन्धहरूको अध्ययन क्रमशः गरिएको छ।

### ४.२.१ यसपालीको अपुताली काङ्ग्रेसको भागमा !

यसपालीको अपुताली काङ्ग्रेसको भागमा ! निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित पहिलो निबन्ध हो। २०५५ साल माघ ११ को तरुण साप्ताहिकमा प्रकाशित यस निबन्ध तत्सामयिक चुनावी माहोलमा आधारित भई लेखिएको छ। पूर्णतः राजनीतिक परिवेशमा आधारित यस निबन्धमा नेपाली राजनीतिमा देखिएको कुरीतिहरूलाई विषयवस्तु बनाउनुका साथै दाजुभाइ भएर पनि नेपाली समाजमा शत्रुवद् व्यवहार भएको कुराको पनि दृष्टान्तपूर्वक पुष्टि गरिएको छ। नेपालका कम्युनिष्टहरूले आर्थिक समानताका नाममा गरेका अव्यावहारिक व्यवहारलाई प्रष्ट पार्दै यस निबन्धमा नेपाली राजनीतिक दलमा जनताप्रति भन्दा पनि ठूला नेताहरूप्रति वफादार हुने गरेको नमीठो तथ्यलाई प्रस्तुत गर्दै नेपालको पहिलो राजनीतिक पार्टी नेपाली काङ्ग्रेसले संस्थापक नेताहरूको मर्म र भावनालाई बुझेर काम गर्नुपर्ने र चुनावका लागि मात्र नभई हरबखत जनतासामु उपस्थित भई सहकार्यमा काम गर्नुपर्ने विचार व्यक्त गरिएको छ। आफ्नो जित सुनिश्चित भएको अवस्थामा आफ्ना हरेक पक्षलाई सबल तुल्याउँदै जनतालाई विश्वास पार्न सक्नु नेपाली काङ्ग्रेसको दायित्व भएकाले उसले त्यसो नगरेमा भविष्यमा सङ्कट आइपर्ने कुरा प्रस्तुत निबन्धले व्यक्त गरेको छ। निबन्धको पूर्वार्धलाई साहित्यिक पारामा र उत्तरार्धलाई समालोचनात्मक पारामा व्यक्त गरिएको यस निबन्धको भाषा **गाई भए गोरस भाइ भए भरोस, द्वयोर्विवादे तृतीयस्य लाभः** जस्ता नेपाली

उखान तथा संस्कृत सूक्तिहरूको प्रयोग, दृष्टान्तको प्रयोगले आलोचनात्मक बन्न पुगेको छ भने निबन्धभन्दा पनि सुझावपत्रका रूपमा यसको अवस्थिति रहेको देखिन्छ।

## ४.२.२ हे कृष्ण, मनमोहन बाको वृद्धभत्ता नखोसिदेऊ है !

यो निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित दोस्रो निबन्ध हो। २०५५ माघ २५ को तरुण साप्ताहिकमा प्रकाशित यस निबन्धमा मनमोहन अधिकारीले ल्याएको वृद्धभत्तासम्बन्धी व्यवस्थालाई घुमाउरो भाषामा कटाक्ष गरिएको छ। द्वापरयुगीन भगवान् श्रीकृष्णको चरित्र उपन्यास गरेर कृष्णलाई सर्वहाराका रूपमा स्थापित गरी आफूलाई सर्वहारा ठान्ने कम्युनिष्टवादी मनमोहनलाई कृष्णकै समकक्षी वा मीत सर्वहाराका रूपमा तुलना गरे झैँ गरी निबन्धमा मनमोहनले ल्याएको वृद्धभत्तासम्बन्धी नियम केवल चुनाव जित्नकै लागि हो र यसले झन् कुप्रवृत्ति निम्त्याउने कुरा व्यक्त गरिएको छ। वृद्धहरूलाई आफ्नो सम्पत्तिमा बाँचुञ्जेल हक लगाएर शेषपछि मात्र सन्तानले पाउनुपर्ने, निःशुल्क तीर्थाटन गर्न पाउने तथा खानपान, बसोवास तथा धर्मकर्मसम्बन्धी न्यूनतम सुविधा दिनुको साटो थोरै भत्ता दिनु उनीहरूलाई हात्तीको मुखमा जिरा जस्तो हुने र त्यसले कसैलाई लाभ नहुने कुरा प्रस्तुत निबन्धमा आएको छ। चुनावलाई मध्यनजर गरी गरिएको यस्तो व्यवस्था उनीहरूलाई सत्तामा पुऱ्याउनका लागि मात्र हुने र यसले वृद्धवृद्धालाई भन्दा उनीहरूको स्वार्थले फल्ने फुल्ने अवसर पाउने भन्दै त्यस व्यवस्थाप्रति निबन्धमा तीक्ष्ण आलोचनात्मक बाण प्रहार गरिएको छ। पौराणिक सन्दर्भ र तत्सम्बन्धी चर्चा तथा नेपाली राजनीतिमा सर्वहाराका नाममा भित्र्याइएको अदूरदर्शी मान्यतालाई प्रस्तुत गरिएको निबन्धमा संस्कृत पदहरूको प्रयोग, नेपाली केही अपाच्य शब्दको प्रयोग गरिए पनि कम्युनिष्टहरूको सर्वहारावादप्रतिको घुमाउरो व्यङ्ग्य र आलोचनात्मक शैलीले निबन्ध उत्कृष्ट बन्न पुगेको छ।

## ४.२.३ काङ्ग्रेस डाँकाको अखडा हो, काङ्ग्रेसीहरू डाँकै हुन् !

यो निबन्ध २०५५ माघ २५ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को व्यङ्ग्यात्मक निबन्ध हो। यस निबन्धमा सामन्ती राणाशासनबाट तथा पञ्चायतबाट खोसी जनतालाई प्रजातन्त्र दिलाएकाले काङ्ग्रेसलाई डाँका भनी सम्बोधन गरिएको छ र काङ्ग्रेस विपरीतका अन्य विरोधी दलहरूलाई सामन्तीको संज्ञा दिइएको छ। निबन्धमा डाँका भन्ने शब्द सामन्तीय दृष्टिकोणबाट प्रस्तुत गरिएको छ र प्रजातन्त्रप्रेमी काङ्ग्रेसले प्रजातन्त्रका लागि ठूलो बलिदान दिएको र यसका मुख्य नेताहरूमा विश्वेश्वरप्रसाद र गणेशमान रहेको भन्दै उनीहरूको प्रशंसा गरिएको छ भने विपक्षी सामन्तीहरू पनि चुनावका लागि मात्र प्रजातन्त्र भन्ने शब्दलाई अँगाल्दै चुनावमा ओर्लिन लागेकाले प्रजातन्त्रप्रेमी जनताले सही कुरा बुझेर मात्र निर्णय लिनुपर्ने कुरालाई पनि निबन्धले विषयवस्तुका रूपमा उरालेको छ। निबन्धमा काङ्ग्रेस तथा काङ्ग्रेसीलाई डाँका भने पनि घुमाउरो रूपमा तद्विरोधीहरूलाई डाँका भन्न खोजिएको छ। नेपाली उखानटुक्काको सान्दर्भिक प्रयोग, बोलीचालीको सरल भाषा तथा राजनीतिक परिवेश अनि आलोचनात्मक शैली नै प्रस्तुत निबन्धको उत्कृष्टताका विशेषता हुन्।

## ४.२.४ म काङ्ग्रेस छोड्ने तयारीमा छु !

तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित र २०५५ फागुन २ को तरुण साप्ताहिकमा प्रकाशित अर्को निबन्ध हो – म काङ्ग्रेस छाड्ने तयारीमा छु ! । यस निबन्धमा सत्यको पक्षधरहरू काङ्ग्रेसमा बढी भएको र व्यक्तिवादी प्रवृत्तिबाट काङ्गस माथि उठेकाले व्यक्तिगत स्वार्थ चाहनेले काङ्ग्रेसमा रहन नसक्ने कुराको अभिव्यक्ति गर्दै अन्य राजनीतिक पार्टीहरूलाई अप्रत्यक्ष रूपमा अप्रजातान्त्रिक तथा स्वार्थी घोषित गरिएको छ । यस निबन्धमा सद्भावनालाई कुभावना भएको पार्टी, माओवादीलाई तत्समयमा प्रत्यक्ष भइ नसकेकाले चिन्न नसकिने भन्दै मसाल, माले, राष्ट्रिय प्रजातन्त्र पार्टी, एमाले आदि राजनीतिक दललाई पनि विभिन्न रूपमा कटाक्ष गरिएको छ र अन्य राजनीतिक दलभन्दा काङ्ग्रेस नै प्रजातान्त्रिक र विश्वसनीय भएको कुरालाई बढी जोड दिइएको छ। आफू काङ्गस पार्टीको भएको र काङ्ग्रेसले मात्र प्रजातन्त्रको मूलमर्मलाई बुझेको भन्दै अन्य राजनीतिक दलहरू हात्तीको देखाउने दाँतजस्तै भएको भन्दै तिनीहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । सत्यमेव जयते संस्कृतसूक्ति, जुठो खानु मीठाका लोभले जस्ता नेपाली टुक्काहरूको प्रयोग तथा अप्रस्तुतप्रशंसा गरिएको निबन्ध आलङ्कारिक बन्न पुगेको छ।

## ४.२.५ हे भगवान्, नेपाली कम्युनिष्टहरूलाई गोहत्या नलागोस् !

प्रस्तुत निबन्ध तोरीको फूल निबन्धमा सङ्कलित अर्को राष्ट्रिय चेत भएको व्यङ्ग्यात्मक निबन्ध हो। वि.सं.२०५५ फागुन १७ को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्धमा राष्ट्रियताको मूल जनता हुन्छ भन्ने भाव प्रस्तुत गर्दै ढुङ्गा र माटोमा मात्रै मुलुक अडेको हुन्छ भन्ने कम्युनिष्टहरू वास्तवमा सच्चा देशभक्त हुन नसक्ने विचार व्यक्त गरिएको छ र कम्युनिष्टहरूको चर्को आलोचना गरिएको छ । यस निबन्धमा कम्युनिष्टहरूहरूलाई राष्ट्रवादको र प्रजातन्त्रको छद्मवेश धारण गर्ने मायावी र तानाशाहको रूपमा प्रस्तुत गर्दै जनतालाई नै राष्ट्रियताको मूल आधार मानेर जनताको भाषा, धर्म, संस्कृति, परम्परा, नैतिकता आदि सबल अङ्गहरूले गर्दा राष्ट्रियताको शरीर सुन्दर देखिने भाव पाइन्छ । यस्तै नेपाली कम्युनिष्टहरूले प्रयोग गर्ने **लाल सलाम** शब्द आयातित शब्द हो र नेपालका कम्युनिष्ट राष्ट्रवादी र प्रजातान्त्रिक हुन नसकेको कुराको वकालत गर्दै निबन्धकारले पञ्चायतीहरूलाई पनि यही रूपमा व्यक्त गर्दै वास्तविक प्रजातान्त्रिक पार्टी नेपाली काङ्ग्रेस हो र यसले नै प्रजातन्त्रलाई स्याहार्ने काम गरेको छ भन्ने विचार प्रस्तुत गरेका छन् । नेपाली कम्युनिष्टहरूले प्रजातन्त्र आफ्नो मागी खाने भाडोको रूपमा प्रयोग गरेकोप्रति आक्रोश यस निबन्धमा पोखिएको छ। समग्रमा राष्ट्रियतासम्बन्धी भाव र उत्तेजित विचार तथा राजनीतिक परिवेश प्रस्तुत गरिएको यस निबन्धमा बोलीचालीको भाषा, नेपाली तथा अङ्ग्रेजीमिश्रित शब्दहरूको व्युत्पत्तिपरक प्रयोग गर्नुका साथै गाईलाई प्रजातन्त्रको प्रतीकको रूपमा प्रस्तुत गरिएको छ र जसरी हुन्छ यसको संरक्षणमा सबै लाग्नुपर्ने भाव व्यक्त गरिएको छ।

### ४.२.६ रुख ढाल्न खोज्नेहरू रुखकै हाँगा खोज्दै छन् !

यो निबन्ध २०५५ फागुन १७ को तरुण साप्ताहिकमा प्रकाशित र पछि तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को राजनीतिपरक निबन्ध हो । नेपालका विभिन्न राजनीतिक पार्टीहरूका चुनाव चिह्नहरूलाई विषय बनाई तत्सम्बन्धी आलोचना तथा व्यङ्ग्य गरिएको यस निबन्धमा माओवादीको प्रवेशले नेपाली राजनीति सङ्कटमा परेको अप्रस्तुत भाव प्रस्तुत गरिएको छ । एमालेको चुनावचिह्न सूर्यले आफ्नो स्थान छाडेर पृथ्वीमा आयो भने यहाँको सृष्टि भष्म पार्ने हुनाले सृष्टिको संरक्षणका लागि सूर्यलाई आफ्नै स्थानमा रहनुपर्ने, तारा पनि आफ्नो स्थान छाड्दा अस्तित्वहीन हुनुपर्ने, हलोको जमाना पनि ट्याक्टरको आगमनसँगै धरापमा परेको हुँदा अब हाम्रो जीवनका लागि हरियाली आवश्यकता पर्ने र त्यसका लागि रुखको आवश्यकता पर्ने निबन्धकारको विचार छ। यसपछि अहिले हँसिया हथौडाको उदयसँगै रुखको अस्तित्व सङ्कटमा परेको सम्बन्धी छोटो किस्सा बताउँदै निबन्धकारले नेपालमा देखिएका वामपन्थी र दक्षिणपन्थी नाममात्रका हुन् भन्दै सबैको कारणका रूपमा रुखलाई सर्वमान्य बताएका छन् । यसरी निबन्धमा नेपाली काङ्ग्रेसको चुनावचिह्न रुखलाई महत्त्व दिँदै नेपाली काङ्ग्रेसको पृष्ठपोषण निबन्धकारले यस निबन्धमा गरेका छन् र तदितर अन्यको आलोचनासमेत गरेका छन्। कथात्मक भाषा र संवादात्मक शैली र प्रतीकात्मकताले निबन्धको व्यङ्ग्यलाई अझ खारेकाले निबन्ध आफ्नो भावप्रस्फुटनमा सबल बनेको छ।

### ४.२.७ कम्निस भस्मासुरहरू यसरी भस्म हुँदै छन् !

यो निबन्ध २०५५ साल चैत्र ८ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्गहित अर्को राजनीतिक परिवेशको निबन्ध हो। यस निबन्धमा पौराणिक केही किस्साहरूको दृष्टान्त दिँदै नेपालमा राजा महेन्द्रको प्रेरणाबाट उदाएको कम्युनिष्ट पार्टीहरू पौराणिक कथामा पाइने दानवीय स्वरूपका रूपमा अहिले देखिएको र दानवहरूको अन्त्य भएरै छाड्ने भएकाले यिनीहरूको पनि पतन निश्चित भएको कुरा निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । यस निबन्धमा अप्रत्यक्षतः नेपाली काङ्ग्रेसको पक्ष लिँदै तद्विरोधी कम्युनिष्टहरूलाई एकोहोरो प्राप्त्याशा लिएर विजययात्रामा दौडने दानवहरूसँग तुलना गर्दै उनीहरूको विजयको परिणाम आत्मघाती हुने वा अकालमृत्युलाई उनीहरूले वरण गर्नुपर्ने विचार निबन्धमा पाइन्छ। यसको उदाहरणका रूपमा मदन भण्डारीको मृत्यु उनकै राजनीतिक दलभित्रबाट भएको कुरा व्यक्त गर्दै सबै कम्युनिष्टहरू यसरी नै नियतिको सिकार हुने भाव यस निबन्धमा पाइन्छ। यसरी पौराणिक विभिन्न किस्साहरूको प्रयोग र तुलनात्मक आलोचना तथा कम्युनिष्टहरूप्रतिको आक्रोश यस निबन्धमा पाइन्छ।

### ४.२.८ राजनीति !

राजनीति कवितात्मक शैलीमा संरचित छ र यो २०५६ वैशाख २७ को तरुण साप्ताहिकमा प्रकाशित अधिकारीको कवितात्मक व्यङ्ग्य हो। संरचनागत रूपमा निबन्ध भन्न नसुहाउने भए पनि

निबन्धसङ्ग्रहमै सङ्कलित यसमा ८ वटा पंक्तिपुञ्ज रहेका छन् । क  र ख गरी दुई भागमा विभाजन गरिएको यसलाई क भागभित्र मेरो विश्व शीर्षकमा एउटा पंक्तिपुञ्ज रहेको छ भने ख भागमा बाँदरको रजाइँ शीर्षकमा एउटा, मुसाको महिमा शीर्षकमा एउटा र ढाँटको खेती शीर्षकमा ४ वटा पंक्तिपुञ्ज रहेका छन् । यसमा पहिलो पंक्तिपुञ्जमा विश्वपरिवेश अब आतङ्कमा बाँच्नुपर्ने सन्त्रासको चित्रण गरिएको छ भने दोस्रो पंक्तिपुञ्जमा नेतालाई बाँदरको रूपमा अभिव्यक्त गर्दै उनीहरूले देशलाई अधोगतितर्फ उन्मुख गरेको भाव व्यक्त गरेका छन् । यस्तै तेस्रो पंक्तिपुञ्जमा जनताको हकहितलाई छाडी सोदरपूरणतर्फ केन्द्रित नेताहरूको अध्यवसायको चित्रण गरिएको छ भने चौँथोदेखि आठौँसम्म ढाँटको खेती गरेर नेपालमा देखिएका नयाँ नयाँ राजनीतक दलहरूले भएका संरचना तथा व्यवस्थाहरूलाई ढाली मुलुकलाई अशान्त बनाइरहेको र राजनीति देशविकासका लागि भन्दा पनि राजनीतिमै केन्द्रित भएको कुरालाई व्यङ्ग्य गरिएको छ । यसरी कवितात्मक शैली र आनुप्रासिक शब्दहरूको प्रयोगले प्रस्तुत कवितात्मक निबन्ध उत्कृष्ट व्यङ्ग्यबाणको ताँदो बन्न पुगेको छ ।

## ४.२.९ हटहट घोडा हटहट !

हटहट घोडा हटहट ! निबन्ध २०५६ जेठ ३ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को निबन्ध हो । यस निबन्धमा अधिकारीले नेपालका राजनीतिक दलहरूलाई दुई रूपमा विभाजन गरेका छन्, एउटा एमाले र मालेलाई बहर वा बाच्छाको रूपमा लिई नेपाली जनताले यिनीहरूलाई विश्वास गरी अझै दाउन नसकेको र अर्को नेपाली काङ्ग्रेसलाई घोडाको रूपमा लिई नेपाली जनताहरूले यिनीहरूलाई सकेसम्म आफ्नो प्रयोगमा ल्याउनुपर्ने । अधिकारीले एमाले र मालेलाई विकल्पका रूपमा प्रस्तुत गरी यिनीहरूप्रति सकारात्मक बनी यिनीहरू कहिल्यै आपसमा नजुधी मिलेर सँगै कार्यक्षेत्रमा लागेको देख्न पाइयोस् भनी इच्छा व्यक्त गरेका छन् भने नेपाली काङ्ग्रेस अन्तर्राष्ट्रिय क्षेत्रबाट मान्यताप्राप्त दल भएकाले र सम्पूर्ण नेपालीहरूले यिनीहरूलाई नै पत्याएकाले यिनीहरूलाई सकेसम्म विकासनिर्माणमा अभिप्रेरित गर्नुपर्ने वा सकेसम्म यिनीहरूको प्रयोगबाट आफूहरूले फाइदा लिनुपर्ने विचार यस निबन्धमा व्यक्त गरेका छन् । निबन्धमा एमाले र मालेको विभाजनबाट उनीहरू कमजोर बन्दै गएकोप्रति व्यङ्ग्य गर्दै सबल भएमा मात्र अगाडि बढ्न सकिने कुरा निबन्धकारले बताएका छन् भने सकेसम्म सबै अवस्थाका नेपालीहरूले केही न केही रूपमा नेपाली काङ्ग्रेसलाई आत्मसात् गरी उनीहरूबाट फाइदा लिनुपर्ने पनि निबन्धकारको भाव छ । यसरी दुई भिन्न राजनीतिक पृष्ठभूमि, बहर र घोडाको प्रतीकात्मक प्रयोग, बोलीचालीको भाषिक प्रयोग, नेपाली गीतको यथास्थानिक प्रयोगले समेत यस निबन्ध आफ्नो भावप्रस्फुटनमा सबल बनेको  छ ।

## ४.२.१० हे कृष्ण म विवश गान्धारी भएर तपाईँलाई आशीर्वाद चढाउन सक्तिनँ !

२०५६, जेठ १४ को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्ध पनि राजनीतिक परिवेशमा नै लेखिएको  छ । तत्कालीन कृष्णप्रसाद भट्टराई प्रधानमन्त्रीमा नियुक्त भएको सान्दर्भिक परिवेशलाई लिएर लेखिएको निबन्धमा कृष्णप्रसाद भट्टराईको सफल कार्यकालको अपेक्षा

गरिएको छ र राजनीतिमा हुने गरेका दुष्कृतिहरूको अन्त्यको आशा गरिएको छ । निबन्धमा राजनीतिमा हुने गरेका ठूला ठूला भ्रष्टाचारहरूले नेताहरूको भविष्यलाई सङ्कटमा पार्ने भएकाले महाभारतकालीन कृष्णले गान्धारीको श्रापबाट वंशनाशको सिकार हुनुपरेको जस्तो अहिलेका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले पनि जनताको श्रापबाट समूल विनाशमा जानु नपरोस् भन्ने अपेक्षा गर्दै निबन्धमा उनको सफल कार्यकालको आशा व्यक्त गरिएको छ। यसका साथै उनले नियुक्ति दिने व्यक्तिहरूमा निष्कलङ्कताको छनक आउनुपर्ने र पार्टीको तथा जनताको भावनाबमोजिम कार्य गर्दै जानुपर्ने र देशलाई विकासपथमा अगाडि बढाउनुपर्ने चाहना राखिएको निबन्धमा अब पनि पहिलेजस्तै कुकृत्य गरेर स्वार्थपरवश भएमा उनले ठूलो मूल्य चुकाउनुपर्छ । त्यसैले अनिष्ट भविष्यप्रति सचेत बनी जनताका लागि शासन गर्न उनलाई सुझाइएको छ । यसरी निबन्धमा महाभारतकालीन कृष्णको प्रसङ्गबाट प्रतीकात्मक रूपमा नेपाली राजनीतिमा देखिएको सामयिक परिवेशको चित्रण गरिएको छ र अनिष्ट भविष्यप्रति सजग गराई सफल कार्यकालको जनतामुखी शासनको चाहना व्यक्त गरिएको छ। समग्रमा आत्मपरक शैलीमा लेखिएको निबन्धमा सुझावको सरल तथा सुबोध्य भाषाको प्रयोग गरिएको छ र प्रतीकात्मकताको प्रयोगले निबन्धको प्रतिपादेयतालाई स्पष्ट पारिएको छ।

### ४.२.११ कृष्णलाई शासन, माधवलाई भाषण, जनार्दनलाई रासन !

२०५६ असार २१ को तरुण साप्ताहिकमा प्रकशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित प्रस्तुत निबन्ध पनि नेपाली राजनीतिकै परिवेशमा लेखिएको छ। नेपाली राजनीतिलाई निबन्धको विषयवस्तु बनाई त्यसमा देखिएका विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गर्ने निबन्धकार अधिकारीले यस निबन्धमा पनि सोही प्रवृत्तिलाई अपनाएका छन् । पूर्वस्मृतिका क्रममा आफ्नो बाल्यकालका प्रसङ्गहरू समेत ल्याई निबन्धकारले कृष्णप्रसाद भट्टराईको शासन, माधवकुमार नेपालको भाषणप्रति कटाक्ष गरेका छन्। प्रधानमन्त्री भएका भट्टराईले जनताको अपेक्षाअनुसारको गतिविधि सञ्चालन गर्न नसकेको र सत्तामा पुगेपछि सन्त नेता भ्रष्ट रूपमा नाङ्गो भएको यथार्थलाई प्रस्तुत गर्दै प्रतिपक्षी एमाले नेता माधवकुमार नेपाल भाषण मात्र गर्न जान्ने, तर केही कार्य नगर्ने भन्दै उनीप्रति कटाक्ष गरेका छन्। निबन्धमा जनतालाई जनार्दन भनी सम्बोधन गरिएको छ र जनताले चाहेको रासन हो, जसलाई पूरा गराउनका लागि सत्तासीन व्यक्तिहरूले प्रयत्न गर्नुपर्ने हो, तर उनीहरू नै जनताको जीविकोपार्जनप्रति उदासीन बन्दै गएको र जनता पीडित हुनुपरेको यथार्थलाई निबन्धमा उजागर गरेका छन्। तसर्थ जनताको भावना बमोजिम जनताको आवश्यकताको परिपूर्तिमा लाग्नुपर्ने र भाषणमा मात्र सीमित नरही आफ्ना जनतामुखी गतिविधिलाई अगाडि बढाउनुपर्ने सन्देश निबन्धमा पाइन्छ । समग्रमा आनुप्रासिक शीर्षकको प्रतीकात्मकताले नेपाली शासनका पक्षी तथा प्रतिपक्षी नेताहरूसमक्ष कटाक्ष गरिएको प्रस्तुत निबन्ध भावावबोधनमा गम्भीर देखिन्छ।

### ४.२.१२ राज्यमन्त्रीज्यू, राजी हुनुहुन्छ भने ताली ठोक्नोस्

२०५६ असार २८ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित प्रस्तुत निबन्ध राजनीतिक परिवेशमा लेखिएको छ । नेपाली राजनीतिमा हुने गरेका

भ्रष्टाचारलाई इंगित गर्दै निबन्धकारले तत्कालीन शिक्षा राज्यमन्त्रीले फिर्ता गरेको राज्यको सुविधालाई विषयवस्तु बनाएका छन् । नेपाली राजनीतिमा सत्तामा पुगेपछि व्यापक भ्रष्टाचार गर्ने परिपाटी रहेको र तत्कालीन समयमा राज्यमन्त्रीले आफ्ना सुविधा फिर्ता गर्नु आश्चर्यजनक रहेको भन्दै निबन्धकारले राज्यमन्त्रीको यो कदममा केही स्वार्थ लुकेको हुन सक्ने आशङ्का गरेका छन् । भविष्यमा सत्तामा सहज हुने कारण अहिले सुविधा फिर्ता गरेको हुन सक्ने र अहिलेको छविले पछि भविष्यमा जनतामा कुनै पनि आशङ्का उब्जिन नसक्ने र व्यापक भ्रष्टाचार गर्न पाइने सोच उनमा रहेको हुन सक्ने भन्दै निबन्धकारले आगामी १० वर्षमा पनि एक पैसा भ्रष्टाचार नगरे आफूले काधमा राखेर काठमाडौं घुमाउन तयार रहेको भन्दै हाँक दिएका छन्। त्यसैले भ्रष्टाचार गर्नुको साटो पाएको सुविधामै सन्तुष्ट हुन आग्रह पनि गरेका छन् । यसरी निबन्धमा नेपाली राजनीतिमा देखिएको भ्रष्टाचारी प्रवृत्ति र तत्कालीन राज्यमन्त्रीले गरेको सेवासुविधा फिर्ताबाट उब्जिएको आशङ्काले उत्पन्न गरेको भविष्यको सङ्केतलाई व्यङ्ग्य गर्दै भ्रष्टाचारमुक्त नेपाल बनाउनुपर्ने सन्देश दिएका छन् । एकातिर भ्रष्टाचारी नेताको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ भने अर्कोतिर राज्यमन्त्रीको कदमले त्यसको सुरुवात गरेकाले आन्तरिक रूपमा प्रशंसा पनि गरिएको छ। सरल भाषा, आलोचनात्मक हाँकको शैलीले निबन्धलाई भावप्रस्फुटनमा सशक्त बनाएका छन्।

## ४.२.१३ छत्तिसे, बत्तिसे र एकतिसे काङ्ग्रेस !

प्रस्तुत निबन्ध नेपाली काङ्ग्रेसमा देखिएको अमर्यादित पार्टीसञ्चालनलाई लिएर लेखिएको छ । २०५६, साउन १७ को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्धले नेपाली काङ्ग्रेसका सीमित नेताहरूले स्वार्थवश पार्टीका मूल्य मान्यताविपरीत गतिविधि सञ्चालन गर्दै आएको र त्यसले गर्दा नेपाली काङ्ग्रेसको भविष्य अनिश्चिततामा पुगेकोप्रति व्यङ्ग्य प्रहार गरेको छ। निबन्धमा नेपाली काङ्ग्रेसलाई छत्तिसे, बत्तिसे र एकतिसे काङ्ग्रेस गरी तीन वर्गमा विभाजन गरिएको छ र वास्तविक काङ्ग्रेस तिनीहरू नभएर स्वार्थपूर्तिका लागि उनीहरूको कार्यशैलीले उनीहरूलाई विभाजित तुल्याएकोप्रति चिन्ता व्यक्त गरिएको छ। निबन्धमा वास्तविक काङ्ग्रेस भनेका नेता र तिनका कार्यकर्ता नभएर गाउँ गाउँमा रहेका, झुपडी झुपडीमा रहेका व्यक्तिहरू हुन्, जसले देश र समाजका लागि अपरिहार्य सहयोग गरेका छन्, जसको सेरोफेरोमा सम्पूर्ण राजनीति घुमेको छ र जसका कारण सम्पूर्ण देश नै प्रजातान्त्रिक बनेको छ। तिनीहरू नै वास्तविक काङ्ग्रेस हुन् र अन्य नेताभनाउँदा देखावटी मात्र हुन् भनेर नेताहरूलाई जनताको गाउँ तथा झुपडीमा पुगी उनीहरूको भावनाबमोजिम कार्य सञ्चालन गर्न निबन्धमा आग्रह गरिएको छ। यसरी व्यङ्ग्यात्मक भाषामा लेखिएको निबन्धमा काङ्ग्रेसमा परिवर्तित कार्यशैलीप्रति चिन्ता गर्नुका साथै उनीहरू बेलैमा सचेत हुनुपर्ने कुरालाई सरल भाषामा व्यक्त गरिएको छ।

## ४.२.१४ राजालाई सक्रिय नेतृत्वका लागि आमन्त्रण !

यो निबन्ध २०५६ साउन १७ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को निबन्ध हो । यस निबन्धमा व्यङ्ग्यात्मकता भन्दा यथार्थता बढी पाइन्छ। यस निबन्धमा नेपालमा देखिएको राजनीतिक अव्यवस्था, नेपालका राजनीतिक दलहरूको

खिँचातानी र सत्तामोहका साथै नेपाली जनताले पत्याएको नेपाली काङ्ग्रेसमा नै आएको फुटको अवस्थाप्रति निबन्धकारले चिन्ता व्यक्त गरेका छन् । नेपाली काङ्ग्रेसबाहेक अन्य राजनीतिक दलहरूले भन्नका लागि मात्र प्रजातान्त्रिक व्यवस्थालाई मान्छौँ भने पनि सतही रूपमा यस व्यवस्थाप्रति असन्तुष्ट रहेको र बहुमत पाई नेपाली काङ्ग्रेसले सत्ता प्राप्त गरे पनि काङ्ग्रेसभित्रै मानसिक रूपमा विभाजन आउनुले उसले प्राप्त गरेका उपलब्धिहरू सङ्कटमा पर्दै गएको अवस्थाप्रति निबन्धकार चिन्तित बनेका छन् र यसले नेपालको प्रजातन्त्र पुनः धरापमा पर्ने सक्ने भविष्य इंगित गरेका छन्। उनले बाह्य रूपमा नेपालका अन्य राजनीतिक दलहरू असमर्थताको धरापमा भाँसिदै गएकाले राजालाई नेतृत्वका लागि आह्वान गरे पनि आन्तरिक रूपमा जनताले दुःख गरेर ल्याएको प्रजातन्त्र पुनः धरापमा पर्न सक्ने भएकाले पुनः मानसिक रूपमा पनि एकजुट भई प्रजातन्त्रको सुदृढीकरणमा लाग्नुपर्ने सन्देश दिएका छन्। यसरी नेपाली राजनीतिक दलहरूको फुटप्रति व्यङ्ग्य गरिएको प्रस्तुत निबन्ध राजनीतिक पृष्ठभूमिको भाषा, प्रतिक्रियात्मक शैलीले गर्दा विषयप्रतिपादनमा सक्षम बनेको छ।

## ४.२.१५ बल्ल माओवादी समस्याको समाधान गरैं !

२०५६ भदौ ७ को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्ध तत्कालीन नेपालमा देखिएको माओवादी समस्यासँग सम्बन्धित छ । माओवादीको सशस्त्र गृहयुद्धका कारण सम्पूर्ण नेपालीहरू त्रसित हुनुपरेको र त्रासमै बाँच्नुपरेको यथार्थलाई प्रस्तुत गर्दै माओवादीको समस्या निराकरणका लागि सरकारीपक्षबाट केही पहल नभएको कुराप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । राजनीतिक दलहरू आफ्नै भरणपोषणमा लागेर देशमा देखिएका विकराल समस्याहरूको समाधानका लागि तत्परता नदेखाएपछि त्यस्ता समस्याहरूले नेपाली जनता नै पीडित हुनुपरेको छ । जनताबाट चुनिएर गए पनि सत्तामा पुगेपछि जनताका समस्याप्रति नै उदासीन नेताहरूको स्वार्थी प्रवृत्तिका कारण नेपाली जनताले निर्धक्क भएर बाँच्न पाउने अधिकारबाट वञ्चित हुनुपरेको यथार्थलाई प्रस्तुत गर्दै निबन्धकारले सत्तासीन नेताहरूमाथि शब्दबाण प्रहार गरेका छन्। तत्काल माओवादी समस्याको समाधान गरी जनतालाई निर्धक्क बाँच्न पाउने अधिकार दिलाउनका लागि राजनीतिक दलहरूलाई आग्रह गरिएको निबन्धमा निबन्धकारले स्वाप्निक आख्यानका माध्यमले निबन्धगत विषयवस्तु प्रस्तुत गरेका छन्। बाह्य रूपमा हास्यात्मक देखिए पनि आन्तरिक रूपमा माओवादी समस्याको तत्काल निराकरण हुनुपर्ने र जनतालाई राहत दिनुपर्ने भाव निबन्धमा व्यक्त भएको छ । आख्यानात्मक शैलीको प्रयोग गरिएको र बुँदागत रूपमा निबन्धगत विषयवस्तु प्रतिपादन गरिएको निबन्धमा उखान टुक्काको सार्थक प्रयोग र सरल तथा सुबोध्य भाषिक प्रयोगले निबन्धलाई विषयप्रतिपादन र भावावबोधनमा सशक्त बनााएका छन्।

## ४.२.१६ हे भारतमाता यस्तै कुपुत्र सरकारलाई फेरि नजन्माऊ है !

प्रस्तुत निबन्ध २०५६ असोज १० को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्गहित छ। नेपाल र भारतबीचको मित्रता र भारतले समय समयमा नेपालप्रति देखाउने असहज व्यवहारलाई निबन्धले आफ्नो विषयवस्तु बनाएको छ र भारतले त्यस्तो व्यवहारले

नेपाल र भारतबीचको सद्भाव र सौहार्द्रतामा आँच आउन सक्छ भन्दै भारतीय सरकारलाई त्यस्तो व्यवहार बारम्बार नदोहोऱ्याउन आग्रह गरिएको छ। निबन्धमा नेपाल र भारतबीचको प्रशंसनीय मित्रताको कुरा उठाउँदै नेपालीहरूले भारतमा गएर र भारतीयहरूले नेपालमा आएर काम गर्ने गरेको प्रसङ्गका साथै नेपाल र भारतबीचका तीर्थस्थल, वैवाहिक सम्बन्ध आदिलाई पनि यथास्थानमा प्रस्तुत गरिएको छ। यस्तो प्रशंसनीय मित्रता भए पनि भारतले समय समयमा नेपालप्रति अभद्र व्यवहार गर्ने गरेको र नेपाललाई समस्यामा पारिदिने गरेको प्रसङ्ग ल्याउँदै निबन्धकारले यसबाट नेपाल र भारतबीचको मित्रतामा दरार उत्पन्न हुन सक्ने र यसले दुबैलाई फाइदाभन्दा पनि नोक्सान हुने हुनाले यस्तो नगर्न आग्रह गरेका छन्। शीर्षकबमोजिम भारत देशलाई सम्बोधन गर्दै नेपाललाई अभद्र व्यवहार गर्ने र अप्ठ्यारोमा पार्ने कुपुत्र अर्थात् नेपालको हित नचाहने सरकार नबनाउन निबन्धमा आग्रह गरिएको छ। नेपाल र भारतबीचको मित्रताको वर्णन, धार्मिक तथा राजनीतिक सन्दर्भ, बोलीचालीको भाषिक प्रयोग प्रस्तुत निबन्धका वैशिष्ट्य हुन्।

### ४.२.१७ लौ अब भन्, तेरो भट्टराई र हामीमा के के अन्तर छ !

यो निबन्ध २०५६ असोज २४ को तरुण साप्ताहिकमा प्रकाशित व्यङ्ग्यात्मक निबन्ध हो। यस निबन्धमा राणाकालीन शासक, पञ्चायती शासक र प्रजातान्त्रिक शासकको चरित्रमा केही अन्तर नभएको भन्दै उनीहरूको संवादात्मक शैलीमा त्यसको पर्दाफास गरिएको छ। यस निबन्धमा कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वकालको सामयिक परिवेशको चित्रण गर्नुका साथै भट्टराईको आदर्श व्यक्तित्व पनि यौनका कारण अप्ठ्यारोमा परेको कुरा उठाइएको छ। विश्वका उच्च शासकवर्गहरूको चरित्रहत्या गर्न उनीहरूलाई विभिन्न लाञ्छना लगाइने परिपाटि देखिएको र त्यस्तै व्यवहारको सिकार भट्टराई भएका भन्दै निबन्धमा आएको म पात्रले उनको आदर्श चरित्र जोगाउन खोजे पनि उसको पक्षमा कोही नआएको र यसको कारण भट्टराईकै चरित्र त्यस्तो भएको सबैले थाहा पाउनु हो। यसैले राणाकालीन र पञ्चायती व्यवस्थाका शासकहरू पनि प्रजातन्त्र र त्योभन्दा अगाडिका व्यवस्थामा कुनै भिन्नता नदेखिएको र व्यवस्था फेरिए पनि शासक फेरिन नसकेको नमीठो यथार्थलाई प्रस्तुत गर्दै निबन्धकारले यस व्यवस्थाका शासकहरूमाथि व्यङ्ग्य कसेका छन्। नेपाली बोलीचालीको नारा तथा उखानटुक्कामिश्रित भाषिक प्रयोग, संवादात्मक प्रस्तुति तथा कथात्मकता र तात्कालीन राजनीति परिवेश यस निबन्धका शिल्पपक्ष हुन्।

### ४.२.१८ राम राम गोरु, राम राम !

प्रस्तुत निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को व्यङ्ग्यात्मक निबन्ध हो। यो निबन्ध पहिले २०५६ कात्तिकको तरुण साप्ताहिकमा प्रकाशित देखिन्छ। यस निबन्धमा प्रतीकात्मक रूपमा गोरु शब्दको प्रयोग गरिएको छ र यस शब्दले कुनै नेता वा शासकलाई सम्बोधन गर्न खोजिएको छ। गोरु र मानिसको सम्बन्ध कृषिप्रधान हाम्रो देशमा अन्योन्याश्रित भए पनि निबन्धमा आएको गोरु कुनै पनि कार्य गर्नमा असमर्थ छ र असमर्थतामा अनेक वहाना बनाउन सिपालु छ। अझ यो गोरु डामेर छाडिएको गोरु हो र यसलाई अनेक विधिद्वारा अन्य गोरुसरह बनाइएको छ। यो गोरु गाह्रो कामबाट पन्छिन खोज्ने र आफूलाई फाइदा हुने कामलाई आफूमात्र ओगट्न खोज्ने

खालको छ। यस्तो गोरुलाई म पात्रले आफ्नै छत्रछायामा बचाउँदै आए पनि आफैँलाई हानि गर्न आएपछि सधैँ बोकेर हिँड्न नसक्ने बताउँदै यसको अन्त्यको साक्षी बन्न तयार भए पनि यसको बचाउ गर्न नसक्ने बताएको छ । यसप्रकार निबन्धमा आएको गोरु प्रतीकात्मक रूपमा शासनव्यवस्था फेरिएर नयाँ व्यवस्थामा आएको पूर्वशासनव्यवस्थाको कोही नेता हो । जसले समयसापेक्ष आफ्नो व्यक्तित्व परिवर्तन गर्न नसक्दा उसको जीवन धरापमा पर्दैछ भन्ने कुरा निबन्धले बताउन खोजेको छ। यसरी प्रतीकात्मकताको बहुल प्रयोग र त्यसबाट शासनव्यवस्थाको कोही शासकप्रतिको व्यङ्ग्य गरिएको यस निबन्धमा बोलीचालीको सरल तथा संस्कृतमिश्रित भाषा, वर्णनात्मक तथा प्रथम पुरुषात्मक शैली पाइन्छ।

## ४.२.१९ दुई भाइ भट्टराईलाई नरकमा घडेरी !

यो निबन्ध माओवादी युद्धसँग सम्बन्धित छ। माओवादीको सशस्त्र युद्धका कारण भएको मानवसंहारलाई लक्षित गर्दै निबन्धकारले युद्धको सुरुवात गर्ने माओवादीका बाबुराम भट्टराई र माओवादीलाई सखाप पार्ने निहुँमा सरकारप्रमुख कृष्णप्रसाद भट्टराईका तर्फबाट भएको प्रहरीपरिचालनले भएको हत्याका कारण यी दुई भट्टराईलाई नै मुख्य दोषीको रूपमा ठहर गर्दै निबन्धकारले यिनीहरूलाई नरकको वास हुनुपर्ने निष्कर्ष निकालेका छन्। मुख्यतः माओवादीको प्रारम्भ बाबुरामबाट भएकाले यिनको दोष बढी भएकाले तिनलाई बढी सजाय हुनुपर्ने भन्दै नारकीय किस्साका माध्यमबाट ती दुबै भट्टराईलाई चोटिलो व्यङ्ग्य प्रहार गरेका छन्। दुबै पक्षबाट जो मरे पनि नेपाली नै मर्ने भएकाले यस्तो युद्ध भयङ्कर हुने र यसले देशविकासको मार्गनिरोध गर्ने भाव प्रकट गर्दै निबन्धले यस्तो युद्धको थालनी गर्नु र हतियारकै माध्यमबाट रोक्नु दुबै गलत भएको भन्दै यस्तो दुबै कार्य गर्न नहुने निबन्धकारको ठहर छ। यसप्रकार सरल तथा सहज भाषामा संरचित प्रस्तुत निबन्ध कथानकीय व्यङ्ग्यात्मक शैलीमा रचिएको छ भने समसामयिक घटनाको प्रस्तुति, राजनीतिक, सामाजिक तथा युद्धग्रस्त समसामयिक परिवेशको चित्रण गर्न सशक्त देखिन्छ।

## ४.२.२० तपाइँ नेपाली काङ्ग्रेस कि कपाली काङ्ग्रेस ?

यो निबन्ध २०५६ मंसिर १३ को तरुण साप्ताहिक र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को व्यङ्ग्यात्मक निबन्ध हो। यस निबन्धमा मृत्युवरण गरिसकेका दुई नेता विश्वेश्वरप्रसाद कोइराला र गणेशमान सिंहको संवादका माध्यमबाट नेपाली काङ्ग्रेसमा देखिँदै गएको अनैतिक राजनीति र विशेषगरी तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईमा हराउँदै गएको स्वविवेकप्रति चिन्ता व्यक्त गरिएको छ। निबन्धमा गिरिजाप्रसादलाई अर्काको कुरा बढी सुन्ने र वरिष्ठको कुरा नमान्ने व्यक्तिका रूपमा चित्रण गरेर उसले सबैसँग माफी मागेकाले उसलाई प्रजातन्त्रवादी नेताका रूपमा स्वीकार गरिएको छ भने कृष्णप्रसादले आफ्नो विवेकले काम गर्ने भएकाले जनताले उनीमाथि ठूलो आशा राखे पनि पछिल्लो समयमा उनले देखाएको रवाफ र बढ्दै गएको भ्रष्टाचार तथा उनको चरित्रमाथि लागेको अनैतिक आरोपले सम्पूर्ण नेपाल, नेपाली र नेपाली काङ्ग्रेसको भविष्य अधोगतितर्फ उन्मुख भइरहेको छ भनी चिन्ता व्यक्त गरिएको छ। राजनीतिक शब्दहरूको

प्रयोग, संवादात्मक शैली, तत्कालिक समसामयिक परिवेशको चित्रणले प्रस्तुत निबन्ध विषयप्रतिपादनमा सक्षम बनेको छ।

### ४.२.२१ नेताको सेपमा परेको छ नेपाली काङ्ग्रेसको दोस्रो पुस्ता !

यो निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को निबन्ध हो । नेपाली काङ्ग्रेस राजनीतिक दलमा देखिएको अस्वाभाविक परिस्थितिलाई यस निबन्धले आफ्नो विषयवस्तु बनाएको छ । नेपालको ज्येष्ठ दल नेपाली काङ्ग्रेसले समय अनुसार आफूलाई परिवर्तन गर्न नसकेको र बूढो गोरुले गाई ओगटेजस्तो बूढा नेताले नै पार्टी ओगटेर बसेको अनि यसको नेतृत्व दोस्रो पुस्तालाई हस्तान्तरण गर्न नसकेको प्रसङ्ग पनि यस निबन्धमा पाइन्छ । पार्टीका वयोवृद्ध नेताहरूले सत्ता दोस्रो पुस्तालाई दिन अलमलिएको र पार्टीलाई पनि पुर्ख्यौली सम्पत्ति ठानी आफ्ना छोराछोरी सक्षम नभएसम्म आफूले नै ओगटेर पार्टीमा स्वस्थ प्रतिस्पर्धा भई दोस्रो पुस्ताका व्यक्तिहरूले नेतृत्व लिन नपाएको कुरा निबन्धमा पाइन्छ। यसले गर्दा नेपाली काङ्ग्रेसमा व्यवस्था बदलिए पनि नेतृत्व कर्ता बदलिन नसकेको र सशक्त क्षमता र विवेक भएका दोस्रो पुस्ताका नेताहरू निरीह भई बस्नुपरेको तीतो यथार्थप्रति निबन्धले व्यङ्ग्य कसेको छ। यसरी नेपाली काङ्ग्रेसमा देखिएको प्रवृत्तिलाई विषयवस्तु बनाएको निबन्धले युवा जोस र जाँगर भएका व्यक्तिहरूको हातमा पार्टी हस्तान्तरण गरी आफूले अभिभावकत्व वहन गरिदिएर पार्टीलाई सशक्त बनाउनुपर्ने भाव व्यक्त गरेको छ । सरल तथा सहज भाषा तथा वैचारिक तर्कले युक्त निबन्ध तत्कालीन परिवेशमा समसामयिक बन्न पुगेको छ।

### ४.२.२२ भट्टराईजी, प्रधानमन्त्रीको पगरी अविलम्ब फुकाल्नुहोस्

तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को निबन्ध हो, भट्टराईजी, प्रधानमन्त्रीको पगरी अविलम्ब फुकाल्नुहोस् । यस निबन्धमा भट्टराई भनेर तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई सम्बोधन गरिएको छ। प्रजातान्त्रिक युद्धबाट प्रधानमन्त्री भएका कृष्णप्रसाद भट्टराईले प्रजातान्त्रिक भावनालाई समेटेर शासन गर्न नसकेको र उनको शासनकालमा सार्वभौम नेपालका जनताले गास, वास तथा कपासको अनुभूति गर्न नपाएको भन्दै प्रजातान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गर्नुको सट्टा जनतालाई महङ्गी वृद्धि गरी मर्कामा पारेको र घुसखोरहरूको निर्मूल गर्न नसकेका कारण उनको शासन अप्रजातान्त्रिक बन्न पुगेको निष्कर्ष निकाल्दै निबन्धमा प्रधानमन्त्रीको पगरी फुकाल्न भट्टराईलाई आग्रह गरिएको छ । यस्तै पार्टीप्रति निरपेक्ष बनेका गिरिजाप्रसादको जस्तो पार्टीलाई आफ्नो नेतृत्वमा ल्याउन सक्ने सामर्थ्य नभएका कारण निबन्धकार सक्षम बन्न नसकेको र पार्टीको मूल्य मान्यताबमोजिक नेतृत्व अगाडि बढाउन नसकेको तर्क पेश गरिएको छ। यसरी निबन्धमा जनताको इच्छानुसार कार्यक्षमता विस्तार गर्न नसकेको कारण यसबाट जनता निरीह बन्न बाध्य भएको भाव निबन्धमा आएको छ। राजनीतिक परिवेश, राजनीतिक तथा प्रशासनिक भाषाको मिश्रण तथा आक्रोश निबन्धमा पाइन्छ।

## ४.२.२३ सरकारले हामी गाउँलेलाई मान्छ्यै गनेन !

प्रस्तुत निबन्ध २०५६ पुष ५ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धमा सङ्कलित यथार्थपरक निबन्ध हो। यस निबन्धमा देशको सम्पूर्ण शक्ति राजधानीकेन्द्रित भएको र राजधानीइतरका सम्पूर्ण जनता राज्यकोशबाट पाउनुपर्ने सबै सुविधाबाट वञ्चित हुनुपरेको नमीठो यथार्थलाई निबन्धले आफ्नो विषयवस्तु बनाएको छ। केवल भोट माग्नकै लागि नेताहरूले पैसा बाँड्ने, नेतृत्वतहमा पुगेपछि भने जनतालाई वास्तविक रूपमा गास, वास, कपासको सहानुभूति दिलाउन नसक्ने, सम्पूर्ण सुविधालाई राजधानीमा थुपारेर त्यस इतरका क्षेत्रलाई विकासबाट वञ्चित बनाएको दुखेसो निबन्धमा पोखिएको छ। यसरी देशविकास राजधानीलाई सुविधासम्पन्न बनाएर होइन, सबै योजना राजधानीकेन्द्रित गरेर होइन, विकास गर्ने नै हो भने देशको सर्वाङ्गीण विकास गर्नुपर्ने नत्र पिछडिएका क्षेत्रका वासिन्दालाई सुविधाजनक स्थानमा स्थानान्तरण गर्नुपर्ने भाव निबन्धमा पाइन्छ। संस्कृत तथा नेपाली सूक्ति तथा उखानटुक्काहरूको प्रयोग, आलोचनात्मक शैली तथा प्रतीकात्मक व्यङ्ग्यले निबन्धले राजधानीकेन्द्रित विकासलाई तीखो व्यङ्ग्यबाण प्रहार गरेको छ नै नेपाली राजनीतिमा देखिएको अदूरदर्शी व्यवस्थापनलाई यथार्थरूपमा प्रस्तुत गरेको छ।

## ४.२.२४ नपखाली भगवान्को पूजा नगर !

यो निबन्ध पुष १२, २०५६ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्गहित गरिएको व्यङ्ग्यात्मक निबन्ध हो । राजनीतिक परिवेश रहेको यस निबन्धमा पनि नेपाली काङ्ग्रेसका विभिन्न नेताहरूको चरित्रलाई विषयवस्तु बनाई उनीहरूमाथि व्यङ्ग्य गरिएको छ। यस निबन्धमा नेता भन्दा पनि उनीहरूका आसेपासेले उनीहरूलाई उचाल्ने र पछि पछार्ने काम गर्ने हुनाले उनीहरूले विचार पुऱ्याएर मात्र त्यस्ता व्यक्तिलाई सल्लाहकारमा नियुक्ति दिनुपर्छ नत्र उनीहरूबाटै बद्नामी खेप्नुपर्छ भन्ने भाव निबन्धमा पाइन्छ । निबन्धमा गिरिजाप्रसाद, शेरबहादुर र कृष्णप्रसादभट्टराईको प्रसङ्ग उल्लेख गरिएको छ र गिरिजाप्रसाद तथा कृष्णप्रसाद आफ्ना त्यस्तै आसेपासेका कारण बद्नाम हुनुपरेको तथा उनीहरूको चरित्रहत्या हुने काम भएको भन्दै एकातिर उनीहरूलाई सजग बनाउन खोजिएको छ भने अर्कोतिर उनीहरूको अनैतिक व्यवहारले उनीहरू आफैँ फस्दै गएकाले आफूलाई सन्मार्गमा लाग्न अभिप्रेरित गरिएको छ। शीर्षकले नेतृत्वतहका उच्चवर्गलाई आफ्नो निजी व्यक्तिलाई बुझेर मात्र नियुक्त गर भन्ने सन्देश दिएको छ। यसरी प्रतीकात्मक शीर्षकमा लेखिएको निबन्धमा प्रसङ्गान्तरले भन्न खोजिएको कुरा बताइएको छ । यसका साथै राजनीतिक विभिन्न व्यक्तिको प्रसङ्ग, राजनीतिक परिवेश, व्यङ्ग्यात्मक प्रसङ्ग, तदनुसार भाषा र आलोचनात्मक शैली यस निबन्धलाई चोटिलो बनाउन पर्याप्त देखिएका छन्।

## ४.२.२५ कसले पठायो – अमृतको घडा, नारायणहिटी दरबारमा !

राजामा देखिएको सद्बुद्धि र प्रजातान्त्रिक व्यवहार तथा नेताहरूमा देखिएको अप्रजातान्त्रिक व्यवहारप्रति कटु आलोचना गरिएको कसले पठायो – अमृतको घडा, नारायणहिटी

दरबारमा ! निबन्ध प्रजातन्त्रप्रति दरबारले देखाएको सहानुभूतिको प्रशंसा गर्दै लेखिएको निबन्ध हो । नेपालमा पृथ्वीनारायण शाहदेखि रणबहादुर, त्रिभुवन, महेन्द्र तथा वीरेन्द्र सबैले यथासमयमा राम्रो काम गरेका तर प्रजातान्त्रिक व्यवस्था भए पनि तदनुसार जनताका मर्म बुझेर नेताहरूले त्यस्तो काम गर्न नसकेका कारण उनीहरूले पनि समयानुसार परिवर्तन भई देशविकासको काममा तदारुकता जनाउनुपर्ने भाव निबन्धमा पाइन्छ । यसैले शासक भएर पनि जनताप्रति सहानुभूति देखाउनु राजाहरूको प्रशंसनीय पक्ष हो भन्दै नेताले पनि त्यस्तै सकारात्मक कार्यहरूको अनुसरण गर्नुपर्ने सन्देश निबन्धले दिएको छ। प्रतीकात्मक शीर्षकबाट निबन्धले वास्तविक प्रजातन्त्रात्मक व्यवस्थामा जसले गर्नुपर्ने कार्य हो, उनीहरूले गर्न नसकेको र उनीहरूलाई पनि यस्तो कार्य गर्नमा बुद्धि पलाओस् भन्ने प्रतिक्रिया दिएको छ। पृथ्वीनारायणदेखि वीरेन्द्रसम्मको कालिक उल्लेखन, समसामयिक राजनीतिक अवस्था आदि परिवेश रहेको प्रस्तुत निबन्ध प्रतीकात्मकता तथा विभिन्न संस्कृत सूक्तिहरूको प्रयोग भएको भाषिक प्रयोगले तत्कालीन नेतृत्वतहलाई व्यङ्ग्य गर्न सफल भएको छ।

## ४.२.२६ देश खाने कथा – आमा बोक्सी, छोरी झाँक्री के हो ?

गाउँखाने कथात्मक शीर्षक रहेको प्रस्तुत निबन्ध  पुष २६, २०५६ को तरुण साप्ताहिकमा प्रकाशित व्यङ्ग्यात्मक निबन्ध हो । शीर्षकबाटै व्यङ्ग्यात्मकता स्पष्ट झल्कने प्रस्तुत निबन्धमा नेपालमा देखिएका सबै व्यवस्थाहरू भ्रष्टाचारबाट अछूत हुन नसकेको प्रसङ्गलाई अँगालिएको छ। प्रारम्भमा गाउँखाने कथात्मक भाषामा प्रश्न सोधी देश रित्याउने नेतामाथि व्यङ्ग्य गरिएको यस निबन्धमा त्यसपछि पञ्चायत व्यवस्था र २०४६ को प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापन भए पनि भ्रष्टाचार घट्नुको साटो बढ्दै गएको र देशका ठूला स्थानमा स्वस्थ प्रतिस्पर्धाको साटो नातावाद र कृपावाद चल्दै गरेको यस अवस्थामा नेताहरू आदर्श, सिद्धान्त र नैतिकताको सेकुवा चपाउन व्यस्त भएको र उनीहरू देशमा भएका विकृति, विसङ्गति उन्मूलन गर्ने कुनै कार्यमा सहभागी हुन नसकेका विभिन्न तीता यथार्थहरूलाई विषयवस्तुका रूपमा उतारिएका छ । यस्तै सोझा निमुखा जनताहरूलाई झुक्याउँदै बारम्बार आफू उच्च स्थानमा पुगिरहेका नेताहरूले यसैगरी सधैँ जनतालाई भुक्याउन पल्किएका छन्, त्यसैले जनताहरू सजग हुनुपर्ने अवस्था आएको सतही भाव पनि निबन्धमा पाइन्छ। जम्माजम्मी १ पृष्ठको संरचनात्मक स्वरूप, गाउँखाने कथाको प्रश्नात्मक रूपमा व्यङ्ग्यात्मकता, रोचक तथा घोचक भाषिक प्रयोग, नवीन शिल्पको प्रयोग र विभिन्न कथाकुथुङ्ग्रीहरूको टिपनटापनले निबन्ध पाठ्य बनेको छ र सम्बन्धित वर्गमाथि धारिलो तरवार बन्न पुगेको छ।

## ४.२.२७ बाबुभन्दा छोरो जेठो,  धृतराष्ट्र शासन गर्दै छन्, भीष्मपितामह जन्मदै छन् !

महाभारतका फरक पृष्ठभूमिका दुई पात्रहरूको चरित्रलाई समसामयिक नेपालको पृष्ठभूमिमा लिएर लेखिएको प्रस्तुत निबन्ध २०५६ माघ १० को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को व्यङ्ग्यपरक निबन्ध हो । बाबुछोरीको संवादात्मक रूपमा प्रस्तुत गरिएको प्रस्तुत निबन्धमा जो समदर्शी बन्छ, त्यो व्यास हुन्छ भन्ने प्रसङ्ग उल्लेख गर्दै

पूर्वाग्रहरहित पत्रकारहरूलाई व्यासको संज्ञा दिइएको छ र उनीहरूको व्यक्तित्वलाई ठूला भनाउँदाहरूले तुच्छ बनाइदिन्छन् भन्दै एकातिर निबन्धमा निष्पक्ष कलमजीवीहरूको सम्मानरहित जीवनभोगाइलाई दर्शाउन खोजिएको छ भने अर्कोतिर धृतराष्ट्रको प्रसङ्ग ल्याई शासन गर्नेमा अन्धोपन आउने र उनीहरू पारिवारिक मोहमा पर्ने हुनाले उनीहरूकै कारण विकृति र विसङ्गतिको प्रारम्भ हुने हुनाले नेपालका नेतृत्वगण धृतराष्ट्रका छाया भएको भनी उनीहरूप्रति व्यङ्ग्य गरिएको छ। निबन्धमा धृतराष्ट्रका रूपमा तत्कालीन नेता कृष्णप्रसाद भट्टराईलाई व्यङ्ग्य गर्न खोजिएको छ भने सत्ताबाट प्राप्त हुने निन्दाबाट पन्छिएका राजाहरूलाई कृष्णको उपमा दिइएको छ र भीष्मपितामहजस्ता व्यक्तित्वहरू नेपाली राजनीतिमा सधैँ अभावका रूपमा रहेका र त्यस्ता स्वच्छ छवि भएका व्यक्तित्वहरू जन्मनेछन् भन्ने भाव निबन्धमा पाइन्छ। यसरी निबन्धमा कलमजीवी निष्पक्ष पत्रकार, लेखकहरूको दयनीय जीवनचर्यालाई दर्शाउँदै नेपालमा देखिएका सबै शासकहरू वा नेताहरू नेतृत्वतहमा पुगेपछि अन्धा हुने र आफ्नै स्वार्थमा लाग्ने भन्दै त्यस्ता नेताहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ। महाभारतीय दुई पात्रलाई प्रतीकात्मक रूपमा टिपेर नेपाली सन्दर्भमा तिनीहरूलाई उठाएर वर्तमान नेताप्रति व्यङ्ग्य गरिएको यस निबन्ध संस्कृत तत्सम शब्दहरूको बहुल प्रयोग, राजनीतिक परिवेश, संवादात्मक शैलीको सुष्ठु प्रयोगले व्यङ्ग्यबाण हान्न सशक्त देखिन्छ।

### ४.२.२८ च्याँसेको नेतृत्वमा "जनआन्दोलन २०५६" !

च्याँसेको नेतृत्वमा "जनआन्दोलन २०५६" निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलन गरिएको र २०५६ साल फागुन २ को तरुण साप्ताहिकमा प्रकाशित अर्को व्यङ्ग्यात्मक निबन्ध हो। राजनीतिक परिवेशमा आधारित प्रस्तुत निबन्धमा बाह्य रूपमा एक अर्काको विरुद्ध उत्रिए पनि आन्तरिक रूपमै एकै स्थानमा रहने राजनीतिक दलहरूको कुप्रवृत्तिको भण्डाफोर गरिएको छ। बाहिर विरोध गरेझैँ गर्ने र भित्र बाँडेर खान पल्केका नेताहरूको कारणले गर्दा देशमा देखिएको माओवादी समस्या समाधान हुन नसकेको कुरालाई उठान गर्दै निबन्धले माओवादी भए पनि त्यो निर्दोष जनता भएकाले त्यसलाई मार्नु नै समस्याको समाधान नहुने भएकाले वैकल्पिक नेतृत्वको आवश्यकता औँल्याएको छ। निबन्धमा सत्तामुखी नेतातन्त्रको विरुद्धमा आवाज उठाउनुपर्ने र उनीहरूलाई जनताको भावना बुझ्न बाध्य पार्नुपर्ने भन्दै उनीहरूले पनि जनतालाई गास, बास, कपासको अनुभूति दिलाउनुपर्ने र आफू पनि जनतासरह भई आफ्ना छोराछोरीलाई पनि सरकारी विद्यालयमा पठनपाठनमा लगाउनुपर्ने र आफू बाँच्ने र अरुलाई बचाउने कुरामा लाग्न नेताहरूलाई आग्रह गरिएको छ। सत्तामुखी नेतातन्त्रमाथि व्यङ्ग्य गरिएको निबन्धले राजनीतिक परिवेशमा रही जनताका चाहनालाई सरल तथा सहज भाषामार्फत् अभिव्यक्त गरेको छ।

### ४.२.२९ महेश्वर नेताको गुप्ताङ्ग झरिसक्यो, अब संहार गर्दै छन् !

२०५६ साल फागुन ३० को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्ध नेपाली राजनीतिक परिवेशलाई आधार बनाएर लेखिएको छ। नेपाली राजनीतिमा देखिएका नेताहरू लाजहीन हुँदै गएका र उनीहरूले आफ्नो स्वार्थका लागि सम्पूर्ण राजनीतिलाई नै बर्बाद पार्न लागिपरेको यथार्थलाई निबन्धको आधारभूमि बनाइएको छ। आख्यानात्मक रूपमा धार्मिक विश्वासलाई निबन्धमा

यथार्थताको रूपमा प्रस्तुत गरिएको छ। पुराकथामा हामीले मान्दै आएका भगवान् शिवजीको लिङ्ग झरेको र हिन्दूहरूको मूलमन्त्र ओङ्कारको अ, उ र म वर्तमानमा राष्ट्रियता, प्रजातन्त्र र समाजवादमा रूपान्तरित भएको भन्दै अहिलेका नेताहरू पनि गुप्ताङ्गहीन भएका छन् र उनीहरूले लाज पचाइसकेका छन् भनी उनीहरूप्रति कटाक्ष गरिएको छ। निबन्धले धार्मिक आख्यानका माध्यमले वर्तमान नेपाली राजनीतिमा देखिएको विसङ्गति र कुरीतिको प्रस्तुतीकरणमा जोड दिएको छ। धार्मिक पुराकथाका माध्यमले वर्तमान राजनीतिक परिवेशमा देखिएका नेताहरूको अनेतृत्वपनलाई व्यङ्ग्य बनाइएको प्रस्तुत निबन्धमा संस्कृत कठिन तत्सम शब्दहरूको प्रयोग तथा सोही प्रकारको भाषा प्रयोग गरिएको छ। जसले निबन्धलाई जटिल बनाए पनि निबन्धले व्यङ्ग्य गर्न खोजेको नेपाल राजनीतिको अधोगमनलाई सहजै बुझ्न सकिन्छ।

## ४.२.३० नयाँ प्रधानमन्त्रीज्यूलाई नेपाली जनताको ठाडो आदेशपत्र !

प्रस्तुत निबन्ध २०५६ चैत ७ को तरुण साप्ताहिकमा प्रकाशित र यस तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को निबन्ध हो। भावी प्रधानमन्त्रीलाई जनताको भाव बुझी जनताको हितमा काम गर्ने सुझाव दिई लेखिएको निबन्धमा नेपालको विकास तथा जनताको इच्छालाई बुझ्ने प्रधानमन्त्रीले मात्र सफल कार्यकाल व्यतीत गर्न सक्छ भन्दै जनताको तर्फबाट उनले गर्नुपर्ने कार्यलाई सूचीबद्ध रूपमा प्रकट गरिएको छ। नेपाली जनता नेताको खाने भाँडो भएको र आफू भोकै मर्नुपरेको यथार्थको प्रस्तुत गर्दै निबन्धमा अब जनताले पनि सार्वभौम स्वतन्त्रता र समानताको न्यानो अनुभूति गर्न पाउनुपर्ने र त्यसका लागि हुने प्रधानमन्त्रीले उनीहरूको अभिलाषा बुझ्नुपर्ने र त्यस्तै प्रकारको विधिको शासन अपनाउनुपर्ने कुरालाई निबन्धमा व्यक्त गरिएको छ। जम्माजम्मी ११ बुँदामा जनताको आदेशका रूपमा शैक्षिक विकास, पारदर्शिता, भ्रष्टाचारनिर्मूलन, विकाररहितता, इमान्दारिता, आदर्श उत्तराधिकारी जस्ता कुरालाई निबन्धमा उठान गरिएको छ र त्यसलाई प्रधानमन्त्रीले कटिबद्ध भएर अनुगमन गर्नुपर्ने निबन्धको भाव रहेको छ। वर्तमान नेपाली राजनीतिक परिवेशमा दुर्गन्धित हुँदै गइरहेको राजनीतिलाई स्वच्छ बनाउनुपर्ने र त्यसले मात्र नेपाल विकास र समृद्धिको बाटोमा लाग्ने विचार व्यक्त गरिएको निबन्धमा राजनीतिक शब्दहरूको बाहुल्य पाइन्छ भने बुँदागत प्रस्तुति र सहज तथा सरल भाषाले निबन्धलाई भावप्रशारणमा महत्त्वपूर्ण सहयोग गरेको देखिन्छ।

## ४.२.३१ जिन्दावाद गिरिजा, राहुकेतु हटी जा !

२०५६ चैत्र १४ को तरुण साप्ताहिकमा प्रकाशित र यस सङ्ग्रहमा सङ्कलित प्रस्तुत निबन्ध नेपाली राजनीतिका सर्वोच्च नेता मानिने गिरिजाप्रसाद कोइरालामा देखिएको राजनीतिक कुरीति तथा सत्तालालचाको विरोधमा केन्द्रित छ। निबन्धमा नेपाली काङ्ग्रेसका नेता भएर पनि आफ्नै पार्टीका नेतालाई प्रधानमन्त्रीबाट च्युत गराएका गिरिजाप्रसाद कोइरालाले स्वच्छ राजनीति गर्न नसकेकाले गर्दा उनकै पार्टीभित्रबाट उनीविरुद्ध आवाज उठ्दै गएको, जसले गर्दा उनको राजनीतिक व्यक्तित्व गुमनाम हुने अवस्थामा रहेको यथार्थलाई चित्रण गर्दै आफ्नो वरिपरिका स्वार्थी व्यक्तिहरूका विचारमा नचली आफ्नो विचारमा अटल रहन र नेपाली राजनीतिमा राम्रो स्थान

ओगटेको नेपाली काङ्ग्रेसलाई पनि व्यक्तिवादी तथा भ्रष्टाचारी पार्टी हुनबाट रोक्न सुझाव दिइएको छ । निबन्धमा राहुकेतुलाई गिरिजाका वरिपरि रहेर आफ्नो स्वार्थपूर्ति गर्न पल्केका व्यक्तिको प्रतीकका रूपमा लिइएको छ र त्यस्ता व्यक्तिहरूको मात्र नेता नभई सम्पूर्ण नेपालीहरूको नेता बन्न अभिप्रेरित गरिएको छ । एकातिर गिरिजाप्रसाद त्यस्ता व्यक्तिहरूको भरणपोषणमा लागेकोमा उनीप्रति व्यङ्ग्य गरिएको छ भने अर्कोतिर त्यस्ता व्यक्तिहरूबाट बची आफ्नो राजनीतिलाई स्वच्छ बनाउन सुझाव पनि दिइएको छ। राजनीतिक परिवेश र त्यसमा देखिएको कुप्रवृत्तिप्रतिको विरोध अनि स्वच्छ राजनीतिक नेतृत्वको इच्छा सरल तथा सहज भाषामार्फत् यस निबन्धमा गरिएको छ।

### ४.२.३२ बाबुको घुँडो !

बाबुको घुँडो शीर्षकको प्रस्तुत निबन्ध २०५६ चैत्र २१ को तरुण साप्ताहिकमा प्रकाशित अधिकारीको अर्को व्यङ्ग्यपरक निबन्ध हो । तत्कालीन राजनीतिक परिवेशमा देखिएको भ्रष्टाचारलाई लक्षित गरी लेखिएको निबन्धको शीर्षकबाट प्रतीकात्मक रूपमा नेपाली जनताहरू भ्रष्टाचारी नेताहरूको सिकार भएको र उनीहरूले फाइदा लिन नसकी बजारिया डमी मात्र हुन बाध्य भएको यथार्थलाई निबन्धले प्रस्तुत गरेको छ । निबन्धमा भ्रष्टाचारी नेताहरूको अदूरदर्शिताले शैक्षिक क्षेत्रमा देखिएको विसङ्गति र त्यसबाट जनता पीडित हुनुपरेको यथार्थलाई प्रस्तुत गर्दै आवाज उठाउने जनताहरूको हत्या गर्दै नेताहरू जनताको रगत चुसेर मोटाइरहेका छन् भन्ने कुरा पनि निबन्धमा आएको छ। नेपालको राजनीतिक दलमा देखिएका ठूला बडा नेताहरू स्वच्छ छविका भए पनि उनीहरूका आसेपासेको भ्रष्टाचारी प्रवृत्तिरूपी किरा उनीहरूमा लागेकाले उनीहरू तत्काल त्यसबाट मुक्त हुनुपर्ने सन्देश निबन्धले दिएको छ भने भ्रष्टाचारीलाई होइन, भ्रष्टाचारको अन्त्य गर्नुपर्ने वैचारिकता निबन्धमा झल्किएको छ। केही नेपाली उखानटुक्काको प्रयोग, सरल तथा व्यङ्ग्यात्मक भाषा तथा यथार्थचित्रण गरिएको सामाजिक तथा राजनीतिक परिवेशमा रचित निबन्धले सकारात्मक सन्देश दिँदै राजनीतिमा भ्रष्टाचारको अन्त्यप्रति विशेष लक्ष्य गरेको छ।

### ४.२.३३ शेरबहादुरको हाइ हाई, एकपल्टलाई कि सधैँलाई !

२०५६ चैत्र १६ को घटना र विचार साप्ताहिकमा प्रकाशित र यस निबन्धसङ्ग्रहमा सङ्कलित प्रस्तुत निबन्ध पनि नेपाली राजनीतिको सीमित परिवेशमा लेखिएको छ । निबन्धमा नेपाली काङ्ग्रेसका नेता शेरबहादुर देउवाको राजनीतिलाई विषयवस्तु बनाई प्रधानमन्त्रीकालमा उनले भ्रष्टाचार गरे पनि पछि सार्वजनिक रूपमा माफी मागेको र धेरैभन्दा धेरै जनताको मन जित्न सफल भए पनि काङ्ग्रेसका अन्य नेताको छायामा परेकाले उनी माथि उठ्न नसकेको कुरा निबन्धमा आएको छ । निबन्धमा काङ्ग्रेसका अर्का नेता कृष्णप्रसाद भट्टराईलाई स्वच्छ छविका नेताका रूपमा प्रस्तुत गर्दै गिरिजाप्रसाद कोइरालालाई अवसरवादी नेताका रूपमा चिनाइएको छ। एक पटक जनताको मन जित्न सफल भएका शेरबहादुर देउवाले आफ्नो राजनीतिक यात्रालाई अघि बढाउन जनताका प्रतिनिधिहरूको विचारलाई साथ लिनुपर्नेमा उनले गिरिजाप्रसादको चाप्लुसी गर्न थालेकाले उनको राजनीतिक व्यक्तित्व धरापमा पर्न थालेको कुराप्रति व्यङ्ग्य गर्दै निबन्धमा देउवालाई पनि सामान्य जनताका मर्म बुझ्दै राजनीतिक व्यक्तित्वलाई अगाडि बढाउन एकातिर

सुझाव दिइएको छ भने अर्कोतिर गिरिजाप्रसाद जस्ता नेताहरूको चाप्लुसी गर्नाले उनीहरूकै बाटोमा उनी डोहोरिएकोप्रति चिन्ता व्यक्त गरिएको छ। व्यङ्ग्यात्मक भाषा, सरल प्रस्तुति तथा राजनीतिक परिवेश प्रस्तुत निबन्धका वैशिष्ट्य हुन्।

## ४.२.३४ त्यसैले त नेता !

प्रस्तुत निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित २०५६ चैत्र २५ को साप्ताहिक विमर्शमा प्रकाशित व्यङ्ग्यपरक निबन्ध हो । गाउँलेका अन्य निबन्ध झैँ यस निबन्धमा पनि राजनीतिक पृष्ठभूमिका व्यक्तिहरूलाई व्यङ्ग्य गरिएको छ। नेपालमा राजनीति गर्ने व्यक्तिहरू प्रारम्भमा सन्त बनेर उच्च ओहोदासम्म पुग्ने र त्यसपछि आफ्नो कर्तुत देखाई भ्रष्टाचारमा लिप्त हुने कुरालाई विषयवस्तु बनाइएको निबन्धमा विभिन्न दृष्टान्तहरूको प्रयोग गरिएको छ। सामाजिक रुढीहरूलाई समेत लिएर निबन्धमा सन्त बनेर प्रधानमन्त्रीमा पुगेका नेताले पहिलो कार्यकालमा जनतालाई रिझाएर पुनः दोस्रो कार्यकालका लागि निर्वाचित भएपछि आफ्नो असली रूप देखाएको र विश्वास जितेर विश्वासघात गरेको कुरालाई निबन्धले व्यक्त गरेको छ र त्यस्ता अवसरवादी नेताहरूप्रति व्यङ्ग्यबाण कसेको छ। निबन्धमा आफू भ्रष्ट भए पनि आफ्ना आसेपासेको कुरामा लागेर आफ्नो चरित्रसुधारका लागि लाग्न नसकेको कुराप्रति कटाक्ष गर्दै सबैलाई यथास्थान तथा यथामानमा राख्न सके पनि नेता हुन सकिन्छ र त्यस्तो नेता नै वास्तविक नेता हो भनेर एकातिर नेताहरूको अवसरवादितामाथि व्यङ्ग्य गरिएको छ भने अर्कोतिर नेताहरू वास्तविक नेता बन्न नसकेको र आफ्नो उदरपूर्ति वा स्वार्थपूर्तिमा मात्र लागेकोप्रति चिन्ता व्यक्त गरिएको छ। राजनीतिक परिवेश तथा यथार्थताको प्रस्तुति गरिएको निबन्धमा सरल तथा सहज भाषाको प्रयोग गरिएको छ र राजनीतिक विसङ्गतिप्रति तथा त्यसका नेतृत्वहरूप्रति व्यङ्ग्य गरिएको छ अनि उनीहरूको राजनीतिमा सुधारको अपेक्षा गरिएको छ।

## ४.२.३५ एमालेको रामायण !

एमालेको रामायण शीर्षकको प्रस्तुत निबन्ध २०५७ वैशाख ५ को तरुण साप्ताहिकमा प्रकाशित अर्को व्यङ्ग्यपरक निबन्ध हो । शीर्षकबाटै एमालेको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरिएको निबन्धमा एमालेले बाह्य रूपमा आफ्नो चरित्रलाई छोप्ने कोसिस गर्दै त्यसको घानमा अन्य राजनीतिक दलहरूलाई हालेको भन्दै जनताले उसको चरित्र बुझ्नुपर्ने भाव व्यक्त गरिएको छ । निबन्धमा बाबु र छोराको माध्यमले बाबुलाई सत्यदर्शी र छोरालाई यथादर्शीका रूपमा प्रस्तुत गरिएको छ र रामायणको मञ्चनमा छोराले देखेका दृश्यबिम्बहरूका माध्यमले अहिलेको राजनीतिमा राम र लक्ष्मण वास्तविक रूपमा नरहेको र रावणले नै अवसर पारेर सबैलाई ध्वस्त पार्न राम र रावणको भेष धारण गरी छक्याइरहेको भन्दै एमालेले पनि यस्तै खेल खेलेको कुरा निबन्धमा व्यक्त गरिएको छ। जसले गर्दा जनताहरू भ्रममा परेको र रावणलाई राम ठानेर भूल गरिरहेका छन् । यसैले सचेत भई यथार्थ बुझ्नुपर्ने र राम र रावणलाई छुट्याउन सक्नुपर्ने भन्दै एमालेको त्यस्तो राजनीतिक धृष्टताप्रति व्यङ्ग्य गरिएको छ। धार्मिक पुराकथाका पात्रहरूको प्रतीकहरूको प्रयोगले निबन्धलाई गहन बनाएको छ। अन्य झैँ राजनीतिक परिवेश तथा एमालेको गुह्य यथार्थको प्रस्तुति

विषयवस्तु बनाएको प्रस्तुत निबन्धमा संवादात्मक शैली तथा सरल तथा सहज भाषाको समुचित प्रयोग पाइन्छ ।

## ४.२.३६ राजाले सुन्लान् नि !

२०५७ वैशाख ५ को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्ध पनि राजनीतिक परिवेशमा लिखित व्यङ्ग्यपरक निबन्ध हो । गैरकाङ्ग्रेसीले काङ्ग्रेसका नेता गिरिजाप्रसादलाई दिएको सुझावका रूपमा संरचना गरिएको प्रस्तुत निबन्धमा काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको कार्यशैलीप्रति तीखो व्यङ्ग्यबाण प्रहार गरिएको छ। भ्रष्टाचार बढेको समयमा त्यसलाई निर्मूल पार्न भनेर प्रधानमन्त्रीमा पुगेका गिरिजाप्रसादले झन् भ्रष्टाचारलाई बढावा दिएको र परिवारवाद बढ्दै गएकाले भ्रष्टाचारले झन् व्यापकता पाएको कुरा व्यक्त गर्दै गिरिजाप्रसाद आफैँमा ठूला भ्रष्टाचारी बनेको कुरा पनि निबन्धले विषयवस्तुका रूपमा समेटेको छ । उनले आफ्ना मान्छेहरूलाई मात्रै पोषण गरेको र भ्रष्टाचार निर्मूल गर्नुको साटो त्यसलाई बढावा दिने अभिव्यक्ति दिँदै हिँडेर भ्रष्टाचारीहरूलाई संरक्षण दिएकाले राजनीतिमा *तँ कुटे जस्तो गर, म रोएजस्तो गर्छु* भन्ने कुरा चरितार्थ भएकोप्रति निबन्धले व्यङ्ग्य गरेको छ । उनका जनताहरूको बीचमा यस्ता अभिव्यक्तिहरू जायज भए पनि राजाका सामु आफूलाई जोगाउनु भन्दै निबन्धले कटाक्ष गरेको छ र उनै गिरिजाप्रसादले आफ्नै भ्रष्टाचारविरुद्धका अभिव्यक्तिविरोधी गतिविधिहरू गरेको र उनको राजनीतिक व्यक्तित्व पनि भ्रष्टाचारले घेरिएको यथार्थ निबन्धले प्रस्तुत गरेको छ । राजनीतिक परिवेश र त्यसमा पनि तत्कालीन नेता गिरिजाप्रसादको कार्यशैलीप्रतिको असन्तुष्टिलाई प्रस्तुत गरिएको निबन्धमा राजनीतिकबहुल शब्दहरूको प्रयोग, सरल तथा सुबोध्य भाषाशैलीको प्रयोग पाइन्छ।

## ४.२.३७ निर्दलीय सरकार !

निर्दलीय सरकार शीर्षकको प्रस्तुत निबन्ध २०५७ वैशाख १२ को तरुण साप्ताहिकमा प्रकाशित राजनीतिक परिवेशमा आधारित छ। निबन्धमा नेपालको राजनीतिक दल नेपाली काङ्ग्रेस र त्यसका नेता गिरिजाप्रसादमा देखिएको निरङ्कुशतालाई विषयवस्तु बनाइएको छ । आफू प्रधानमन्त्री छँदै आफ्नो पार्टीमा सरसल्लाह नगरी भावी प्रधानमन्त्रीको किटान गरेर गिरिजाप्रसादले निरङ्कुशताको परिचय दिएको र पार्टीलाई एक्लै आफ्नै ढङ्गमा अगाडि बढाइरहेकाले त्यसप्रति असन्तुष्ट बनेका लेखकले त्यस्तो असङ्गतिले भोलि नेपाली काङ्ग्रेसको भविष्य नै धरापमा पर्ने भएकाले त्यसप्रति सचेत हुन त्यस पार्टीमा आबद्ध राजनीतिक व्यक्तिहरूलाई सुझाव दिएका छन् भने अर्कोतिर पार्टीको सर्वोच्च पदमा रही पार्टीको मूल मर्म र भावना नबुझी एकलौटि ढङ्गले निर्णय दिने प्रवृत्तिले आफूले ख्याति कमाए पनि पार्टीको अस्तित्व नै धरापमा पार्ने गिरिजाप्रसादको त्यस्तो निर्णयप्रति व्यङ्ग्य गरिएको छ। समग्रमा निबन्धले कुनै पनि नेताले आफ्नो नातावाद, कृपावादलाई होइन, सबैका धारणाहरूलाई समेटी अगाडि बढ्नुपर्छ र सम्पूर्ण देशको नेतृत्व गरिरहँदा सम्पूर्ण कुरामा ध्यान दिएर सबैको मत बुझी प्रजातान्त्रिक निर्णय लिनुपर्छ भन्ने भाव निबन्धले व्यक्त गरेको छ । नेपाली राजनीतिक परिवेश र त्यसमा पनि नेपाली काङ्ग्रेसको सर्वोच्च पदमा आसीन

गिरिजाप्रसादको कार्यशैलीप्रतिको असन्तुष्टिलाई विषयवस्तु बनाएको निबन्धले त्यस्ता निरङ्कुश बन्न खोजेका नेताहरूका निरङ्कुश अभिव्यक्तिले उनीहरूको राजनीतिक जीवन धरापमा पर्ने भएकाले एकल निर्णय नभई सबैको भावना समेट्ने निर्णय लिनुपर्ने कुरामा जोड दिएको छ। सामान्य बोलचालको भाषा, व्यङ्ग्यात्मक शैली, राजनीतिक परिवेश प्रस्तुत निबन्धमा पाइन्छ।

## ४.२.३८ नेता चाहियो !

प्रस्तुत निबन्ध २०५७ वैशाख १९ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को राजनीतिक व्यङ्ग्यपरक निबन्ध हो । निबन्धमा नेपालको राजनीतिक दल नेपाली काङ्ग्रेसको गतिविधिप्रति असन्तुष्ट भएका लेखकले नेपाली काङ्ग्रेसले जनभावनाविपरीत भ्रष्टाचार निर्मूल गर्नुको साटो त्यसलाई प्रश्रय दिएको, पार्टीलाई एकलौटी बनाएको, नातावाद र कृपावादलाई टेवा दिएको र आफ्नो मूल्य मान्यताहरूलाई बिर्सदै गएको कुराप्रति व्यङ्ग्य प्रहार गरेका छन् । पार्टीबाट राम्रो काम र जनभावनाबमोजिम योजनाहरू आउने अपेक्षाविपरीत पार्टीमा फैलिंदै गएको विसङ्गति र त्यसले सम्पूर्ण पार्टी नै अधोगतितर्फ उन्मुख भएको कुरालाई कटाक्ष गरेका निबन्धकारले नेता चाहियो भनेर काङ्ग्रेसले आफ्नो गति छाडेर दुर्गति भोगिरहेको यथार्थप्रति चिन्ता व्यक्त गरेका छन् । आफ्ना मूल्य मान्यतालाई छाडेर नातावाद र कृपावादमा लागेका, भ्रष्टाचार निर्मूल गर्नुको साटो त्यसलाई बढावा दिएका र देशप्रति चिन्तित हुन नसकेका व्यक्ति मात्र काङ्ग्रेसमा देखिएकाले त्यस्ता व्यक्तिहरूलाई हटाई देशविकासमा तत्पर हुने, लगनशील, भ्रष्टाचारविरोधी नेताहरूको खाँचो नेपाली काङ्ग्रेसलाई परेको छ भन्ने भाव निबन्धमा व्यक्त भएको छ। बुँदागत रूपमा नेतागत योग्यतालाई प्रस्तुत गरेको निबन्धमा विपर्यास पाइन्छ र सशक्त व्यङ्ग्यले निबन्धको भाव अझ गहकिलो बन्न पुगेको छ।

## ४.२.३९ काङ्ग्रेसी  नेताहरू घाट गए !

२०५७ वैशाख २१ को घटना र विचार साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्ध पनि राजनीतिक परिवेशमा आधारित छ। नेपाली राजनीतिमा ठूलो ठाउँ ओगट्न सफल नेपाली काङ्ग्रेस र त्यसका गतिविधिहरूप्रति असन्तुष्टि जनाउँदै निबन्धकारले त्यहाँ देखिएका विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य कसेका छन्। निबन्धमा नेपाली काङ्ग्रेसमा सच्चा नेता कोही हुन नसकेको र सबै  आफ्नो उदरपूर्तिमा लागेकाले जनताले पनि विकासको अनुभूति गर्न नपाएकाले सच्चरित्र नेताको आवश्यक भएको भाव व्यक्त गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाबाहेक नेपाली काङ्ग्रेसमा देखिएका सबै नेताहरू अवसरवादी बनेको र अवसर पाएमा सबै स्वार्थपूर्तिमा मात्र लागेकाले ती सबै नेताहरू बाँचेर पनि मरेसरह भएका कुरालाई प्रस्तुत निबन्धको शीर्षकले समेटेको छ। राम्रो चरित्र भएका नेता वा नेतृहरूको पनि पार्टीमा कुनै स्थान नभएको र उल्टै उनीहरूले भ्रष्ट नेतृत्वको सिकार हुनुपरेको बाध्यतालाई प्रस्तुत गर्दै निबन्धले नेपाली काङ्ग्रेसका सबै नेताहरू भ्रष्ट भएको र सबै मरेसरी घाट गएकाले देशलाई अग्रदिशामा लैजान सक्ने सक्षम निःस्वार्थ नेताको खाँचो भएको कुरा व्यक्त गरेको छ। घुमाउरो शैली र प्रतीकात्मक शीर्षकले निबन्धलाई व्यङ्ग्यात्मक

बनाउनुका साथै निबन्धको विषयवस्तुलाई पनि गम्भीर बनाएका छन् । सरल भाषाको प्रयोगले निबन्ध सहजबोध्य देखिन्छ।

## ४.२.४० गिरिजाबाबुको ज्वालामुखी !

गिरिजाबाबुको भूकम्प शीर्षकको प्रस्तुत निबन्ध पनि राजनीतिक परिवेशमा आधारित छ। नेपाली राजनीतिलाई नै विषयवस्तु बनाएको निबन्धमा १९९० को भूकम्प गएको कुरालाई उठान गर्दै त्यस्तै ठूलो अर्को भूकम्पको आवश्यकता रहेको छ, जसले नेपालमा रहेका भ्रष्ट नेताहरूलाई मात्र लैजान सकोस् भन्ने भाव निबन्धमा प्रस्तुत गरिएको छ । नेपालको अस्तित्वप्रति उदासीन गिरिजाप्रसादले परिवारवाद र भ्रष्टाचारलाई टेवा दिँदा सम्पूर्ण नेपालको भविष्य नै खतरामा पुगेको र जस्तोसुकै अवस्थामा पनि नेपालीहरूले अस्तिता गुमाउन सक्ने भएकाले त्यस्ता नेताहरूको अन्त्यले मात्र नेपाल तथा नेपालीको अस्तित्व बचाउन सकिने कुरालाई विषयवस्तु बनाई निबन्धले त्यस्ता दुई चार जना नेताहरूले सम्पूर्ण नेपाललाई नै सङ्कटमा पारेको निष्कर्ष निकालेको छ। मर्ने समयमा पनि कमिसन कमिसन भन्दै बाँचेका त्यस्ता नेताहरूले जनताको हक र हितमा कहिले काम नगरेको र जनतालाई चुस्दै आफू मोटाउँदै गएको हुनाले त्यस्ता नेताहरूको दुर्गतिपछि मात्र नेपाली जनताले विकासको अनुभूति गर्न पाउने हुनाले त्यस्ता नेताहरूको अन्त्य हुनुपर्ने भाव निबन्धले व्यक्त गरेको छ। भूकम्पलाई प्रतीकात्मक रूपमा दुष्ट नेतालाई बढार्ने सुशानको रूपमा प्रयोग गरिएको निबन्धले तत्कालीन स्वार्थी र दुष्प्रवृत्ति भएका नेताहरूप्रति व्यङ्ग्य गरेको छ। सरल भाषा तथा व्यङ्ग्यात्मक शैली अनि राजनीतिक परिवेश प्रस्तुत निबन्धका विशेषता हुन्।

## ४.३.४१ गिरिजाप्रसाद अर्थात् कमरेड चण्ड !

प्रस्तुत निबन्ध २०५७, जेठ २ को तरुण साप्ताहिकमा प्रकाशित अधिकारीको राजनीतिक परिवेशमा आधारित अर्को निबन्ध हो। नेपालका नेताहरूमा निहित द्वैध चरित्रप्रति व्यङ्ग्य गरिएको निबन्धमा मुख्यतः नेपालका शीर्षनेताहरूको चरित्रको भण्डाफोर गरिएको छ। बाहिर पृथक् विचार बोकेर हिँडे पनि सतहमा भने उनीहरूको लक्ष्य एउटै हुने र जसरी पनि देशलाई खोक्रो बनाउन लागिपरेका उनीहरूको यस्तो क्रियाकलापले गर्दा सम्पूर्ण देश नै सङ्कटमा परेको वास्तविकताको चित्रण निबन्धमा गरिएको पाइन्छ। नेपालमा तत्कालीन प्रजातन्त्रवादी काङ्ग्रेसका नेता भनेर चिनिएका गिरिजाप्रसाद नै छापामारको नेता बनेर देशविद्रोहमा लागेको भन्दै उनको चर्को आलोचनाका साथै नेताको चरित्रप्रति व्यङ्ग्य कसिएको छ। यस्ता नेताहरूको कारण नै देशलाई अग्रदिशा दिन सक्ने नेताहरूको देशमा सबै अभाव भएको र देशले विकासपथमा गति लिन नसेको तीतो यथार्थलाई प्रस्तुत निबन्धमा अङ्कन गरिएको छ । राजनीतिक परिवेश र नेताहरूको ग्रैरजिम्मेवारीपनालाई विषयवस्तुका रूपमा उठान गरिएको निबन्धमा सरल तथा सहज भाषाको प्रयोग गरिएको छ।

## ४.३.४२ गिरिजाबाबुको प्रायश्चित्त !

गिरिजाबाबुको प्रायश्चित्त निबन्ध पनि २०५७ जेठ ९ को तरुण साप्ताहिकमा प्रकाशित राजनीतिक पृष्ठभूमिमा आधारित निबन्ध हो । निबन्धमा तत्कालीन राजनीतिक व्यक्तित्व गिरिजाप्रसादको व्यक्त्विमाथि व्यङ्ग्य गरिएको छ। प्रजातन्त्रको नारा बोकेर देशविकास गर्न अग्रसर भएका गिरिजाप्रसाद जस्ता व्यक्तिहरू भ्रष्टाचारमा लिप्त भएकाले सत्ताको पक्षमा बस्ने होस् या प्रतिपक्षमा, उनीहरू सबैले उनकै अनुसरण गरेर भ्रष्टाचार तथा परिवारवादलाई महत्त्व दिई देशलाई लुट्न सधैँ तम्यार भएका छन् । यसले गर्दा देश सधैँ अधोगतिमा लागिपरेको हुनाले त्यस्तो विकृति र विसङ्गतिलाई सदाका लागि हटाउनुपर्ने र त्यसका लागि मुख्य नेताहरूबाटै त्यस कार्यको थालनी हुनुपर्ने भएकाले गिरिजाप्रसादबाटै प्रायश्चित्तको सुरुवात गरी सद्राजनीति गर्नुपर्ने र देशलाई अग्रगतिमा लैजानुपर्ने भाव निबन्धमा व्यक्त भएको छ । नेपाल र नेपालीको अस्तित्वप्रति सचेत देखिएका निबन्धकारले निबन्धमार्फत् स्वच्छ राजनीतिको चाहना गरेका छन् भने भ्रष्ट राजनीतिको अन्त्यप्रति विश्वास व्यक्त गरेका छन् । यसरी राजनीतिक भ्रष्ट परिवेश र त्यसबाट उन्मुक्तिको चाहनालाई विषयवस्तु बनाइएको प्रस्तुत निबन्ध सरल तथा सहज भाषाले बोधगम्य बनेको छ र व्यङ्ग्यप्रहारमा सशक्त बनेको छ।

## ४.२.४३ प्रधानमन्त्री नखाने !

२०५७ को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्य गरिएको निबन्ध हो । नेपालका राजनीतिक दलहरूमा देखिएको भागबण्डाको राजनीतिले गर्दा देशलाई विषम परिस्थितिमा लगेको यथार्थलाई निबन्धले विषयवस्तुको रूपमा उठान गरेको छ । नेपालजस्तो सानो देशमा बहुमत आए पनि राजनीतिक दलहरूले राष्ट्रिय सरकारको गठन गर्ने नाममा सबै मिलेर बाँडिचुडी खाने परिपाटीलाई स्थान दिइरहेकाले जुनसुकै प्रधानमन्त्री होस्, जोसुकैको सरकार होस्, हालीमुहाली सबैको उत्तिकै देखिएको छ र यसले गर्दा राजनीति झन् भ्रष्टाचारी बन्दै गएको छ। नेपाली काङ्ग्रेसका जुनसुकै नेताहरू पनि त्यस्तै किसिमको असङ्गतको पक्षधर रहेको र नेपाल काङ्ग्रेसभन्दा इतर अन्य पार्टीहरू पनि उसलाई मुख बनाई खान पल्किएको नेपाली राजनीतिको तीतो यथार्थ निबन्धमा आएको छ। निबन्धले यस्तो परिपाटीले जुनसुकै राजनीतिक दल होस्, त्यसका मूल्य मान्यताहरू देखाउन मात्र भएको र जनतालाई झुक्काएर आफूहरू सधैँ सत्तामा रहिरहने उनीहरूको उद्देश्य रहेकाले जनताहरू पनि सचेत हुन जरुरी छ र उनीहरूलाई बेलाबेलामा झक्झकाउन विभिन्न किसिमका गतिविधिहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको भन्ने विचार प्रकट गरेको छ। समग्रमा राजनीतिक उच्च तहमा देखिएको विषम परिस्थितिको चित्रण गरिएको र त्यसप्रति व्यङ्ग्य गरिएको निबन्ध कतै आनुप्रासिक शब्दहरूको त कतै उखानटुक्काको प्रयोगले सरल तथा रोचक भाषिक निबन्ध बन्न पुगेको छ।

## ४.२.४४ छे महिनातक गृहमन्त्री !

छे महिनातक गृहमन्त्री पनि तत्कालीन राजनीतिक परिवेशमा लेखिएको र त्यस समयमा देखिएको कुरीतिप्रति व्यङ्ग्य गरी लेखिएको निबन्ध हो । २०५७ जेठ २३ को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्धमा तत्कालीन माओवादीको जनयुद्ध र त्यसलाई अवसरवादीहरूले मान्छे मार्ने ढालका रूपमा प्रयोग गरेको यथार्थको चित्रण गर्दै निबन्धमा त्यस समयमा कोही पुलिस बनेर त कोही माओवादी छापामार बनेर आफ्ना प्रतिपक्षीहरूलाई सखाप पार्न लागिपरेको कुरा निबन्धमा विषयवस्तुका रूपमा आएको छ । यसै क्रममा निबन्धमा देशको यस्तो विकराल अवस्थामा पनि कमिसन, घुसखोरी गर्ने र त्यसलाई सहज बनाउन छ महिनाभर गृहमन्त्री ताकी त्यसबाट सक्दो फाइदा लुट्न खोज्ने व्यापारी भनाउँदाको चरित्रलाई उदाङ्गो बनाइएको छ । हतियार किनबेच गर्ने र राजश्व छल्नका लागि गृहमन्त्री पदको दुरूपयोग गरी पक्षी वा प्रतिपक्षी दुबैलाई रिझाई आफ्नो स्वार्थपूर्ति गर्ने व्यापारीमाथि तीखो व्यङ्ग्य गरिएको निबन्धमा राजनीति जनताको सेवाका लागि हुनुपर्ने र जुनसुकै अवस्थामा भए पनि देशलाई हानी हुने कार्यमा नलाग्न सबै नेपाली जनता तथा नेतालाई आग्रह गरिएको छ । सरल तथा सरस भाषा तथा व्यङ्ग्यात्मक शैली अनि राजनीतिक युद्धग्रस्त परिवेश प्रस्तुत निबन्धको भावभूमि हुन् ।

## ४.२.४५ राजालाई बिन्ती, नेतालाई अनुरोध !

प्रस्तुत निबन्ध २०५७ जेठ ३० को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित देशप्रेमको भावनाले ओतप्रोत भएको निबन्ध हो । निबन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका माध्यमबाट नेपाल तथा नेपाली जनताको अस्तित्वप्रति झुकाव राखिएको छ र नेपालका नेता तथा राजालाई स्वाभिमानी हुन अनुरोध गरिएको छ । नेपालमा आएको प्रजातन्त्र विभिन्न समयमा खतरामा पर्दै आएको र त्यसको एक मात्र कारण नेपाली नेताहरूको अन्य देशका नेताहरूसँगको सम्पर्क हो । उनीहरूको नुन खाएर त्यसको सोझो गर्न वा उनीहरूलाई फाइदा लुटाई उनीहरूको स्वार्थपूर्ति गरिदिने मनसायमा नेपाली राजनीतिलाई माध्यम बनाएर नेपाल र नेपालीहरूको अस्तित्वमाथि खेलबाड गर्न उनीहरू पछि परेका छैनन् । जसले गर्दा नेपाली राजनीति सधैँ अस्थिर हुँदै गइरहेको छ, जसले गर्दा नेपालमा स्वच्छ राजनीतिको उदय हुन सकेको छैन र देश विकासपथमा अघि बढ्न सकेको छैन । त्यसैले निबन्धमा राष्ट्रघाती त्यस्ता व्यक्तिहरूका कुरामा लागेर राजा, प्रजातान्त्रिक पार्टी वा साम्यवादी पार्टी जोसुकै हुन्, देशको प्रजातन्त्रमा असर पर्ने कुनै निर्णय नलिई नेपाललाई नै सन्मार्गमा लैजाने आफ्नो विचारमा अडिग हुन निबन्धले आग्रह गरेको छ । प्रजातन्त्रविरोधी नेपाली भूमिमा जन्मिएर पनि त्यसलाई नै ध्वस्त पार्न पल्किएका नेताहरूप्रति व्यङ्ग्य गरेको निबन्धले स्वच्छ राजनीतिको चाहना गर्नुका साटै प्रजातन्त्रलाई जोगाउन सबै एकजुट हुनुपर्ने सन्देश बोकेको छ । सरल भाषा, सान्दर्भिक परिवेश तथा प्रजातन्त्रवादी दृष्टिकोणले निबन्धलाई गहन बनाएको छ ।

## ४.२.४६ म श्री ३ गिरिजाप्रसाद !

असार ५, २०५७ को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्ध राजनीतिक परिवेशमै लेखिएको व्यङ्ग्यपरक निबन्ध हो। लेखकको स्वप्निक वृत्तान्तमा आधारित र आख्यानात्मक रूपमा लेखिएको यस निबन्धमा पनि अन्य निबन्धमा जस्तै गिरिजाप्रसादको स्वार्थी राजनीतिक व्यक्तित्वमाथि प्रहार गरिएको छ। ३ पटक प्रधानमन्त्री भएकैले आफूलाई श्री ३ भन्न रुचाउने गिरिजाप्रसादकै कारण नेपाली राजनीतिमा नेपाली काङ्ग्रेस दयनीय बन्दै गयो । परिवारवाद, भ्रष्टाचारी प्रवृत्तिले गर्दा आफ्नो राजनीतिक व्यक्तित्वलाई पनि तहसनहस गरेका गिरिजाप्रसादमा रहेको विसङ्गतिले गर्दा सम्पूर्ण राजनीति नै अस्थिर हुन पुग्यो। राजनीतिमा आफूलाई सर्वेसर्वा ठान्ने उनको परिवारवादी प्रवृत्तिले शिक्षित र देशप्रेमी नेताहरूको अवसान हुँदै गयो भने विश्वेश्वरप्रसाद कोइरालाका राष्ट्रप्रेमी सिद्धान्तहरू भ्रष्टाचारको आगोमा जल्दै गए र तहसनहस भए । जसको एकमात्र कारण गिरिजाप्रसाद हुन् र उनले नै आफ्नो निश्चित स्वार्थका लागि सम्पूर्ण नेपाल तथा नेपालीको अस्तित्वलाई नै बलिदान दिएका छन् भन्दै निबन्धमा गिरिजाप्रसादको चरित्रप्रति व्यङ्ग्य गरिएको छ। आख्यानात्मक तथा संवादात्मक शैली, सरस भाषा तथा कल्पित घटनाक्रम भए पनि नेपाली तत्कालीन राजनीतिमा देखिएको गिरिजाप्रसाद कोइरालाको असङ्गत राजनीति व्यक्तित्वमाथि व्यङ्ग्य गर्न प्रस्तुत निबन्ध सफल भएको छ।

## ४.२.४७ आउनोस् छापामारहरू, असतीहरूलाई जिउँदै जलाऔँ !

यो निबन्ध राजनीतिक परिवेशमा आधारित भए पनि देशप्रेमी भावनाले ओतप्रोत भएको निबन्ध हो। निबन्धमा तत्कालीन सशस्त्र युद्धमा पसेका छापामारहरूलाई सम्बोधन गर्दै देशमा रहेका भ्रष्ट, अप्रजातान्त्रिक र राष्ट्रघातीहरूको निर्मूलन गर्न एकजुट भई लाग्नुपर्ने भाव व्यक्त गरिएको छ । अहिले प्रजातान्त्रिक अवस्थामा आएर पनि देश लुट्नलाई लागिपरेका देशभक्त भनाउँदा छद्मभेषी देशद्रोहीहरूको हातमा देशको सत्ता परेको छ। जसले गर्दा समय समयमा थलिंदै लुटिंदै विभिन्न राजनीतिक सङ्कुचित अवस्थालाई पार गर्दै आएको नेपालले झन् दुरवस्था झेल्नुपरेको छ। त्यस्तो दुरवस्थाका कारक कोही निरङ्कुश नभएर प्रजातन्त्रकै खोल ओड्ने नेताहरू हुन्। उनीहरूको देखावटी प्रजातान्त्रिक तर आन्तरिक देश सिध्याउने राजनीतिक खेलले गर्दा देश नै सङ्कटमा परेकाले दक्षिणपन्थीका विरुद्धमा उत्रिएकाहरूले उनीहरूलाई नाश गर्नुपर्ने र सम्पूर्ण नेपाली जनताहरू एकजुट भै भ्रष्ट छद्मवेशी देशद्रोहीलाई जिउँदै डढाइदिनुपर्ने आवश्यकता आज देखिएको छ। जसले गर्दा सतीले सरापेको देशको साटो असतीहरूलाई जिउँदै डढाउनेको देश भनेर विश्वमा नवपहिचान लिन सकोस् भन्ने देशभक्तिको भावना प्रस्तुत निबन्धमा पाइन्छ । छापामारलाई सम्बोधन गरी आग्रहपूर्वक लेखिएको निबन्ध राजनीतिक परिवेश भए पनि देशभक्तिको भावनाले ओतप्रोत छ अनि सरल तथा सरस भाषाले गहन बन्न पुगेको छ।

## ४.२.४८ नेता पिताको चिता !

२०५७, असार २६ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित प्रस्तुत निबन्ध राजनीतिक परिवेशलाई विषयवस्तु बनाई त्यसप्रति कटाक्ष गरिएको निबन्ध हो। यस निबन्धमा पनि नेपाली राजनीतिमा देखिएको विकृति र विसङ्गतिको खुलेर विरोध गरिएको छ। निबन्धमा कुपुत्रलाई पिताले आफ्नो बिग्रेको छोरालाई सजाय दिएको प्रसङ्ग ल्याइएको छ र त्यसलाई नेपाली राजनीतिमा देखिएको बेथितिसँग सामान्यीकरण गरिएको छ। जनताको त्याग र बलिदानबाट नेता बनेका नेताहरूले जनताको त्याग र बलिदानको उचित मूल्याङ्कन नगरी आफ्नो स्वार्थमा लागेकाले जनता उनीहरूसँग रुष्ट भएका र उनीहरूले आक्रोशमा आई उनीहरूको विनाश निम्त्याउन सक्ने कुराको उठान गर्दै निबन्धमा नेपाली काङ्ग्रेसका तत्कालीन सर्वोच्च नेताहरू गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराईको पुत्ला दहनमा सच्चा देशभक्तहरू आक्रोशको दागबत्ती दिन आइपुगेका र त्यस्ता नेताहरूको सधैँका लागि अवसार चाहेका भाव व्यक्त गरिएको छ। जनताको तन्त्र वा शासनमा रहेर जनताप्रति नै उदासीन बनेर नेताहरू सधैँ बच्न नसक्ने हुनाले उनीहरूले बेलैमा त्यसको उचित समाधान निकाल्नुपर्ने र जनतामुखी भई जनताको हकहितमा काम गर्नुपर्ने र जनताका माग र इच्छालाई सम्बोधन गर्नुपर्ने सन्देश व्यक्त गर्दै निबन्धले त्यस्ता प्रकारका प्रवृत्ति भएका नेताहरूलाई खबरदारी गरेको छ। समग्रमा राजनीतिक परिवेश र विकृत राजनीतिका पात्रहरूलाई आधार बनाई त्यस्ता विकृत राजनीतिकर्मीहरूको अवसानमा जनताको खुसी देखाउँदै निबन्धले जनताले चाहेको विधिको शासन लागू हुनुपर्ने जायज कुरालाई उठाएको छ। समग्रमा जनता असन्तुष्ट भएको राजनीति परिवेश, व्यङ्ग्यात्मक शैली तथा सरल तथा सुबोध्य भाषाको प्रयोग यस निबन्धगत विशेषता हुन्।

## ४.२.४९ गिरिजालाई सुहाउने गोली !

गिरिजालाई सुहाउने गोली निबन्ध २०५७, साउन २ को तरुण साप्ताहिकमा प्रकाशित व्यङ्ग्यपरक निबन्ध हो। असत् राजनीतिको अवसान हुनुपर्ने देशभक्तिको सन्देश बोकेको प्रस्तुत निबन्धले नेपाली जनतालाई आफ्नो राजनीतिको खेल सम्भिएर आफ्नो स्वार्थको राजनीति गरिरहेका गिरिजाप्रसाद कोइरालालाई सत्ताच्युत गराउनुपर्ने र उनको राजनीति व्यक्तित्वलाई सदाका लागि तिलाञ्जलि दिनुपर्ने भाव व्यक्त गरेको छ। गिरिजाजस्ता स्वार्थी र निरङ्कुश राजनीतिक व्यक्तित्वहरूको अन्त्य जनताको आदेशमा हुनुपर्ने र त्यस्तो आदेश सम्पूर्ण नेपालीहरूको साभा हुनुपर्ने अनि जनताको अन्तस्करणबाट निस्किएको आवाज हुनुपर्ने र त्यो आवाज कोदाको भोल खाएको नभएर गुन्द्रुक र ज्वानाको भोल खाएको मुखबाट आउनुपर्ने कुरा व्यक्त गर्दै निबन्धकारले जनताहरूले देखेको देशविकासको सपना साकार पार्न देशविकासको भावनाविपरीत कार्य गर्ने गिरिजाप्रसाद जस्ता नेताहरूलाई अवकाश दिनुपर्ने र उनीहरूलाई अविश्वासको गोली ठोकी सत्ताच्युत गराई विकासप्रेमी नेतालाई अवसर दिनुपर्ने भाव व्यक्त गरेका छन्। भावगत रूपमा कठोरता भए पनि शब्दगत सरलता र आत्मपरक भावविन्यासले निबन्धलाई बोधनमा सरल र भावमा गहन बनाएको छ।

## ४.२.५० धीरेन्द्रको घरबार, गिरिजाको दरबार !

राजनीतिक परिवेशलाई नै विषयवस्तु बनाई लेखिएको प्रस्तुत निबन्धमा दुई भिन्न पृष्ठभूमिका राजनीतिक व्यक्तिहरूको राजनीतिलाई व्यङ्ग्य गरिएको छ। निबन्धमा राजखलकका धीरेन्द्र शाहको राजनीति र सामान्य जनस्तरको पृष्ठभूमिबाट आएका गिरिजाप्रसादको राजनीतिक व्यक्तित्वलाई उठान गरिएको छ । प्रजातान्त्रिक व्यवस्थालाई अङ्गीकार गर्दै राजनीतिमा होमिन लागेका धीरेन्द्रलाई स्वागत गर्दै निबन्धमा जनताबाट चुनिएर गएको भए पनि गिरिजाप्रसाद कोइरालाले राजनीतिमा देखाएको तानाशाही निरङ्कुश राजनीतिप्रति असन्तुष्टि पोखिएको छ । प्रजातन्त्रको नाममा राजनीति गरे पनि प्रजातन्त्रको पूरक वाक्स्वतन्त्रताको हनन गर्ने गिरिजाप्रसादले राणाकालीन शासनकै प्रतिबिम्ब दिन खोजेको र प्रजातन्त्रको परिभाषालाई नै बदल्दै प्रजातन्त्रको घाँटी थिच्ने खालको शासन अङ्गीकार गर्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै उनको त्यो राजनीतिक निरङ्कुशताको कारण भविष्यमा उनले ठूलो मूल्य चुकाउनुपर्ने भाव व्यक्त गरिएको छ। देशमा जुन शासन छ, त्यो शासनमा टेकेर शासन गर्नु वा राजनीति गर्नु जायज हुन्छ, तर शक्तिको भरमा विधिका शासनलाई नै कुल्चनु राम्रो होइन भन्ने भाव व्यक्त गर्दै निबन्धमा नेपाली जो कोही पनि प्रजातान्त्रिक विधिलाई अङ्गीकार गरी राजनीतिमा होमिन पाउँछ, तर विधिलाई नै सखाप पार्ने खेलमा सरिक हुन पाउँदैन भन्दै तत्कालीन गिरिजाप्रसाद कोइरालाको शासनप्रति विरोधी भाव व्यक्त गरिएको छ । समग्रमा राजनीति स्वच्छ हुनुपर्ने भाव व्यक्त गरिएको निबन्ध राजनीतिक परिवेशमा संरचित छ र सरल तथा सहज अनि सुस्पष्ट भाषामा अभिव्यक्त भएको छ।

## ४.२.५१ सहयोगको बाढी !

२०५७ साउन १६ को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्ध देशभक्तिमा आधारित छ। राजनीतिक परिवेशलाई आधारभूमि बनाउँदै निबन्धमा नेपाल पराधीन हुँदै गएकोप्रति चिन्ता व्यक्त गरिएको छ । प्रत्यक्षतः नेपाली राजनीतिले जनताले सरकारी स्तरबाट पाउनुपर्ने खाद्य, स्वास्थ्य, शिक्षा तथा जलस्रोतलाई निजी क्षेत्रलाई सुम्पेको र जनताले राहतको अनुभव गर्नुको साटो समस्याग्रस्त हुनुपरेको यथार्थ निबन्धमा पाइन्छ। नेपाली राजनीतिज्ञहरूले अदूरदर्शीता देखाएको र देशलाई भ्रष्टाचार उन्मूलनको बाटोमा ल्याउनुको साटो अन्य समस्यामा फस्दै गएको अनि त्यस्ता समस्याहरूलाई पनि निराकरण गर्न नसकेर लाचार बन्नुपरेको कुरालाई अङ्गीकार गर्दै निबन्धले उनीहरूको यस्तो प्रवृत्तिले नै देश पराधीन हुन बाध्य भएको हो भन्ने भाव व्यक्त गरेको छ। नेपालको सम्पूर्ण राजनीति विदेशीबाट सञ्चालित छ र यहाँका नेताहरूलाई उनीहरूले किनेर आफ्नो बनाएका छन्, जसले गर्दा सम्पूर्ण देश उनीहरूको क्रीडाभूमि बन्न बाध्य भएको यथार्थलाई प्रस्तुत गरेको निबन्धमा त्यही कारणले गर्दा नेपाल तिब्बती तथा भुटानी शरणार्थीको वासस्थान हुन पुगेको, बङ्गाली, उत्तरप्रदेशी तथा विहारीको बाढीले गर्दा देश स्वावलम्बनतर्फ उन्मुख हुन नसकेको कुरा निबन्धको शीर्षक सहयोगको बाढीलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ। यसरी विपर्यासको भाषा रहेको निबन्धमा नेपाली राजनीतिक व्यक्तिहरूकै लाचारीपनाले गर्दा देश विभिन्न समस्याको डुबानमा परेको भाव सरल भाषामा व्यक्त गरिएको छ।

## ४.२.५२ यो कसको शासन हो ?

प्रश्नात्मक शीर्षक रहेको प्रस्तुत निबन्ध तत्कालीन नेपाली राजनीतिक परिवेशमा आधारित छ। कक्षागत पठनपाठनको शैलीमा प्रस्तुत गरिएको निबन्धमा जहाँनिया राणाशासनको विषयवस्तु उठाई तत्सम्बन्धी प्रश्न र उत्तरका माध्यमले अहिलेको शासन पनि त्यही शासनको समानशासनका रूपमा रहेको तीतो यथार्थको प्रस्तुति गरिएको छ । परिवारलाई मात्र उच्च ओहोदामा राख्ने र अरुमाथि शासन गर्ने तत्कालीन जहाँनिया शासन अहिलेको नेपाली राजनीतिक परिपाटीसँग पनि जुध्न आएको छ। यस्तै त्यस समयका शासितहरूले शासकलाई भगवान् मान्ने गरेको परिपाटी पनि अहिलेका विभिन्न राजनीतिक दलहरूका कार्यकर्ताले शीर्षस्थ नेताहरूलाई भगवान् मानी चाकरी गरेको प्रसङ्गसँग तुलना गरिएको छ भने राणाहरूमा देखिएको वर्गविभाजन अहिलेको राजनीतिक व्यक्तिहरूमा देखिएको कुरासँग तुलना गरिएको छ। जसले गर्दा नेपालीले राणाहरूको शासन हो वा जनताको शासन छुट्याउन सक्ने स्थिति रहेको देखिन्न। यही प्रसङ्गलाई रोचक शैलीमा प्रस्तुत गरिएको निबन्धमा अहिलेका नेताहरू पनि तत्कालीन राणानेताहरू जस्तै आफ्नो स्वार्थपूर्ति र परिवारपोषणमा लागेको यथार्थ प्रस्तुत गरिएको छ। कक्षागत पठनपाठन तथा संवादात्मक शैलीमा प्रस्तुत गरिएको निबन्ध सरल भाषामा संरचित भए पनि शीर्षकमा आएको प्रश्नात्मकताले नेपाली राजनीतिको यथार्थ धरातल पहिचान गर्न गराउन सफल भएको छ।

## ४.२.५३ विकासप्रेमी प्रधानमन्त्री !

२०५७, असार १९ को नेपाल समाचारपत्रमा प्रकाशित प्रस्तुत निबन्ध पनि राजनीतिक परिवशमा आधारित छ, तर यो परिवेश चुनावी माहोलको रहेको छ। अन्य समयमा जनताको वास्तै गर्न छाड्ने नेताहरूमा चुनावको बेलामा देखिने जनताप्रतिको आस्था तथा घरदौडाहालाई निबन्धले सहज रूपमा प्रस्तुत गरेको छ । आफू माथि पुगेपछि जनताबाट चुनिएर आएको हुँ भन्ने बिर्सिई जनताका समस्याहरूमाथि नजरअन्दाज गर्ने नेताहरू चुनाव लागेपछि जस्तोसुकै विषमपरिस्थिति होस् या समयको अभाव होस्, जसरी भए पनि जनतासामु पुगिछाड्छन्। उनीहरू केवल सत्तामा पुग्नकै लागि जनतालाई आधार बनाउँछन् र सत्तासीन भइसकेपछि आफ्नो स्वार्थपूर्तिमा लिप्त हुँदाहुँदै जनताको समस्याहरूको निराकरणमा उदासीन देखिन्छन्। जसले गर्दा कार्यकालको अन्त्यमा पुनः जनतासामु भीख माग्दै निर्लज्ज देशदौडाहा गर्ने नेताहरूको कुप्रवृत्तिप्रति निबन्धले व्यङ्ग्य गरेको छ । सत्तासीन हुँदा जनतामुखी भई जनताको पक्षमा काम गरे कहिल्यै पनि त्यस्तो अवस्था नआउने र जनताले पत्याएपछि सधैँ आफ्नो काममा रहिरहन पाइने हुनाले बेलैमा सोची आफ्नो स्वार्थभन्दा जनताको समस्यामा एकीकृत हुनुपर्ने कुरालाई निबन्धले जोड दिएको छ। विभिन्न सामाजिक तथा राजनीतिक परिवेशको प्रस्तुति र यथार्थ नेपाली राजनीतिको चित्र अङ्कन गरिएको निबन्धले नेपाली राजनीतिमा देखिएका विसङ्गतिलाई राम्ररी नियाल्न सक्षम भएको छ।

### ४.२.५४ अथ गिरिजास्तुति !

पौराणिक शैलीमा लेखिएको प्रस्तुत निबन्ध २०५७, साउन १७ को नेपाल समाचारपत्र दैनिकमा प्रकाशित व्यङ्ग्यपरक निबन्ध हो । नेपाली काङ्ग्रेसको पार्टीगत सभापतिचयनसँग सम्बन्धित निबन्धको प्रारम्भ श्लोकात्मक व्यङ्ग्यबाट सुरु गरिएको छ र राजनीतिक परिवेशलाई अँगालिएको छ। निबन्धमा तत्कालीन नेपाली काङ्ग्रेसमा हालीमुहाली गरेका र एकाधिकार लिएका गिरिजाप्रसाद कोइरालाको परिवारवादी स्वार्थी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । उनले आफ्नो परिवारमा सभापतिजस्तो पद हत्याउनका लागि काङ्ग्रेसका अन्य नेताहरूलाई विभिन्न आरोप प्रत्यारोप लगाई र अयोग्य सावित गरी त्यस पदको दावेदारमा आफूलाई र अन्य उच्च पदमा कोइरालापरिवारकै व्यक्तिहरूलाई आसीन गराउन कटिबद्ध भएको गिरिजाप्रसादको कार्यशैलीप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ। निबन्धमा सम्भावना बोकेका र नेतृत्वक्षमता भएकाहरूलाई माथि उठ्न नदिएर आफ्नो खलकभन्दा बाहिर राजनीतिको नेतृत्व जान नदिने र त्यसका लागि जस्तोसुकै घटिया हर्कत गर्न पनि पछि नपर्ने कोइरालाको स्वार्थी प्रवृत्तिले गर्दा नेपाली काङ्ग्रेसको अस्तित्व नै सङ्कटमा परेको छ र जसले गर्दा देशले पनि ठूलो मूल्य चुकाउनुपरेको यथार्थको प्रस्तुति पाइन्छ।

पौराणिक शैली तथा श्लोकात्मक आरम्भले निबन्धलाई रोचक बनाउनुका साथै तत्कालीन राजनीतिमा देखिएको गिरिजाप्रसादको स्वार्थी राजनीतिप्रतिको व्यङ्ग्यले निबन्ध त्यस्तो विकृति र विसङ्गतिप्रति घोचक बन्न पुगेको छ।

### ४.२.५५ नेपालीहरूको देशै भारत !

आख्यानात्मक रूपमा संरचित प्रस्तुत निबन्ध २०५७, साउन २३ को तरुण साप्ताहिकमा प्रकाशित राजनीतिक परिवेशमा आधारित निबन्ध हो । शीर्षकबाटै प्रतीकात्मक रूपमा नेपाल र नेपालीको अस्तित्व गुमनाम हुँदै गएको यथार्थलाई प्रस्तुत गरिएको निबन्धमा नेपाल र नेपालीमाथि मित्रदेशबाट भाषा, संस्कृति, अस्मिता, सीमामाथि अतिक्रमण हुँदा पनि हामी उदासीन भइरहेका छौँ र उनीहरूमा नै पराधीन भइबसेका छौँ। हामीमा हाम्रो स्वत्व गुम हुँदै गएको छ र हामी उनीहरूको प्रगतिमा जिब्रो टोक्छौँ, तर आफ्नो प्रगतिका बारेमा कहिले सोच्न सक्दैनौँ। त्यसैले हामी बाँचेर पनि मरिरहेका छौँ। यसको एकमात्र कारण नेपाली असङ्गत राजनीतिक स्थिति हो। नेपाली राजनीतिमा स्वावलम्बी र देशभक्ति भएका नेतृत्वकर्ताको अभावले हामी जनता सधैँ पीडित र पराधीन भइरहेका छौँ। हाम्रो अस्तित्व धरापमा परेको छ र अर्काको मुख ताकेर बसिरहन बाध्य भएका छौँ। जसले गर्दा हामी अस्तित्वहीन भएर बाँचेका छौँ र भारतले हामीलाई भौतिक रूपमा नभए पनि मानसिक रूपमा अतिक्रमण गरिसकेको छ। उसकै इसारामा देश चल्नु, राजनीतिमा फेरबदल हुनु यसको उदाहरणमात्र हो। त्यसैले निबन्धमा नेपालमा देखिएको यस्तो विकृति र विसङ्गतिको राजनीतिले नेपालको अस्तित्व नै धरापमा पर्न सक्ने भएको हुँदा हामीले बेलैमा सोचेर देशको अस्तित्वरक्षामा जागरुक हुनुपर्ने भाव व्यक्त गरिएको छ। शीर्षकीय प्रतीकात्मकताले निबन्धलाई गम्भीर बनाएको छ र सरल भाषाशैलीको प्रयोगले निबन्ध सुबोध्य हुनुका साथै आफ्नो भावसम्प्रेषणमा सशक्त बनेको छ।

### ४.२.५६ राजा, दर्बार र दर्बारिया !

२०५७, साउन ३० को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित समसामयिक विषयवस्तुमा आधारित निबन्ध हो। निबन्धमा राजावादी अधिकारीको राजाप्रतिको विचारलाई प्रस्तुत गरिएको छ। नेपालमा सत्तामा आसीन भएका राजाहरू आफैँमा नराम्रा नभएर उनीहरूलाई स्वार्थवश भरौटेहरूले मोहमा पारेको र सत्तामा आफू अगाडि आउनका लागि उनीहरूलाई माध्यम बनाएकाले उनीहरूको चरित्र धुमिल हुन पुगेको भए पनि पछिल्लो समयमा प्रजातन्त्रप्रति उदार बनेका राजा वीरेन्द्र र युवराज दीपेन्द्र भने जनताको शासनमा कटिबद्ध राजाका रूपमा देखिएको कुरा निबन्धमा आएको छ। आफू राजावादी भए पनि स्वार्थका लागि राजावादी नभएको र उनीहरूको आचरणले आफूलाई उनीहरूको अनुयायी बनाएको भन्दै निबन्धकारले स्वार्थवश राजनीति गर्न राजावादी बनेका नेता खुमबहादुर खड्काप्रति तीखो व्यङ्ग्य कसेका छन्। यदि राजनीति स्वार्थवश नभई गरियो भने त्यसले मात्र आफूलाई आत्मसन्तुष्टि मिल्ने भएकाले स्वार्थवश गरिएको राजनीति स्वार्थ पूरा भएपछि सकिने र त्यसको कुनै अर्थ नहुने भाव निबन्धमा आएको छ। आफू राजावादी भए पनि राजामा आउन सक्ने परिवर्तनले आफूमा परिवर्तन ल्याइदिन सक्ने भन्दै अधिकारीले प्रजातन्त्रप्रतिको उदारतालाई आफूले मानेको कुरा स्पष्ट पारेका छन्। थोरै राजनीतिक परिवेश भए पनि निबन्धमा निबन्धकारले हामी सत्ताको नभएर व्यवस्थाप्रति अनुग्रहित हुनुपर्छ भन्ने भाव सरल तथा सुबोध्य भाषामा निबन्धमा व्यक्त गरेका छन्। विश्लेषणात्मक शैली भए पनि निबन्धको बीचमा प्रयोग गरिएको कविताले निबन्धलाई नवरूप दिएको छ र निबन्ध पनि भावसम्प्रेषणमा सशक्त बनेको छ।

### ४.२.५७ कमैयाका कमैयाहरू !

प्रस्तुत निबन्ध कमैयाप्रथा र त्यसको वास्तविकतामा आधारित छ। २०५७, साउन ३१ को नेपाल समाचारपत्रमा प्रकाशित प्रस्तुत निबन्धमा कमैयामुक्तिको घोषणा गरेर खुसियाली मनाए पनि प्रत्येक नेपालीले नेताका अगाडि हात पसारेर कार्यकर्ताका रूपमा कमैयाप्रथालाई निरन्तरता दिइरहेका छन् भन्ने वास्तविकतालाई निबन्धले आफ्नो विषयवस्तु बनाएको छ। शासकका घरमा शासित भई काम गर्न कमैयाहरू मुक्त भए पनि नेताहरूका अगाडि खान र लाउन लम्पसार परेर उनीहरूकै आश्वासनमा बाँच्न बाध्य कमैयाहरूले भने मुक्तिको बाटो नपाएको कुरा निबन्धमा व्यक्त भएको छ। अझ चाकरी गरिने त्यस्ता नेताहरू पनि विदेशीहरूको कमैयाको रूपमा रहेका र यस्तो प्रथाले झन् उग्ररूप लिँदै गए देशकै अस्तित्व सङ्कटमा पर्ने भाव निबन्धमा व्यक्त गरिएको छ। त्यसका लागि सम्पूर्ण नेपालीहरू एकजुट हुनुपर्ने र विदेशी शासकका कमैया बनेका विदेशी दलालहरूलाई निमिट्यान्न पारी नेपाल देशलाई नै कमैयाबाट मुक्त पार्नुपर्ने भाव निबन्धमा पाइन्छ। हामीले भन्ने गरेका कमैयाहरू सानो क्षेत्रका हुन् र तिनीहरू मुक्त हुँदैमा सबै समस्याको समाधान नहुने हुनाले ठूला समस्याहरूलाई पन्छाउँदै गएमा मात्र सानातिना समस्याहरू पनि आफैँ समाधानोन्मुख हुने विचार व्यक्त गर्दै निबन्धमा सर्वप्रथम नेपाललाई विदेशीको कमैयाबाट मुक्त गराउनुपर्ने त्यसपछि जनतालाई नेताको कमैयाबाट मुक्ति गराई स्वतन्त्र जीवन निर्वाहको हक दिनुपर्ने कुरालाई मुख्य विषय बनाइएको छ। समग्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, सरल भाषा तथा

विश्लेषणात्मक शैली भएर पनि निबन्धले वहन गरेको विषय गहन भएकाले निबन्धलाई सूक्ष्म रूपमा बुझ्नुपर्ने देखिन्छ।

### ४.२.५८ सुशासन !

२०५७, भाद्र २७ को नेपाल समाचारपत्र दैनिकमा प्रकाशित प्रस्तुत निबन्ध पनि नेपाली तत्कालीन राजनीतिक परिवेशमा संरचित निबन्ध हो। विश्लेषणात्मक शैलीमा संरचित निबन्धमा तत्कालीन नेपालका नेता गिरिजाप्रसादको शासनकालमा देखिएका विसङ्गति र बेथितिप्रति व्यङ्ग्य गरिएको छ। नेपालमा स्वार्थको राजनीति सुरु गरी परिवारवादलाई टेवा दिने गिरिजाप्रसादको स्वार्थी प्रवृत्तिका कारण नेपालको राजनीति व्यक्तिकेन्द्रित बन्न पुगेको छ र तत्कालीन समयमा उनीहरूकै हालीमुहाली रहेको कुरालाई निबन्धले व्यक्त गरेको छ। निबन्धमा शासनका चार प्रकारहरू सुशासन, नोशासन, माशासन र प्रशासनको रोचक प्रसङ्ग ल्याई तत्कालीन राजनीतप्रति व्यङ्ग्य गरिएको छ। सुशासनलाई सुजाताको शासन र नोशासनलाई नोना कोइरालाको शासनका रूपमा परिभाषित गरिएको निबन्धमा केन्द्र वा राजधानीमा यस्तो शासन हावी भएको देखाइएको छ र विकट क्षेत्रमा माशासन अर्थात् माओवादीको शासन र प्रशासन अर्थात् प्रहरीको शासनले देशको आन्तरिक अवस्थालाई दयनीय बनाएको प्रसङ्ग उल्लेख गरिएको छ। एक आपसमा वैरभाव हुँदा माओवादी बनेर होस् या प्रहरी बनेर होस् तिनीहरूलाई सखाप पार्ने विकृतिले त्यस्ता क्षेत्रमा प्रश्रय पाएको छ भने राजधानीकेन्द्रित क्षेत्रहरूमा परिवारवादी राजनीतिले टेवा पाउँदा सच्चा राजनीति हराउँदै गएको र देश र जनतामा वितृष्णा पैदा भएको कुरालाई निबन्धले स्पष्ट रूपमा व्यक्त गरेको छ। देशमा देखिएका यस्ता कुशासनहरूलाई जरैदेखि उन्मूलन गरी सुशासन अर्थात् राम्रो शासनव्यवस्था अँगाल्नुपर्ने र देशलाई विकासपथमा अगाडि बढाउनुपर्ने सन्देश पनि निबन्धमा पाइन्छ। विश्लेषणात्मक शैली र सुबोध्य भाषिक प्रयोगले निबन्धको भावप्रकटनलाई सहज बनाएका छन्।

### ४.२.५९ लैजा भारत, तेरो लुतो !

प्रस्तुत निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को व्यङ्ग्यपरक निबन्ध हो। धार्मिक अन्धविश्वासलाई नेपाली राजनीतिसँग जोडेर त्यसप्रति कटुव्यङ्ग्य गरिएको यस निबन्धमा नेपालमा राजनीतिक मौलिकता नरहेको र नेपाल सबै कुरामा भारतमा पराधीन हुनुपरेको तीतो यथार्थलाई प्रस्तुत गर्दै अब नेपाली नेताहरूले पराधीन नभई स्वाधीन राजनीतिको सुरुवात गर्नुपर्ने विचार निबन्धमा व्यक्त गरिएको छ। नेपालमा भएका राजनीतिक परिवर्तनहरू सबै भारतकै इसारामा भएका र त्यसले गर्दा नै नेपाली स्वाभिमान खतरामा पर्दै गएको कुराप्रति चिन्ता व्यक्त गर्दै निबन्धकारले भारतलाई बाज र नेपाललाई शान्तिप्रेमी परेवाको प्रतीकका रूपमा अर्थ्याउँदै बाज सधैँ परेवा हडप्न तम्तयार रहेको कुरा नेपालीले बुझ्नुपर्ने र सोही अनुसारको चेतना जगाउन आवश्यक रहेको कुरा निबन्धमार्फत् स्पष्ट पारेका छन्। नेपालीहरूमा देशभक्ति भए पनि आयातित हुन पुगेको र त्यसले नेतादेखि जनता सबै पराधीन भई अर्काको मुख ताकेर बस्नुपर्ने अवस्था आएकाले त्यसबाट सधैँका लागि छुट्कारा पाउनका लागि उनीहरूको इसारामा आएका राजनीतिक व्यवस्थालाई

परिवर्तन गरी आफ्नै पाखुराको भरमा स्थायी र जनप्रिय शासनव्यवस्थाको सुरुवात गर्नुपर्ने भाव निबन्धले बोकेको छ। नेपालीलाई स्वाभिमानी र देशप्रेमी बन्न प्रेरित गर्दै निबन्धकारले भारतबाट आयातित राजनीतिलाई उतै विसर्जन गरिदिनुपर्ने र आफ्नो मौलिक राजनीतिको सुरुवात गर्नुपर्ने, जुन राजनीति नेपाल र नेपालीको हितमा होस्, त्यसको आवश्यकता रहेको कुरा औँल्याएका छन् । धार्मिक तथा राजनीतिक परिवेश तथा विभिन्न विश्वाससँग सम्बन्धित विचार तथा देशप्रेम र स्वाभिमानप्रतिको चिन्तन एवं सरल तथा सुबोध्य भाषिक प्रयोगले निबन्ध गम्भीर बनेको छ।

## ४.२.६० सुजाताको सु!

सुजाताको सु निबन्ध २०५७, भदौ १२ को तरुण साप्ताहिकमा प्रकाशित व्यङ्ग्यपरक निबन्ध हो। सरसर्ती पढ्दा अपअर्थ अश्लील निबन्धजस्तो देखिए पनि यसले वहन गरेको भाव भने गम्भीर देखिन्छ । राजनीतिक परिवेशमै आधारित यस निबन्धमा निबन्धकारले अन्य निबन्धमा झैँ गिरिजाप्रसादलाई विषयवस्तु नबनाएर उनकी पुत्रीलाई विषयवस्तु बनाएका छन्। काङ्ग्रेसका नेता गिरिजाप्रसादकी छोरी सुजाता कोइराला गिरिजाप्रसादको छोरी भएकैले गर्दा राजनीतिमा हावी हुँदै गएको र बाबुको राजनीतिलाई ढाल बनाई नेपालमा गरेका उनका कुकृत्यहरूलाई छोप्न सफल भएको कुरा निबन्धमा व्यक्त गरिएको छ । गिरिजाप्रसादकै परिवारवादले गर्दा वा उनको स्वार्थीप्रवृत्ति पुत्रीप्रेमले गर्दा सुजाता जस्ता व्यक्तिहरूले नेपाली राजनीतिमा भ्रष्टाचारलाई बढाउँदै लगेको र त्यसले देशविकासमा अवरोध गरेको तीतो यथार्थको प्रस्तुति निबन्धमा पाइन्छ। तत्कालीन नेपाली काङ्ग्रेसको महाधिवेशनको सामयिक परिवेश तथा नेपाली काङ्ग्रेसमा देखिएको परिवारवादी प्रवृत्तिको पृष्ठभूमिमा पौराणिक शैलीमा लेखिएको प्रस्तुत निबन्धले यस्तो परिवारवादको विरोध गरी नेपालमा स्वच्छ राजनीतिको प्रारम्भ गर्नुपर्ने भाव व्यक्त गरेको छ। सरल तथा सहज भाषा तथा रोचकताले निबन्धलाई पठनमा हास्य पैदा गरे पनि भावमा व्यङ्ग्य गर्न सफल भएको देखिन्छ।

## ४.२.६१ गिरिजाप्रसादको अपहरण!

गिरिजाप्रसादको अपहरण शीर्षकको निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित राजनीतिक परिवेशमा नै लेखिएको निबन्ध हो। २०५७, भाद्र १९ को तरुण साप्ताहिकमा प्रकाशित यस निबन्धमा पनि अन्य निबन्धमा झैँ नेपाली राजनीतिको पुरानो दल नेपाली काङ्ग्रेस र तत्कालीन त्यस पार्टीका शीर्ष नेता गिरिजाप्रसाद कोइरालालाई विषयवस्तु बनाइएको छ । यस निबन्धले मुख्यतः गिरिजाप्रसाद कोइरालाको राजनीतिक व्यक्तित्व परिवर्तन हुँदै गइरहेको र उनमा देखिएको परिवारवादी प्रवृत्तिले उनको सच्चा राजनीतिक व्यक्तित्वको अपहरण भएको वा अवसान भएको कुरालाई प्रस्तुत गर्दै गिरिजाप्रसाद कोइरालामा देखिएको राजनीतिक खराब प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । अहिलेको समयमा देखिएका गिरिजाप्रसाद सच्चा नेपालीका नेता हुन नसक्ने, मजदुरका नेता हुन नसक्ने र काङ्ग्रेसका निष्ठ नेता हुन नसक्ने भन्दै गिरिजाप्रसादमा देखिएको पुत्रीप्रेमी वा परिवारवाद र स्वोदरपूरण वा स्वार्थपूर्ति गर्ने व्यक्तित्वमाथि निबन्धले शब्दबाण प्रहार गरेको छ । निबन्धमा अहिलेको गिरिजाप्रसाद नक्कली रहेकाले पुरानो गिरिजाप्रसादलाई कसैले

अपहरण गरेको हुन सक्ने र अहिले नेपाली जनतालाई पुरानै छवि भएका गिरिजाप्रसादको आवश्यकता भएकाले त्यसको माग निबन्धमा गरिएको छ। निबन्धले गिरिजाप्रसादको परिवर्तन भएको राजनीतिक व्यक्तित्वप्रति व्यङ्ग्य गर्दै उनमा हावी भएको प्रवृत्तिलाई हटाई पुरानै नेपाल र नेपालीका लागि राजनीति गर्नुपर्ने धारणाको पुनःविकास हुनुपर्ने र देशलाई विकासपथमा लम्काउन उनले कदम चाल्नुपर्ने भाव व्यक्त गरेको छ। व्यङ्ग्यात्मकता र परिवर्तनको चाहना प्रस्तुत गरिएको निबन्धमा सरल, सहज तथा राजनीतिकबहुल शब्दहरूको प्रयोग पाइन्छ र निबन्ध आफ्नो भाव प्रस्फुटनमा सफल देखिन्छ।

## ४.२.६२ दुई नेतालाई नैकापको घर!

दुई नेतालाई नैकापको घर शीर्षकको प्रस्तुत निबन्ध २०५६, भदौ २६ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अर्को निबन्ध हो। निबन्धमा मिलाप अर्थात्को सद्भावको राजनीतिप्रति झुकाव राख्दै राजनीति गर्नेहरू एक आपसमा मिलेर भ्रातृत्वको राजनीति गर्नुपर्ने विचार व्यक्त गरिएको छ। अन्य निबन्धमा झैँ नेपाली राजनीतिक दल नेपाली काङ्ग्रेसलाई नै निबन्धको विषयवस्तु बनाइएको छ । नेपाली काङ्ग्रेसका दुई नेता कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालालाई पात्रका रूपमा प्रस्तुत गरिएको निबन्धमा उनीहरूलाई सधैँ एक साथ राख्नुपर्ने र उनीहरूले काङ्ग्रेसको मूल मर्मलाई नछाडी जिउँदो नेतृत्व दिनुपर्ने कुरालाई उठान गरिएको छ। यसका लागि निबन्धकारले आफ्नो घर पनि दिन तयार रहेको भन्दै उनीहरूका बीचमा भ्रष्ट, परिवारवाद मान्नेलाई प्रवेश निषेध गर्नुपर्ने भन्दै राजनीति आफ्नो परिवारको लागि नभएर देशको लागि गर्नुपर्ने अनि परिवारलाई नभएर देशलाई विकासपथमा लम्काउन राजनीति गर्नुपर्ने, जसका लागि छुट्टिएर नभई मिलापको राजनीति गर्नुपर्ने र जसबाट राजनीति स्थायी हुन सके देश विकासमार्गमा लम्कने कुरा निबन्धकारले निबन्धमार्फत् व्क्त गरेका छन् । आफूलाई सच्चा राजनीतिमा आस्था गर्ने व्यक्तिका रूपमा चिनाउँदै निबन्धकारले देशमा सच्चा राजनीति जन्मन्छ भने आफू जस्तोसुकै ठूलो त्याग गर्न पनि तयार रहेको भाव व्यक्त गरेका छन्। व्यङ्ग्यात्मकतामा भन्दा पनि राजनीतिक सुधारमा बढी जोड दिइएको यस निबन्धमा आत्मपरक शैली तथा सद्भावको भाव व्यक्त गरिएको छ। कुरा सामान्य लागे पनि यसले उठान गर्न खोजेको विषयवस्तु गम्भीर रहेको छ र जसलाई यसमा प्रयोग भएको सरल भाषाले स्पष्ट पारेको छ।

## ४.२.६३ प्रधानमन्त्री, महामन्त्री, परराष्ट्रमन्त्री र नातिमन्त्री!

२०५६, असोज २ को तरुण साप्ताहिकमा प्रकाशित प्रस्तुत निबन्ध बिन्तीपत्रको शैलीमा संरचित छ। अधिकारीका अन्य निबन्धजस्तै राजनीतिक व्यङ्ग्य प्रस्तुत निबन्धको भावभूमि हो। निबन्धमा नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको परिवारवादलाई विषयवस्तु बनाइएको छ र उनको परिवारमोहप्रति व्यङ्ग्य गरिएको छ। निबन्धमा गिरिजाप्रसाद कोइराला चार पटक प्रधानमन्त्री भएकाले श्री ४ भएको र राणाकालीन शासनमा झैँ आफ्नालाई मात्रै उच्च ओहोदामा राख्ने परिपाटी उनमा विकसित भएकाले नेपाली काङ्ग्रेस नै उनको निरङ्कुशताको आश्रय बन्न पुगेको छ। आफ्नालाई जस्तो कुचक्र चलेर भए पनि माथि ल्याउन खोज्ने गिरिजाप्रसादको

कुप्रवृत्तिको भण्डाफोर निबन्धमा निबन्धकारले गरेका छन् । नेपाली काङ्ग्रेसका सर्वकालीन नेता बनेका गिरिजाको परिवार मात्र पोस्ने प्रवृत्तिले नेपाली काङ्ग्रेसका अन्य शिक्षित नेता तथा कार्यकर्तामा पलायनको अवस्था सिर्जना हुन सक्ने कुरामा सशंकित बन्दै आफ्नै परिवारलाई मात्र पार्टीदेखि देशका विभिन्न मन्त्रालयहरूमा नियुक्ति दिने र अझ उचित अवसर पारेर सम्पूर्ण देश नै सुम्पिदिन खोज्ने गिरिजाप्रसादको भाइ तथा पुत्रीमोहले नेपाली राजनीतिलाई अधोगतिमा लगेको कुरा व्यक्त गर्दै नेपाली राजनीतिमा पनि नातावाद होइन, त्याग र लगावको स्थान हुनुपर्ने विचार व्यक्त गरेका छन् । यसरी पत्रात्मक शैली, राजनीतिक परिवेश तथा राजनीतिमा घुसेको नातावाद, कृपावादको चर्को विरोध गरिएको प्रस्तुत निबन्ध सरल तथा सम्प्रेषणीय भाषाशैलीले गर्दा भावावबोधनमा सशक्त बनेको छ।

## ४.२.६४ पर्दानमन्तिरि तथा काङ्ग्रेस सबापती गिर्जाप्रसाद !

राष्ट्रको ढुकुटी रित्याई विदेश भ्रमण गर्ने नेपाल सरकारका मन्त्रीहरूमा देखिएको दुष्प्रथालाई व्यङ्ग्य गर्दै लेखिएको प्रस्तुत निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित र २०५७ असोज ९ को तरुण साप्ताहिकमा प्रकाशित व्यङ्ग्यपरक निबन्ध हो । शीर्षक नै अमानक बनाई राखिएको निबन्धले शीर्षकबाट नै नेपाली राजनीति पनि अनैतिक बन्दै गएको कुराप्रति व्यङ्ग्य गरेको छ । निबन्धमा प्रधानमन्त्री, उपप्रधानमन्त्री, गृहमन्त्री आदि सबै राष्ट्रको ढुकुटी रित्याई विदेश भ्रमण वा स्वदेशकै विभिन्न स्थानमा भ्रमण गर्ने गरेको तर त्यसको उपलब्धि भने शून्य भई नेपाली जनताले राहत महसुस गर्न नसकेको कुरालाई निबन्धमा व्यक्त गर्दै नेपालमा रक्सी र केटीको भए नेपाली नेताहरूलाई पुग्ने र अरु कुनै कुराप्रति चासो नराख्ने बरु समसामयिक कुराहरू लेख्ने पत्रिकाहरूलाई अप्रजातान्त्रिक भन्दै तिनलाई बन्द गर्नुपर्ने अनैतिक धारणा राख्ने नेताहरूप्रति निबन्धमा घातक व्यङ्ग्यबाण प्रहार गरिएको छ। नेपाली राजनीतिक विसङ्गत परिवेश, अमानक भाषाको प्रयोग तथा मौलिक असङ्गत राजनीतिप्रतिको व्यङ्ग्यात्मक उखानको प्रयोगले निबन्ध रोचक बन्नुका साथै नेताप्रतिहरू गरिएको यथार्थात्मक व्यङ्ग्यले घोचक समेत बन्न पुगेको छ।

## ४.२.६५ राजनीतिमा नववधू हुन सिक्नू !

२०५६ फागुन १६ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित राजनीतिमा नववधू हुन सिक्नू निबन्ध अवसरवारी राजनेताहरूप्रति व्यङ्ग्य गरेर लेखिएको निबन्ध हो । 'राजनीतिमा कोही पनि स्थायी शत्रु हुँदैनन, कोही पनि स्थायी मित्र हुँदैनन्' भन्ने व्यङ्ग्योक्तिसँगै प्रारम्भ गरिएको यस निबन्धमा निश्चित अवसरमा शत्रुजस्ता देखिए पनि उनीहरूबीच शत्रुता नहुने र उनीहरू मिलेर नै देश रित्याउन लागिपरेको कुरा अभिव्यक्त गरिएको छ । कार्यकर्ताहरूबीच द्वन्द्व गराई उपलब्धिहरूको हकदार भने आफूलाई मात्र ठान्ने ठूलो नेता भनाउँदाहरूले आफ्नालाई आफ्नो नदेख्ने र विपक्षीका लागि जस्तोसुकै त्याग गर्न पनि तयार हुने कुरालाई सोझी जेठी स्वास्नीलाई छलेर कान्छी स्वास्नी ल्याई उसैलाई पोस्ने गरेको प्रसङ्गसँग समन्वय गरी निबन्धमा नेपालका नीतिहीन तथा अवसरवादी नेताहरूलाई व्यङ्ग्य गरिएको छ। ठूलो पदमा विपक्षीलाई पुऱ्याउनुको तात्पर्य उनीहरू आफ्नाबाट फाइदा देख्दैनन् र विपक्षीलाई माथि सारेर

आफूले फाइदा लुट्छन्, त्यसैले नेताहरू सधैँ अवसरवादी र स्वार्थी हुन्छन् भन्ने कुरालाई नेपाली राजनीतिक परिवेशमा निबन्धमा अभिव्यक्ति गरिएको छ । निबन्धमा प्रयोग भएको शीर्षकले वैवाहिक अवसरमा मात्र सिँगारिने नववधू जस्तै निश्चित अवसरमा मात्र आफ्ना मान्यताहरू देखाउने र अन्य समयमा अवसर खोज्नुपर्ने कुरासँग जोडिएको नेताको चरित्रप्रति नै व्यङ्ग्य गरेको छ । उखानटुक्कात्मक भाषा, विभिन्न दृष्टान्तहरूको प्रयोग, कथात्मक शैलीले निबन्धलाई व्यङ्ग्यपरक बनाई व्यङ्ग्यविधानमा उत्कृष्ट बनाएको छ ।

## ४.२.६६ मरेका माओत्सेतुङलाई होइन, जिउँदा बाबुराम र प्रचण्डलाई स्वागत गर्न पाऊँ!

समसामयिक विषयवस्तुमा आधारित उपर्युक्त शीर्षक भएको निबन्ध २०५६ फागुन २३ को तरुण साप्ताहिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सकलित निबन्ध हो । व्यङ्ग्यात्मक निबन्ध लेख्ने अधिकारीको यस निबन्धमा भने समसामयिकता देखिन्छ । कुनै पनि सिद्धान्त वा वाद त्यही ठाउँकै सापेक्षतामा हुनुपर्ने र अन्य स्थानका सिद्धान्त र वाद ल्याएर अर्को स्थानमा जबर्जस्ती लाद्न नसकिने वा लादेमा पनि त्यस्ता सिद्धान्तले कुनै काम गर्न नसक्ने हुनाले देश वा ठाउँकै सापेक्षतामा सिद्धान्त वा वाद जन्माउन तत्कालीन समयमा जङ्गल पसी माओत्सेतुङको सिद्धान्तको अनुसरण गर्ने माओवादीलाई सम्बोधन गर्दै यस निबन्धमा अनुरोध गरिएको छ । चीन तथा जर्मनीका व्यक्तिहरूले जन्माएका सिद्धान्त उनीहरूका आफ्नै स्थानका सापेक्षतामा हुन्छन्, त्यसको अपेक्षामा नेपालको राजनीतिक पृष्ठभूमि फरक भएकाले नेपाली स्थानीयताको प्रतिनिधित्व गर्ने खालको सिद्धान्त नेपालीभित्रैबाट जन्माइयो भने मात्र त्यस्ता वाद वा सिद्धान्तले देशलाई अग्रिम दिशामा लैजान सक्छ भन्दै निबन्धमा माओवादीको नेतृत्व गरेका बाबुराम र प्रचण्डलाई आफ्नो देशसापेक्ष मौलिक सिद्धान्त तयार गर्न सुझाव दिइएको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक व्यवस्था, बाजे र नातिको पुस्त्यौली अन्तरको दृष्टान्त तथा मानक नेपाली भाषाको प्रयोग तथा सुझावात्मक शैलीको प्रयोगले निबन्ध पूर्णतः समसामयिक बन्न पुगेको छ र तत्कालीन भूमिगत माओवादीप्रति सम्पूर्ण नेपालीको साझा बोली बनेको छ ।

## ४.२.६७ संस्कृत कस्तो र कसको भाषा!

२०५७ असार १ को कान्तिपुर दैनिकमा प्रकाशित र तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित प्रस्तुत निबन्ध संस्कृत भाषाको महत्त्वका बारेमा लेखिएको छ । निबन्धमा नेपालमा संस्कृत भाषाको महत्त्व नबुझी यसलाई केवल टपरे बाहुनहरूको भाषाको रूपमा मात्र सङ्कुचन गरेर नेपालीहरूले नेपाली भाषाको उद्गम भाषाको अपमान गरेको भन्दै निबन्धकारले भारत, जर्मनमा यो भाषाले पाएको मान्यतालाई सर्वथा स्वीकार गर्न आग्रह गरेका छन् । विश्वमा जति पनि दार्शनिकहरू देखिएका छन्, उनीहरूले कुनै न कुनै रूपमा संस्कृत भाषाको अध्ययन गरेर अध्ययनको निचोडमा पुगेको रहस्य फुकाउँदै यो भाषा केवल ब्राह्मण वा हिन्दुहरूको मात्र भाषा नभएर सबैको साझा भाषा हो र यसले हाम्रो संस्कृति वहन गरेको छ भन्ने भाव निबन्धकारले अभिव्यक्त गरेका छन् । यस्तै बाहुनहरूको मात्र भाषा भन्ने सन्दर्भमा उनीहरूका थरलाई उदाहरणका रूपमा प्रस्तुत गरेर बाहुनभन्दा भिन्न नेवारसम्प्रदायका पुराना राजाहरूले संस्कृतलाई नै राजभाषाको महत्ता दिएको

कुराको यथार्थपरक उदाहरण दिएका छन् । अहिले नेपाली जनमानसमा देखिएका संस्कृतविरोधीहरूका नाम नै संस्कृतपरक भएकाले उनीहरूले बाह्य रूपमा संस्कृतको विरोध गर्नु आफ्नै आमालाई लाञ्छला लगाउनुसिवाय केही होइन भन्दै निबन्धकारले संस्कृतभाषाको सम्मान गर्न र यसको संरक्षणका लागि सबैलाई आग्रह गरेका छन् । यस निबन्धसङ्ग्रहमा सङ्कलित अन्य निबन्धको परिवेशभन्दा भिन्न परिवेशमा आधारित निबन्धले भाषिक महत्त्वलाई यथार्थ तथा सरलीकृत गरी प्रस्तुत गरेको छ। यसर्थ निबन्ध संस्कृत भाषाको महत्त्व दर्शाउन सफल देखिन्छ।

### ४.२.६८ राष्ट्रवादीहरू अराष्ट्रवादी भए, प्रजातन्त्रवादीहरू अप्रजातन्त्रवादी भए अनि वामपन्थीहरू दक्षिणपन्थी भए!

यो निबन्ध तोरीको फूल निबन्धसङ्ग्रहमा सङ्कलित अन्तिम निबन्ध हो । निबन्धमा निबन्धकारले राजनीतिक भिन्न भिन्न परिवेशलाई अङ्गीकार गरी शीर्षकान्वेषित विषयको प्रतिपादन गरेका छन् । प्रथमतः निबन्धकारले राजाहरूलाई सच्चा देशभक्त मान्ने कि नमान्ने भनेर उनीहरूकै प्रत्यक्ष शासनकालमा सुगौली सन्धि भएकाले देश अपूर्ण  बन्न पुगेको यथार्थलाई उजागर गरे पनि पृथ्वीनारायण शाहकै नेतृत्वमा देशमा एकता भएको भए पनि सबै उनका सन्ततिहरूमा त्यस्तो देशभक्ति नहुन पनि सक्ने कुरा व्यक्त गरेका छन् भने अहिलेको नेपाली राजनीतिमा प्रजातन्त्रवादी दल बनेर देखापरेको नेपाली काङ्ग्रेस पनि प्रथमतः विश्वेश्वरप्रसाद तथा गणेशमानको नेतृत्व हुँदा प्रजातन्त्रवादी भए पनि त्यसको शासनभार गिरिजाप्रसादमा आएपछि उनको स्वार्थी र परिवारवादी राजनीतिले त्यसलाई अप्रजातान्त्रिक बनाएको भाव निबन्धमा पाइन्छ । यस्तै पछिल्लो समयमा देखिएको माओवादी समस्याको निराकरणमा निःस्वार्थ लागेका शेरबहादुर देउवाको राजनीतिक व्यक्तित्वको प्रशंसा गर्दै निबन्धकारले सत्तामा टिक्न नसकेपछि राजतन्त्रको समर्थनमा लागेका अवसरवादी नेताका रूपमा वामदेव गौतमलाई चिनाएका छन् र निबन्धको शीर्षक सार्थक गरेका छन् । लामो शीर्षक भए पनि निबन्धले नेपाली राजनीतिमा देखिएको त्यस्तो कुरीतिलाई सार्थक रूपमा प्रस्तुत गरेको छ र राजनीतिक परिवर्तनले जनताको मूल्य मान्यतालाई असर गरेको कुरा व्यक्त गर्दै आन्तरिक रूपमा जनताका लागि शासन गर्नुपर्ने सन्देश दिएका छन् । ऐतिहासिक देखि वर्तमानसम्मको राजनीतिको सरसर्ती अध्ययन तथा छोटोमा मीठो प्रस्तुतिले निबन्धलाई भावप्रस्फुटनमा सहज बनाएको छ।

## ४.३ पूतना र प्रजातन्त्र निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूको अध्ययन

पूतना र प्रजातन्त्र २०५७ मा प्रकाशित गाउँलेको दोस्रो निबन्धसङ्ग्रह हो । यसमा १० वटा निबन्धहरू सङ्कलित छन् । राजनीतिक परिप्रेक्ष्यमा आधारित व्यङ्ग्यप्रधान निबन्ध लेख्ने अधिकारीका यस निबन्धसङ्ग्रहमा सङ्कलित सम्पूर्ण निबन्धहरू राजनीतिमा देखिएका अनेक एकाधिकारवाद, परिवारवाद, अन्धभक्तता, प्रजातन्त्रविरोधी क्रियाकलाप, पारिवारिक स्वार्थ आदि दुष्प्रवृत्तिहरूमाथि तीखो व्यङ्ग्य गर्दै त्यस्ता दुष्प्रवृत्तिलाई त्यागी निःस्वार्थ भई व्यक्तिवादी प्रवृत्तिलाई छाडी देशविकास तथा प्रजातन्त्रका हितमा काम गर्न सम्पूर्ण राजनीतिकर्मीहरूलाई आह्वान गरिएको छ।

### ४.३.१ मरिजाऊ गिरिजाबाबु ! मलाई हार्ने  रहर छ !

यस निबन्धमा निबन्धकारले आफ्नो लेखनप्रवृत्तिको स्पष्ट पार्दै आफू निष्पक्ष र यथार्थपरक लेख्न रुचाउने कुरा बताएका छन्। यस क्रममा आफ्नो लेखनीबाट शासकलाई खुसी तुल्याई आफ्नो जीवनस्तर उकास्न सकिने भए पनि त्यस्ता शासकवर्गको दुष्प्रवृत्तिहरूलाई याथातथ्यमा रूपमा आफूले लेख्ने गरेको, अन्धभक्त भई शासकवर्गको दुष्कृत्यहरूमा आँखा चिम्लेर उनीहरूकै स्तुति गरी उच्चस्तरको जीवनशैली आफूले नचाहेको र जे छ त्यसैमा सन्तोष गर्ने गरेको कुरालाई उजागर गरेका छन्। यस क्रममा आफू प्रजातन्त्रप्रेमी काङ्ग्रेसी भए पनि काङ्ग्रेसभित्र अथवा काङ्ग्रेसका उच्च नेता गिरिजाप्रसादमा मौलाउँदै गएका प्रजातन्त्रविरोधी एकाधिकारवाद तथा मिथ्याचार आफूलाई सहन नभएको भन्दै गिरिजाप्रसाद अप्रजातान्त्रिक भई व्यक्तिवादी तथा एकाधिकारीवादी बनेकाले उनका कारण आफूजस्ता सच्चा प्रजातान्त्रिकहरूको संख्या घटेकाले गिरिजाप्रसादलाई अप्रजातान्त्रिक ठहराई क्षमादान दिने विचार व्यक्त गरेका छन् । यसरी यस निबन्धमा एकातिर प्रजातान्त्रिक पार्टीभित्र मौलाएका दुष्प्रवृत्तिको तीव्र आलोचना गरिएको छ भने अर्कोतर्फ लेखक यथार्थपरक हुनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ। सरल व्यङ्ग्यात्मक भाषा, आलोचनात्मक शैलीले प्रस्तुत निबन्धलाई रोचक र घोचक बनेको छ।

### ४.३.२ भूतपूर्व प्रेमी !

भूतपूर्व प्रेमी निबन्ध सांस्कृतिक तथा राजनीतिक परिवेशमा देखिएको कुप्रथा र दुष्प्रवृत्तिमा आधारित निबन्ध हो । यस निबन्धमा एकातिर निबन्धकारले हाम्रा दशैँ, तिहार जस्ता ठूला चाडपर्वलाई मनाउने चालचलनमा देखिएको समसामयिक कुप्रवृत्तिमाथि असन्तुष्टि व्यक्त गरिएको छ भने अर्कोतिर राजनीतिमा दुष्प्रवृत्तिहरू देखापरेको र राजनीति शक्तिप्राप्तिको माध्यम बनेको कुराप्रति रोष प्रकट गरिएको छ। निजी स्वार्थमा परी आफ्ना मूल्य मान्यताहरूलाई त्यागी दासत्वको स्वीकार आफूलाई नहुने र त्यसैले गर्दा आफू उनीहरूमाझ विद्रोही वा अछूत बनेको कुरा निबन्धकारले व्यक्त गरेका छन्। यसरी यस निबन्धमा संस्कृति तथा राजनीति पनि व्यापारकेन्द्रित बनेको र यसले हाम्रा पहिचान तथा कर्तव्यबोधलाई बिर्साउँदै लगेको कुराप्रति व्यङ्ग्य गरिएको छ। सांस्कृतिक र राजनीतिक परिवेशका शब्दहरूको प्रयोग र सोही अनुसारको भाषिक प्रयोग, संस्कृति र राजनीतिमा देखिएका कुरीतिहरूप्रतिको व्यञ्जनात्मक शैलीले निबन्ध पठनमा रोमाञ्चक र बोधनमा व्यङ्ग्यात्मक बन्न पुगेको छ।

### ४.३.३ विषपुरुष – गिरिजाप्रसाद !

यस निबन्धमा काङ्ग्रेस नेता गिरिजाप्रसाद आफ्नो पारिवारिक स्वार्थ तथा व्यक्तिवादी प्रवृत्तिबाट प्रेरित भई प्रजातन्त्रविरोधी कार्य गरिरहेको कुरालाई विषयवस्तु बनाइएको छ। निबन्धमा हिन्दी सिरियल चन्द्रकान्ताको कथानक ल्याई खलनायकद्वारा विषपुरुष हुन बाध्य शिवदत्तसँग गिरिजाप्रसादको तुलना गरी गिरिजाप्रसादलाई पनि त्यस्तै खलनायकहरूले गर्दा प्रजातान्त्रिक विचारहरूलाई तिलाञ्जलि दिँदै निजी स्वार्थमा लागेको र त्यसले गर्दा प्रजातन्त्रप्रेमीहरू त्रस्त

हुनुपरेको विचार व्यक्त गरिएको छ। आदर्श र नैतिकताविहीन मान्छेहरूलाई पशुको संज्ञा दिँदै निबन्धमा गिरिजाप्रसादले आफ्नो स्वार्थका लागि त्यस्तै व्यक्तिहरूलाई अँगालेको र त्यसले गर्दा असल नैतिक र आदर्श विचारधारीहरू चपेटामा परेको कुरालाई निबन्धले समेटेको छ। समग्रमा व्यक्तिवादी र स्वार्थी प्रवृत्तिले आदर्श र नैतिक विचारधारालाई त्यागेका गिरिजाप्रसादको चरित्रमाथि निबन्धले व्यङ्ग्य कस्ने काम गरेको छ। हिन्दी सिरियलको कथानक ल्याई त्यसैको दृष्टान्तद्वारा निबन्धले आफ्नो कथ्यलाई अघि सारेको छ। राजनीतिक व्यक्तिवादी स्वार्थी परिवेश, सरल भाषा, प्रतीकात्मक शैली र कथानकीय दृष्टान्तले निबन्ध यथार्थपरक तथा आलोचनात्मक बन्न पुगेको छ।

## ४.३.४ काम नगर्नेलाई जिताउनुहोस् ! हाम नगर्नेलाई हराउनुहोस् !

यो निबन्ध पनि राजनीतिमा देखिएका कुप्रवृत्तिहरूमाथि आधारित छ । निबन्धमा गिरिजाप्रसादलाई नै पात्रीकरण गरी नेपालमा राजनीति गर्नेहरूले आफू सत्तामा पुग्नका लागि अँगाल्ने दुष्प्रवृत्तिहरूमाथि व्यङ्ग्य गरिएको छ। यहाँ महाधिवेशनको प्रसङ्ग ल्याई आफू पुनः पुनः शक्तिको केन्द्रमा पुग्न राजनीति गर्नेहरूले दिने झुठा आश्वासनहरू र त्यस्ता आश्वासनमा आश्वस्त जनताहरूले त्यसैलाई विश्वास गरी उनीहरूलाई नै माथिल्लो स्थानमा पुऱ्याउने गरेको प्रवृत्तिको भण्डाफोर गरिएको छ। नेपाली राजनीतिमा भित्रिएको दुष्प्रवृत्ति, परिवारवादलाई नै केन्द्रीय कथ्य बनाएको निबन्धले राम्रा प्रवृत्ति भएका र देशविकास गर्न चाहनेहरू कहिल्यै सत्तामा पुग्न नसकेको तीतो यथार्थलाई पनि प्रस्तुत गरेको छ। यसरी निबन्धमा राजनीतिमा देखिएको दुष्प्रवृत्तिमाथि आलोचना गर्दै सोही अनुसारको व्यङ्ग्यात्मक भाषा प्रयोग गरिएको छ भने आनुप्रासिक नाराहरू पनि समावेश गर्दै निबन्धमा नवीन रोचक शैलीको प्रयोग गरिएको छ।

## ४.३.५ हवल्दार सापको चारचोटि पिन्सिन !

प्रस्तुत निबन्ध पनि नेपाली राजनीतिकर्मी गिरिजाप्रसादमाथि अप्रस्तुत रूपमा व्यङ्ग्य गरिएको चोटिलो निबन्ध हो। यस निबन्धमा हवल्दार साप भनेर गिरिजाप्रसादलाई अवसरवादी भ्रष्ट व्यक्तिको चिनारी दिँदै उनले गरेका ठूलो भ्रष्टाचारहरूलाई उनको पिन्सिन भनेर प्रतीकात्मकताका रूपमा प्रस्तुत गरिएको छ। यस क्रममा विदेशीसँग विवाहसम्बन्ध गाँसिएकी आफ्नी छोरीलाई आफ्नो अपुतालीको हकदार बनाउन खोज्ने गिरिजाप्रसादले त्यसका लागि जस्तोसुकै अजायज व्यवहार गर्न पनि पछि पर्दैनन् भन्ने भाव निबन्धले प्रस्तुत गरेको छ। अन्य निबन्धमा सरह स्पष्ट रूपमा नाम कीटान नगरे पनि निबन्धमा आएका प्रसङ्गहरूले उनलाई नै कटाक्ष गरेको बुझ्न जो कोहीलाई पनि असहज हुँदैन। यसरी यस निबन्धमा गिरिजाप्रसाद कोइरालालाई हवल्दार साप भनी प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै आफूलाई मन नपर्नेलाई सर्पसरह डस्ने र मन पर्नेलाई मणि दिने व्यवहार गर्ने अर्थात् नेता भएर पनि काखापाखाको व्यवहार गर्ने अवसरवादी उनको व्यवहार सबैका लागि अपेक्षित नभएको भनी निबन्धले उनीमाथि तीक्ष्ण व्यङ्ग्यबाण प्रहार गरिएको छ। बोलीचालीको भाषा प्रयोग भए पनि अन्य निबन्धसरह राजनीतिक परिवेश र व्यङ्ग्यात्मक शैली यस निबन्धका वैशिष्ट्य हुन्।

### ४.३.६ छेपारी छ, नराम्रो भ, राम्रो म !

प्रस्तुत निबन्ध नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसादको परिवारवादी प्रवृत्तिको तीव्र आलोचनामा केन्द्रित छ। यस निबन्धमा शक्तिकेन्द्रमा पुग्न गिरिजाप्रसादले आफूबाहेक अरुलाई अवसर नदिएको र आफूपछि आफ्नी छोरी सुजाता कोइरालालाई माथि ल्याउन खोजेको प्रति असन्तुष्टि व्यक्त गर्दै अधिकारीले यस निबन्धमा सुजाता कोइरालामाथि पनि व्यङ्ग्य गरेका छन्। गिरिजाप्रसाद तथा उनकी छोरीलाई कलाकारको संज्ञा दिँदै उनीहरूको क्रियाकलाप चरित्रनिर्वाह भएको भन्दै त्यसप्रति तीक्ष्ण व्यङ्ग्य प्रहार गरेका निबन्धकारले जनताले गिरिजाभन्दा माथि अन्य कोही छन् भन्ने थाहा नपाएकाले गिरिजाले आफूलाई राम्रो म भन्दै सधैँ अगाडि सार्ने गरेको र आफूपछि आफ्नै छोरीलाई अघि सारेकाले उनमा परिवारवाद र स्वार्थ रहेको कुरा अभिव्यक्त गरेका छन्। विभिन्न नेपाली वर्णहरूलाई प्रतीकात्मक रूपमा व्यक्त गरिएको यस निबन्धमा भाषाको सरलीकरण र व्यङ्ग्यात्मकताले निबन्धलाई सरल र सहज बनाएको छ नै, व्यङ्ग्यबाण पनि चोटिलो बनेको देखिन्छ।

### ४.३.७ नेपालको समसामयिक शब्दकोश !

यस निबन्धमा पनि नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाप्रति व्यङ्ग्य प्रहार गरिएको छ। नेपाली तत्कालीन सामयिक परिस्थितिमा देखिएको गिरिजाप्रसादको नातावाद र कृपावादलाई प्रस्तुत गर्न यस निबन्धमा चार वटा शब्दहरूको परिभाषा गरिएको छ र त्यो परिभाषा गिरिजाप्रसादको नितान्त व्यक्तिगत स्वार्थसँग जोडिएको देखिन्छ। यहाँ गुराउ, दाइजो, माईजो र बाबुजो गरी चार शब्दको व्यङ्ग्यात्मक कोश खडा गरिएको छ र गुराउ शब्दले गिरिजाप्रसादको भ्रष्टाचारी व्यक्तित्वमाथि व्यङ्ग्य कसिएको छ भने दाइजो र माईजो शब्दलाई दाइले जोस्ट थर भएकी बहिनी र छोरीलाई दिइने वस्तुलाई परिभाषित गर्दै त्यसको प्रचलनमा नेपालमा नरहेको र बाबुजो भनेको बाबुले छोरीलाई दिइने सम्पत्ति भएको बताउँदै गिरिजाले देखाएको परिवारवाद वा पुत्रीपोषणको भ्रष्टाचारी प्रवृत्तिलाई उजागर गरेका छन्। नवीन शब्दहरूको सिर्जना गरेर त्यही रूपमा तिनलाई परिभाषित गरिएको यस निबन्धले पनि पारिवारिक स्वार्थमै लागेका गिरिजाप्रसादको चरित्रप्रति व्यङ्ग्य गरेको छ र शब्दकोशात्मक शैलीको अनुसरण यस निबन्धमा पाइन्छ।

### ४.३.८ बाँदरको वैधानिक बाटो !

प्रस्तुत निबन्ध पनि राजनीतिक पृष्ठभूमिमा रचिएको छ। यस निबन्धमा पशुपतिदर्शनको सानो किस्सा बनाएर वैधानिकताको प्रसङ्ग ल्याउँदै गिरिजाप्रसाद कोइरालाप्रति नै तीक्ष्ण कटाक्ष गरिएको छ। यहाँ गिरिजाप्रसादलाई बाँदरसँग तुलना गर्दै नैतिकताबाट पतन भएका गिरिजाप्रसादले गरेका विभिन्न भ्रष्टाचारहरूको पर्दाफास गरिएको छ। नीति मान्नेले नैतिकताको कुरा गर्छ, तर गिरिजाप्रसादमा नैतिकता नरहेको र उनमा स्वार्थपूर्तिका लागि वैधानिकता मात्र खोज्ने परिपाटी रहेको भन्दै निबन्धले बाँदरजस्तो अनैतिक भ्रष्ट छवि गिरिजामा रहेको कुरा अभिव्यक्त गरेको छ र त्यस्ता भ्रष्ट व्यक्तिहरूलाई निर्मूल पार्नुपर्ने सतही भाव व्यक्त गरेको छ। यसरी निबन्धमा बाँदरले

नैतिकताको परिपालन नगरे झैँ गिरिजाप्रसादले पनि नैतिकता त्यागेको र भ्रष्टता अपनाएको र त्यस्ता व्यक्तिहरूबाट कहिले पनि सुशासन हुन नसक्ने भाव समेत समेटिएको छ। राजनीतिक परिवेश, केही तत्सम शब्द, कथानकीय शैली प्रस्तुत निबन्धका निबन्धगत वैशिष्ट्य हुन्।

## ४.३.९ पूतना र प्रजातन्त्र !

पूतना र प्रजातन्त्र ! निबन्ध पनि राजनीतिक परिवेशमा आधारित निबन्ध हो। यस निबन्धमा द्वापरयुगकालीन भगवान् कृष्ण र प्रजातन्त्रप्राप्तिका सेनानी कृष्णप्रसाद भट्टराईमा अभेदरूपमा प्रस्तुत गरी कृष्णप्रसाद भट्टराईलाई पूतनारूपी गिरिजाप्रसादले जालझेलरूपी दुग्धपान गराएकाले देशमा जालझेल, भ्रष्टाचार, कमिसन आदि नराम्रा पक्षहरू झाँगिदै गएको कुराप्रति निबन्धकारले दुःख प्रकट गरेका छन्। निबन्धमा एकातिर जनताका रुढी विश्वासमार्फत् उनीहरू अरुले जे भन्छन्, त्यसमै विश्वास गरी अन्धभक्तका रूपमा उनीहरूको पछि लाग्ने कुरालाई व्यक्त गरिएको छ भने अर्कोतिर राम्रो काम गर्न खोज्नेहरू पनि जालीहरूको संसर्गबाट त्यस्ता कुरामा लाग्नुपरेको यथार्थलाई निबन्धले प्रस्तुत गरेको छ। निबन्धकारले प्रजातन्त्रका सेनानीका रूपमा कृष्णप्रसादलाई भगवान्कै रूपमा मानेको तर अहिलेका नेताहरूको धुमिल छविका कारण नेता भन्ने शब्द घृणित बन्दै गएको र त्यस्ता सेनानीलाई नेता शब्द प्रयोग गर्नु अपमानजनक भएको कुरा समेत व्यक्त गरेका छन्। यसरी तत्कालीन भ्रष्ट राजनीतिक परिवेशलाई विषयवस्तु बनाइएको प्रस्तुत निबन्धमा बोलीचालीको सरल भाषा तथा व्यङ्ग्यात्मक शैलीको प्रयोग गरिएको छ र अप्रस्तुत रूपमा भ्रष्टाचाररूपी विषदुग्ध भएका भ्रष्ट व्यक्तिका रूपमा नै गिरिजाप्रसादमाथि चोटिले व्यङ्ग्य प्रस्तुत गरिएको छ।

## ४.३.१० देशप्रेमी प्रधानमन्त्री !

देशप्रेमी प्रधानमन्त्री ! पूतना र प्रजातन्त्र निबन्धसङ्ग्रहमा सङ्कलित अन्तिम तथा दसौँ निबन्ध हो। यस निबन्धसङ्ग्रहका अन्य निबन्धसरह यो निबन्धमा पनि राजनीतिक परिवेशलाई विषयवस्तु बनाइएको र गिरिजाप्रसाद कोइरालाप्रति व्यङ्ग्यबाण प्रहार गरिएको छ। निबन्धमा गिरिजाप्रसादलाई व्यङ्ग्यार्थमा देशप्रेमी प्रधानमन्त्री भन्नुको अर्थ उनी जति भ्रष्ट कोही छैनन् भन्न खोजिएको हो। देशमा देखिएका विभिन्न समस्याहरूलाई निराकरण गर्नुको साटो देशदौडाहामा निजी स्वार्थ परिपूर्तिका लागि लागेका गिरिजाप्रसादले आफ्नो स्वार्थपूर्ति मात्र गरिरहेका छन् र परिवारवादमा उनको राजनीति अडिएको छ। कृष्णप्रसाद, शेरबहादुर जस्ता नेताहरू देशका समस्यासमाधानमा लागेका बेला गिरिजाप्रसादले देशभ्रमणमा निस्कनु र आफ्नो परिवार पोस्नमात्र ध्यान दिनु उनको अदूरदर्शी व्यक्तिता हो भन्ने भाव निबन्धमा प्रस्तुत गरिएको छ । यसरी यस निबन्धमा पनि गिरिजाप्रसादको भ्रष्ट व्यक्तित्वमाथि तीखो व्यङ्ग्य प्रहार गर्दै उनी देशप्रेमी नभएर देशविद्रोही हुन् भन्ने भाव निबन्धमा व्यक्त भएको छ। राजनीतिक परिवेश, नोनानदी, सुजातासागर जस्ता व्यङ्ग्यवाचक शाब्दिक प्रयोग, सरल भाषा तथा व्यङ्ग्यात्मक शैलीले निबन्धको शीर्षकलाई विपर्यास सिद्ध गरेका छन्।

## ४.४ अन्य फुटकर निबन्धहरू

अधिकारीका प्रकशित दुई निबन्धात्मक कृतिहरूबाहेक अन्य निबन्धहरू पनि फुटकर रूपमा प्रकाशित भएका छन्। फुटकर निबन्धहरूको लेखनको चरण उनको उत्तरार्ध निबन्धयात्राको चरण पनि हो। यस क्रममा उनका निबन्धहरू सामाजिकता र आध्यात्मिकता तर्फ उन्मुख देखिन्छन् । यस चरणका निबन्धहरूको विश्लेषणलाई यसप्रकार गर्न सकिन्छ :

### ४.४.१ श्रीमती त मेरै बेस !

प्रस्तुत निबन्ध २०७० मा प्रकाशित गाउँलेको व्यङ्ग्यात्मक निबन्ध हो । आजकलको समयमा नानाथरी फेसनको नाममा श्रीमान्को टुप्पी लुछ्न पनि बाँकी नराख्ने सामयिक परिस्थितिलाई निबन्धगत विषयवस्तु बनाएर निबन्धकारले आधुनिकताको नाममा पतिप्रति उदासीन हुँदै गएका श्रीमतीहरूलाई व्यङ्ग्य गरेका छन् । निबन्धमा निबन्धकारले साथीहरूका विभिन्न प्रसङ्गहरूलाई उद्धृत गर्दै श्रीमान्को इच्छाबमोजिम घर, सन्तान तथा व्यवहारमा कुशल गृहिणी नै असल गृहिणी हुन् भन्दै आफ्नै घरकी श्रीमती बेस भन्दै निबन्धलाई रोचक तथा घोचक तरिकाले प्रस्तुत गरेका छन्। जीवनभरि साथ दिने भन्दै घरमा आएर सानो सानो निहुमा पतिसँग झगडा गर्ने, यो चाहियो र त्यो चाहियो भन्दै पिरोल्ने तथा घरमा शान्ति, अमनचयनको साटो झगडाको बीजारोपण गर्ने, आफ्नो आम्दानी नहेरी त्योभन्दा बढी खर्च गरिदिने त्यस्ती श्रीमती वास्तवमा असल गृहिणी हुन सक्दैनन् भन्ने भाव प्रस्तुत गर्दै निबन्धकारले आफ्नो घरको सबै व्यवहार धान्ने, श्रीमान्, सन्तान तथा सासूससुरालाई रिझाउन सक्ने नारीलाई नै असल श्रीमतीको संज्ञा दिएका छन् । यसरी निबन्धले आधुनिकताको नाममा अव्यावहारिक बन्दै गएका श्रीमतीहरूप्रति व्यङ्ग्य गर्दै श्रीमती भनेको व्यावहारिक र सबै कुरामा दक्ष हुनुपर्छ भन्ने भाव व्यक्त गरेको छ। केही अङ्ग्रेजी तथा बहुल संस्कृत तत्सम शब्दको प्रयोग तथा सामाजिक परिवेश र अत्यधिक आनुप्रासिक शब्दहरूको योजन गरिएको निबन्धले आजकलका श्रीमतीहरूप्रति चोटिलो व्यङ्ग्य गर्दै राम्री होइन असल श्रीमती बन्नुपर्छ भन्ने सन्देश दिएको छ।

### ४.४.२ सरकारी कार्यालय हो कि भ्रष्टचारी यमालय ?

प्रस्तुत निबन्ध गाउँलेको २०६९, कार्तिकको युवामञ्चमा प्रकाशित नेपालको प्रशासनिक क्षेत्रमा देखिएको भ्रष्टाचारी प्रवृत्तिलाई अँगाली लेखिएको व्यङ्ग्यात्मक निबन्ध हो । निबन्धमा सपनाको प्रसङ्ग ल्याई आख्यानको प्रयोग गरिएको छ र सानो कामका लागि प्रशासनमा धाउनुपर्दा त्यहाँ हुने ज्यादतीविरुद्ध व्यङ्ग्य गरिएको छ। नेपालको राजनीतिक क्षेत्र होस्, या प्रशासनिक क्षेत्र, जहाँ पनि भ्रष्टाचार मौलाउँदै गएको छ। एउटा सानो कामका लागि घुस दिन सके काम सहजै हुने र घुस नदिई प्रक्रियाका आधारमा काम बनाउन लाग्दा दिनभरि त्यहाँका कर्मचारीहरूले घुमाएको घुमाई गरिदिने विसङ्गति नेपालको प्रशासनिक क्षेत्रमा पाइन्छ। राज्यको नून खाएर पनि देशको विकासभन्दा आफ्नो विकासमा लागिपरेका प्रशासनिक क्षेत्रका भ्रष्ट व्यक्तिहरूका कारण सोझा जनताले विनासित्ति दुःख झेल्नुपरेको छ र सानो काम बनाउन पनि कि माथिबाट भनसुन गर्नुपर्दछ,

कि त घुस दिनुपर्दछ । हाक्काहाक्की घुस माग्न नडराउने र राज्यप्रति कुनै दायित्व नै नभएका प्रशासनिक क्षेत्रका कर्मचारीहरूको अनैतिक व्यवहारका कारण आज देश झन् विषम परिस्थितिमा गुज्रन बाध्य भएको छ भन्दै निबन्धकारले निबन्धमा त्यस्ता क्षेत्रमा प्रक्रियाका आधारमा काम हुनुपर्ने र आफू जनताको सेवक भएको प्रशासनिक क्षेत्रका व्यक्तिहरूले भुल्न नहुने भन्ने सन्देश दिएका छन् । आख्यानात्मक शैलीको प्रयोग गरिएको निबन्धमा विभिन्न उखान टुक्काको प्रयोग गरिनुका साथै अत्यधिक आनुप्रासिक शब्दहरूको प्रयोग गरिएको छ। जसले निबन्धलाई सरल र सुबोध्य त बनाएको नै छ, बाह्यरूपमा हास्यात्मक बनाउनुका साथै अन्तर्तहमा भने त्यस्ता प्रशासनिक क्षेत्रका व्यक्तिहरूका लागि निबन्ध चोटिलो व्यङ्ग्यबाण बन्न पुगेको छ।

## ४.४.३ सानेको शोक र ठुलीको सम्झनाले दुब्लाएको दशैँ!

प्रस्तुत निबन्ध नेपाली सामाजिक तथा धार्मिक परिवेशमा आधारित रहेको छ। नेपालमा सनातन हिन्दु धर्म मान्नेहरूको संख्या बहुल छ र हिन्दुधर्ममा पनि विभिन्न चाडहरूलाई हर्षोल्लासपूर्वक मनाइन्छ । त्यस्ता चाडहरूमा दशैँ र तिहार त झन् विशेष पर्छन् । पहिले हर्षोल्लासपूर्वक मनाइने दशैँ तथा तिहार जस्ता धार्मिक चाडपर्वहरू अहिले विदेशीको अनुकरणमा परी मौलिक हुन सकेका छैनन् र पहिलेजस्तो रौनक पाउन छाडिएको छ। पहिले गाइने मालसिरी धुन, पञ्चेबाजा धुन तथा विभिन्न मौलिक भाकाहरू लोपोन्मुख भई अहिले विभिन्न विदेशी डिस्कोले स्थान पाएका छन् र विदेशी गीतहरूको बोलबाला रहेको छ । जसले गर्दा नेपाली संस्कृतिमा विदेशीको सांस्कृतिक हस्तक्षेप बढ्दै गएको छ र हामीले त्यसलाई अञ्जानमै अनुसरण गरिरहेका छौँ भन्दै निबन्धमा एकातिर धार्मिक क्षेत्रमा भित्रिएका विभिन्न विसङ्गतिहरूप्रति चिन्ता व्यक्त गरिएको छ भने अर्कोतिर अहिले नेपाली समाजमा देखिएको विदेशपलायनले नेपाली समाजमा देखिएका विभिन्न समस्याहरूलाई पनि अङ्कन गरिएको छ। विदेशपलायनले नेपाली समाजमा युवापुस्ताहरूको कमी हुँदै गइरहेकाले हाम्रा मौलिक संस्कृति बचाउन मुस्किल पर्ने अवस्था आइपरेको र विदेशी संस्कृतिले नजानिँदो प्रश्रय पाइरहेको छ भने अर्कोतिर नेपाली नारीहरूले विदेशमा बलात्कृत हुनुपरेको छ भने पुरुषहरू अकालमा मृत्युको भागी हुनुपरेको छ। यसको एकमात्र कारण नेपाली राजनीति हो भन्दै निबन्धकारले नेपालको राजनीति नेतामुखी भएको र जनतामुखी हुन नसकेको भन्दै युवाहरूको विदेशपलायनलाई जतिसक्दो रोकी स्वदेशमै रोजगारीको सिर्जना गर्नुपर्ने र हाम्रो धार्मिक तथा सांस्कृतिक रीतिरिवाजहरूको जगेर्ना गर्न तदारुकताका साथ सबै नेपाली लाग्नुपर्ने भाव प्रस्तुत निबन्धमा दर्शाएका छन् । सांस्कृतिक, सामाजिक तथा राजनीतिक परिवेशको चित्रण गरिएको प्रस्तुत निबन्धमा पनि सरल तथा सुबोध्य भाषाशैली तथा आनुप्रासिक शब्दहरूको संयोजन गरिनुका साथै मौलिक संस्कृतिको जगेर्ना गर्न तथा देशविकासमा क्रियाशील हुनका लागि सबैमा आग्रह गरिएको छ।

## ४.४.४ अथ भूकम्पमहिमा!

प्रस्तुत निबन्ध २०७२, वैशाख १२ गते नेपालमा गएको भूकम्प र त्यसपछि नेपालमा भित्रिएको विकृतिसँग सम्बन्धित छ। नेपाली राजनीतिमा माओवादी सशस्त्र युद्ध र विदेशीहरूको

प्रत्यक्ष हस्तक्षेपलाई समेत प्रतीकात्मक रूपमा उतार्दै निबन्धकारले भूकम्प गएपछि भूकम्पका नाममा भएका विभिन्न विकृतिहरूको चित्रण गरेका छन् । एकातिर भूकम्पले नेपालका प्राचीन सम्पदाहरूलाई नष्ट पारेको र देश सांस्कृतिक रूपमा रुग्ण बन्दै गएको प्रसङ्ग निबन्धकारले जोडेका छन् भने अर्कोतिर भूकम्पपछि विदेशीहरूले राहतको नाममा बाइबल बाँड्दै धर्मको प्रचार गर्न लागिपरेको कुराको पनि चित्रण गरेका छन् । नेपालमा मरेपछि मात्र सम्मान पाइने कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्दै निबन्धकारले माओवादी सशस्त्र युद्धले भत्काउन नभ्याएको सम्पदाहरू पनि भूकम्पले भत्काइदिएको भन्दै माओवादी सशस्त्र युद्धलाई देशको सम्पदाको विनाशकारी युद्धको रूपमा चित्रण गरेका छन् । देशका प्राचीन सम्पदाहरूलाई सबै मिलेर जोगाउनुपर्ने र युद्ध शस्त्रको होइन, वाक्को लड्नुपर्ने सन्देश दिएका निबन्धकारले भूकम्पपछि राहतका नाममा विदेशीहरूले नेपाली संस्कृतिमाथि गरेको आक्रमण र त्यसले निम्त्याउने विभिन्न समस्याहरूलाई पनि प्रस्तुत गर्दै त्यस्ता कुरामा सचेत हुन सबै स्वाभिमानी नेपालीसामु आग्रह गरेका छन्। भूकम्प मरेर जानेका लागि त काल भयो, तर भूकम्पको अवसर पारेर राहत पाउने वा बाँड्ने नाममा अवसरवादीहरूले गरेको भ्रष्टाचारी क्रियाकलापले देशलाई झन् खोक्रो पार्ने भन्दै समस्यालाई अवसरको रूपमा होइन, समस्याकै रूपमा लिई त्यसलाई सही तरिकाले सुल्झाउनुपर्ने भाव निबन्धकारले निबन्धमार्फत् व्यक्त गरेका छन् । २०७२ को समसामयिक परिवेश तथा त्यसपछिका विभिन्न समस्याहरूको यथार्थ चित्रण गरिएको निबन्धमा अधिकारीको भाषिक सरल तथा सहज प्रयोग पाइन्छ भने आनुप्रासिकता तथा संस्कृत तत्सम शब्द तथा नेपाली ठेट शब्दहरूको पनि उपयुक्त प्रयोगले निबन्ध भावप्रस्फुटनमा सशक्त देखिएको छ भने व्यङ्ग्यप्रहारमा सबल ।

### ४.४.५ गुण्डेश्वराय नमः, डनेश्वराय नमः !

उपर्युक्त शीर्षकको निबन्ध नेपाली समाज तथा राजनीतिमा देखिएको गुण्डातन्त्रसँग सम्बन्धित रहेको छ । समाज तथा राजनीतिमा आफूलाई सुरक्षित राख्न र आफ्ना कर्तुतहरूलाई लुकाउन गुण्डा पाल्ने र जस्तोसुकै कृत्यहरू पनि गर्न सक्ने समाजका ठालुहरू र राजनीतिका नेताहरूको गुण्डा पाल्ने कार्यप्रति निबन्धले व्यङ्ग्य गरेको छ। गुण्डातन्त्रले गर्दा समाजमा सानोतिनो निहुँमा पनि सहजै समाधान हुने समस्याको निराकरण नखोजी आफ्नै दाजुभाइलाई पनि सम्पत्ति होस् या इज्जतको लागि होस्, मार्न पछि नपर्ने अवस्था आइसकेको भन्दै निबन्धकारले नेता तथा समाजका ठूलाबडा भनिने व्यक्तिहरूले यस्तै गुण्डाहरूको सहारामा माथि पुग्ने गरेको तीतो यथार्थलाई निबन्धमार्फत् प्रस्तुत गरेका छन्। निबन्धमा गुण्डाहरूको देशमा रजाइँ भए पनि प्रशासन तथा राज्य सबै निमुखा भएका र त्यसको प्रमुख कारण राज्य चलाउने व्यक्तिहरू स्वयं गुण्डाबाट चालित हुने परिस्थितिप्रति व्यङ्ग्य गर्दै निबन्धकारले त्यस्ता गुण्डाहरूको पनि जीवनको कुनै भर नरहेको र कुन परिस्थितिमा मारिने भन्ने कुरा उनीहरूलाई थाहा नभएको भन्दै गुण्डाहरूलाई पनि त्यस्ता कार्य गर्न र गराउनबाट सचेत भई आमनागरिकको जीवनशैली अपनाउन आग्रह गरिएको छ भने गुण्डागर्दीबाट नेता भएका नेताहरूलाई पनि त्यस्तो कार्य नगर्न र त्यसले आफूलाई मात्र होइन, देशलाई नै हानि हुने भविष्य सोच्न सजग गराइएको छ । समाजमा यस्ता गुण्डागर्दीसम्बन्धी गतिविधिले समाजमा रहेको अमनचयन ह्रास हुने र कोही पनि निडर भई बाँच्न नपाउने अवस्था आउन सक्ने भएकाले

बेलैमा सबैले सोच्नुपर्ने र त्यस्ता विकृतिहरू हटाउनका लागि एकजुट भई अघि बढ्नुपर्ने भाव निबन्धमा पाइन्छ । यसरी सामाजिक तथा राजनीतिक परिवेशमा हुने गरेका अमर्यादित क्रियाकलापहरूको कारण तथा गुण्डागर्दीले गर्दा समाज तथा राज्यमा देखिएको नकारात्मकताको प्रस्तुति गर्दै निबन्धकारले त्यस्तो प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरेका छन्। आफ्नो योग्यताका आधारमा कार्य गर्नुपर्ने र समस्यालाई बलले होइन बुद्धिपूर्वक समाधानोन्मुख बनाउनुपर्ने सन्देश दिइएको प्रस्तुत निबन्धमा कविताको प्रयोगले शैलीगत भिन्नता पाइनुका साथै आनुप्रासिक शब्दहरूको बहुल प्रयोग तथा सहज भाषाको प्रयोग देखिन्छ।

## ४.४.६ गाईगोठालो गाउँले कुलपति !

२०७१ साउन २६ को नेपाल समाचारपत्रमा प्रकाशित प्रस्तुत निबन्ध आधुनिक नेपाली समाजमा देखिएका विकृति र विसङ्गतिप्रति लक्षित व्यङ्ग्यपरक निबन्ध हो । समाज तथा राजनीतिका विभिन्न पक्षहरूमा देखिएका विकृति तथा विसङ्गतिहरूमाथि व्यङ्ग्य गर्ने क्रममा निबन्धकारले प्रस्तुत निबन्धमा पुरानो पुस्ता र नयाँ पुस्तामाथि तुलना गरेका छन् र अहिलेको भन्दा पहिलेको समय नै सही रहेको निक्यौंल निकालेका छन्। समाजमा आफू बाँच्नका लागि अर्काको सम्पत्तिमा आँखा लगाउने मानिसको कमी छैन भन्ने प्रसङ्ग निकाल्दै निबन्धकारले अहिले बढेको महँगीले सामान्य मानिसहरूको जीविकोपार्जनमा कठिनाइ आइपरेको कुरा व्यक्त गरेका छन्। यसै क्रममा नेपालका राजनीति गर्नेहरू कमाउनका लागि राजनीति गर्ने, विद्वान्हरू पढेर नभई अर्काको खुट्टा तानेर विद्वान् हुन्, पण्डितहरू पैसा धेरै दान गर्नेकै प्रशंसा गर्ने र सामान्य मानिसहरूलाई नगन्ने अनि अभिभावकहरू आधुनिकताको नाममा आफ्नो छोराछोरीमाथिको दायित्व बिर्सिएर बस्ने र युवतीहरू फेसनको नाममा छोटाछोटा लुगा लगाएर हिँड्ने जस्ता समाजमा देखिएका विकृति र विसङ्गतिहरूले नेपाली समाजलाई कताको बाटो धकेल्दै छ भन्नेतिर निबन्धकारले व्यङ्ग्य गरेका छन्। त्यसैले आधुनिक समाज होइन, सभ्य समाजको परिकल्पना गर्नुपर्छ भन्ने भाव व्यक्त गर्दै निबन्धकारले समाजमा देखिने विकृति, विसङ्गतिले हाम्रो सामाजिक, सांस्कृतिक क्षेत्रमा नकारात्मक प्रभाव पारेकाले पहिल्यै सचेत हुनुपर्नेमा जोड दिएका छन्। सरल तथा सहज भाषिक प्रयोग, आख्यानात्मक तथा हास्यात्मक शैलीको प्रयोगले निबन्धलाई चोटिलो बनाएको छ।

## ४.४.७ पत्नीपिडित पुरुषहरूलाई पो तीजको बिदा !

प्रस्तुत निबन्ध सांस्कृतिक परिवेशमा आधारित गाउँलेको व्यङ्ग्यपरक निबन्ध हो । अहिलेको समाजमा पत्नीले पतिप्रतिको कर्तव्य बिर्सदै गएको यथार्थलाई निबन्धकारले विभिन्न घटनाहरूको सङ्केत गर्दै औँल्याएका छन्। पुराकथाको प्रसङ्ग ल्याई हिन्दू धर्म र संस्कृतिमा नारीलाई सम्मानपूर्वक हेर्ने हाम्रो समाजमा पछिल्लो समयमा पारिवारिक समस्याहरू बढ्दै गएका छन्। जसले गर्दा पति र पत्नीको सम्बन्ध सुमधुर हुन नसकेको तीतो यथार्थलाई प्रस्तुत गर्दै निबन्धकारले पति र पत्नीले एक आपसमा सहकार्य गर्न सकेमात्र परिवारमा सुमधुर सम्बन्ध रहिरहने अन्यथा कहिल्यै राम्रो हुन नसक्ने कुराको सङ्केत गरेका छन् । विशेषगरी नेपाली चेलीहरूको महान् पर्व तीजलाई लक्षित गर्दै निबन्धकारले तीजमा भित्रिदै गएका विकृतिहरूप्रति असन्तुष्टि पोखेका छन् र तीजलाई

मौलिकपना दिनुपर्नेमा सबैलाई सचेत गराएका छन्। हाम्रो मौलिक पहिचान भए पनि हामीले त्यसमा विदेशीपनाको अनुसरण गर्दा भोलिका दिन त्यस्ता पहिचान गुम हुने अवस्था आउन सक्ने कुराप्रति सजग गराउँदै निबन्धकारले पत्नीले पतिप्रति मात्र होइन, सासूससुरासँग पनि गर्नुपर्ने कर्तव्य पूरा गर्नुपर्छ भन्ने भाव व्यक्त गरेका छन्। अहिलेको समाजमा धेरै पुरुषहरू पत्नीपिडित बन्दै गएको र पत्नीहरू पनि आफ्नो दायित्वबोध नगरी नारीवादका नाममा अचाक्ली गर्न थालेकाले त्यस्तो व्यवहार पनि सुमधुर पारिवारिक सम्बन्धका लागि राम्रो नहुने भन्दै निबन्धकारले त्यसप्रति कटाक्ष गरेका छन् । संस्कृतका श्लोक तथा सूक्तिहरूको प्रयोग तथा आनुप्रासिक शब्दसंयोजन गरी सरल भाषामा लेखिएको र आख्यानात्मक शैलीको प्रयोग गरिएको निबन्ध धार्मिक तथा सांस्कृतिक परिवेशमा रही त्यसमा भित्रिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्न सबल रहेको छ।

## ४.५ गाउँलेका निबन्धगत प्रवृत्ति

उनका यिनै निबन्धयात्राको दुई चरणमा देखिएका निबन्धहरूका आधारमा उनका निबन्धगत प्रवृत्तिहरूलाई निम्न रुपमा अध्ययन गर्न सकिन्छ :

### ४.५.१ विषयगत विविधता

हालसम्म पनि निबन्धलेखनमा सक्रिय अधिकारीले आफ्ना निबन्धहरूमा विभिन्न विषयहरूलाई समेटेका छन् । कालक्रमिक रूपमा हेर्दा उनका पूर्वार्धका निबन्ध राजनीतिक विषयवस्तुमा आधारित छन् भने त्यसपछिका निबन्धहरू सामाजिक, भाषिक तथा आध्यात्मिक विषयवस्तुमा आधारित छन्। राजनीतिसम्बन्धी विषयहरूमा पनि नेपाली राजनीतिमा समय समयमा देखिएका विभिन्न प्रवृत्तिहरू, माओवादी समस्या, राजनीतिक दुष्क्रीडा र त्यसले बढाएको भ्रष्टाचारी प्रवृत्ति, राजतन्त्रात्मक कुराहरूलाई लिएका छन् भने सामाजिक विषयअन्तर्गत हाम्रो समाजमा चलिआएको विभिन्न रुढिवादी प्रथा र त्यसले निम्त्याएका विभिन्न समस्याहरू आएका छन्। यस्तै आध्यात्मिकता तथा धार्मिक सम्बन्धी विषयहरूमा उनले आध्यात्मिक जगत्का विभिन्न चिन्तनहरूको प्रस्फुटन गरेका छन्। यसरी अधिकारीका निबन्धमा विषयगत वैविध्यता पाइन्छ।

### ४.५.२ व्यङ्ग्यात्मकता

व्यङ्ग्यात्मकता अधिकारीको मुख्य प्रवृत्ति नै हो । राजनीति तथा समाजमा देखिएका विभिन्न प्रथा तथा प्रवृत्तिको उजागर गर्दै त्यसलाई व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गर्नु उनको निबन्धगत प्रतिपादेयता देखिन्छ। उनको व्यङ्ग्यले राजनीति तथा समाजका जुनसुकै वर्गलाई पनि छोएको छ। निर्भीक व्यक्तित्व अधिकारीले कसैसँग नडराई उसका कुकृत्यहरूको भण्डाफोर गर्नुका साथै उनीहरूमाथि शब्दबाणको तीखो व्यङ्ग्य कसेका छन्। नेपाली राजनीतिमा देखिएका ठूलाबडा नेताहरूमा देखिएका दुष्प्रवृत्तिहरूको प्रस्तुतिका क्रममा उनले व्यङ्ग्य गर्न कसैलाई छाडेका छैनन्। अझ उनको **पूतना र प्रजातन्त्र** निबन्धसङ्ग्रहमा त नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालालाई यतिसम्म व्यङ्ग्य गरिएको छ कि जसले उनको स्वार्थी तथा परिवारवादी प्रवृत्तिलाई उजागर गरेको छ । यसपछिका निबन्धहरूमा पनि सामाजिक विभिन्न कुप्रथाविरुद्ध उनका

व्यङ्ग्यहरू आएका छन् । यसरी उनका निबन्धको मुख्य प्रवृत्ति नै व्यङ्ग्यात्मकता हो भन्दा अत्युक्ति नहोला ।

### ४.५.३ प्रतीकात्मकता

प्रतीकात्मकता अधिकारीको अर्को निबन्धगत प्रवृत्ति हो । प्रतीकात्मकताको प्रयोगले व्यङ्ग्यलाई अझ सशक्त बनाउने भएकाले अधिकारीले आफ्ना निबन्धमा विभिन्न प्रतीकहरूको प्रयोग गरेका छन् । यस क्रममा आफ्नो व्यङ्ग्यको लक्ष्यलाई प्रहार गर्न उनले विभिन्न किसिमका प्रतीकहरूको ग्रहण गरेका छन् । राजनीतिक विषयवस्तुमा उनले पुराकथाका विभिन्न पात्रहरूसँग नेपाली राजनीतिक क्षेत्रका नेताहरूलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् भने सामाजिक निबन्धहरूमा दाइजोप्रथा तथा साहित्य क्षेत्रमा हुँदै आएको पुरस्कारसम्बन्धी कुप्रथालाई सोही किसिमका प्रतीकहरूको प्रयोग गरी व्यङ्ग्य गरेका छन् । यसरी अधिकारीले निबन्धमा व्यङ्ग्यात्मकतालाई सशक्त बनाउन प्रतीकहरूको प्रयोग गरेका छन् ।

### ४.५.४ शैलीगत विविधता

प्रस्तुतिको तरिकालाई शैली भनिन्छ । अधिकारीले आफ्ना निबन्धहरूमा विभिन्न शैलीहरूको प्रयोग गरेका छन् । यस क्रममा आत्मपरकता उनका सबै निबन्धमा देखिने शैली हो । यसपछि उनका निबन्धहरूमा पत्रात्मक शैली पाइन्छ । यसका साथै निबन्धहरूमा कविताहरूको प्रयोग गर्नु, विभिन्न उखानटुक्काको प्रयोग गर्नु, बुँदागत रूपमा निबन्धका विषयवस्तुको प्रस्तुति गर्नु आदि उनका विभिन्न निबन्धगत शैली हुन् ।

### ४.५.५ सरल तथा सहज भाषिक प्रयोग

पछिल्लो समयमा मानक नेपाली भाषाको लागि आन्दोलनमा नै खरो रूपमा उत्रिएका अधिकारीले भाषिक प्रयोगमा औपचारिक पुरानो वर्णविन्यासलाई नै प्राथमिकता दिएका छन् । यसैगरी संस्कृतनिष्ठ तत्सम शब्दहरूको बहुल प्रयोग पनि उनको भाषिक विशेषता नै हो । यसबाहेक विषयअनुसार तत्क्षेत्रका प्रचलित शब्दहरूलाई निबन्धमा प्रयोग गर्नु उनको अर्को भाषिक विशेषता हो । यसैगरी विभिन्न उखान टुक्काको प्रयोग, संस्कृत सूक्तिहरूको प्रयोग गरी भाषिक प्रयोगलाई सुगठित बनाउनु र भावलाई गम्भीर बनाउनु पनि उनको भाषिक विशेषता नै हो । यस्तो भाषिक प्रयोग भए पनि उनका निबन्धहरू सरल र सुबोध्य छन् । बाह्यरूपमा हास्यविधान पाइए पनि ती निबन्धहरू गहिराइमा घोचक र चोटिला पाइन्छन् । यसको प्रमुख कारण भाषिक प्रयोगमा उनको सचेतता नै हो । यसरी भाषिक सरलता र सुबोध्यता अधिकारीको निबन्धगत प्रवृत्ति मानिन्छ ।

## ४.६ निष्कर्ष

गाउँले बलदेव अधिकारीका जम्माजम्मी दुई निबन्धसङ्ग्रह प्रकाशित छन्, **तोरीको फूल** तथा **पूतना र प्रजातन्त्र** । २०५७ सालमा प्रकाशित **तोरीको फूल** नामक सङ्ग्रहको प्रारम्भमै विचार

उत्तेजक तथा व्यङ्ग्यप्रधान समसामयिक राजनीतिक लेखरचनाहरूको सँगालो भनेबाट यो सङ्ग्रहमा सङ्कलन गरिएका सबै रचनाहरू निबन्धको विधागत रूपमा रहेका देखिन्नन् । प्रायः पाठकप्रतिक्रियात्मक वा व्यङ्ग्यप्रधान रचनाहरू भन्न सुहाउने यस सङ्ग्रहमा सम्पूर्ण रचनाहरू छोटा तथा तत्कालीन राजनीतिक परिवेशमा देखिएका विसङ्गतिप्रति चोटिला व्यङ्ग्यबाण प्रहार गर्न सफल देखिन्छन् । यसमा सङ्कलित लेखहरू धेरैजसो एक वा दुई पेजमा सीमित देखिन्छन् भने केही लेखहरू कवितात्मक पनि रहेका छन् । आधुनिक नेपाली निबन्धको परिभाषामा सीमित हुन नखोज्ने यस सङ्ग्रहका एक दुईलाई छाडेर सबै लेखहरू व्यङ्ग्यहरूको सङ्कलन वा तत्कालीन सामाजिक, राजनीतिक परिवेशप्रतिको टिप्पणीका रूपमा रहेका छन् । यस सङ्ग्रहमा आएका प्रायः सबै रचनाहरूले तत्कालीन राजनीतिक परिवेशमा देखिएको परिवारवाद, भ्रष्टाचारी प्रवृत्ति, समाजमा मौलाउँदै गएको अराजनीतिक खेल र त्यसले देशविकास तथा जनतामा पारेको प्रत्यक्ष असर, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको चित्रण र नेपाली राजनीतिमा फैलिंदै गएको दुर्गन्धका साथै तत्कालीन राजतन्त्र तथा राजनीतिप्रतिको लेखकको असन्तुष्टिहरूको चित्रण गरेका छन् । यसका साथै केही लेखहरूले सामाजिक तथा सांस्कृतिक परिवेशलाई अँगाले पनि प्रायःजसो सबै लेखहरू राजनीतिक परिवेशमा केन्द्रित छन् र त्यसमा पनि नेपालका विभिन्न राजनीतिक पार्टीहरू र कुनै एउटाप्रति झुकाव राख्दा त्यसले लेखकलाई राजनीतिले पारेको असर र त्यसबाट पीडित लेखकीय व्यङ्ग्यले अधिकांश लेखहरू प्रभावित छन् ।

**पूतना र प्रजातन्त्र** लेखकको दोस्रो रचनाहरूको सङ्कलन गरिएको कृति हो । यसमा जम्माजम्मी १० वटा रचनाहरूको सङ्कलन गरिएको छ । नेपाली राजनीतिक पार्टी र त्यसमा पनि पुरानो पार्टी नेपाली काङ्ग्रेसको तथा त्यसका त्यसका नेता गिरिजाप्रसाद कोइरालाको राजनीतिक दुष्प्रवृत्ति, परिवारवाद तथा उनले पार्टीमा गरेको एकलौटी व्यवहारका विरुद्ध चोटिलो व्यङ्ग्यप्रहार यस सङ्ग्रहमा सङ्गहित लेखहरूमार्फत् गरिएको छ । अघिल्लो सङ्ग्रहमा नेपाली काङ्ग्रेसमा झुकाव राख्ने लेखक यस सङ्ग्रहमार्फत् त्यसको चर्को विरोधीका रूपमा देखिएको र अझ भन्नुपर्दा त्यसप्रति पूर्वाग्रह राख्दै व्यक्तिको नामकिटानसहित त्यसको व्यापक विरोध गरिएको छ । यसका सबै लेखहरू राजनीतिक परिवेशमा लेखिएका छन् र त्यसमा पनि सबैमा विरोधको चर्को भाषा बोलिएको छ । जसले गर्दा नेपालको कुनै एक राजनीतिक दलप्रतिको आक्रोशका रूपमा यो सङ्ग्रहमा सङ्कलित लेखहरूको सङ्कलन भएको छ ।

गाउँलेको निबन्धयात्राको दोस्रो चरण उनको राजनीतिक विषयवस्तुबाट सामाजिकतातर्फको यात्रा पनि हो । यस समयमा नगण्य रूपमा राजनीतिक परिवेशको कुरा आए पनि उनका प्रायः निबन्धहरू सामाजिक तथा धार्मिक, सांस्कृतिक क्षेत्रमा देखिएका विभिन्न समस्याहरूमा आधारित छन् । यस समयमा विषयगत विविधतामा केन्द्रित गाउँलेले सामाजिक तथा सांस्कृतिक क्षेत्रमा देखिएका विविध समस्याको प्रस्तुतीकरणका साथै त्यसमा देखिएका विकृति तथा विसङ्गतिहरूप्रति सचेत भई तत्काल समस्याको निराकरणका लागि सबैसामु आग्रह समेत गरेका छन् र यस समयका उनका निबन्धहरूमा समाज, राजनीति तथा संस्कृतिको क्षेत्रमा देखिएका विसङ्गति तथा विकृतिहरूको अन्त्य र सुधारको अपेक्षा गरिएको छ ।

## पाँचौ परिच्छेद

# उपसंहार

## ५.१ सारांश

साहित्यका प्रमुख चार विधा मध्येको कान्छो विधाका रूपमा परिचित निबन्ध कुनै पनि बन्धन नभएको बन्धनमुक्त विधाका रूपमा देखिएको छ। पूर्वीय संस्कृत साहित्यमा बाँध्नु भन्ने अर्थमा प्रयोग भएको निबन्धले आधुनिक युगमा आएर साहित्यको छुट्टै विधाको रूपमा मान्यता पाई लोकप्रियता पनि कमाएको छ। फ्रान्सका मोन्तेयबाट आत्मपरक निबन्धका रुपमा प्रारम्भ भएको आधुनिक निबन्धलाई पछि गएर इङ्ल्याण्डका विद्वान बेकनले निबन्धलाई वस्तुपरक ढङ्गबाट पनि चिनाएका छन् । यसरी आत्मपरक र वस्तुपरक दुई भागमा वर्गीकरण निबन्ध संरचनाको दृष्टिले पनि छोटो छरितो र रसिलो विधा हो। लेखकीय निजी धारणा र विचारको प्रस्तुति हुने र स्वतस्फूर्त रूपमा सिर्जना गरिने लघु आयामको गद्य विधा नै निबन्ध हो।

वि.सं. २०१६ सालमा धादिङको सुनौला बजारमा जन्मेका गाउँलेले बाल्यकाल जन्मस्थलमै बिताए पनि पछि काठमाडौँमा गई उच्च शिक्षा हासिल गरेका छन् । नेपाली साहित्यमा विद्यावारिधिसम्मको औपचारिक अध्ययन गरेका गाउँलेले संस्कृत व्याकरणमा पनि शास्त्रीसम्मको अध्ययन गरेका छन्। २०३६ सालबाट शिक्षण पेशामा आबद्ध गाउँलेले २०३६ सालमा इच्छा कविता लेखी सार्वजनिक साहित्ययात्रा आरम्भ गरेर आफ्नै आन्तरिक साहित्यिक ऊर्जाको प्रेरणाबाट हालसम्म एघार वटा पुस्तकाकार कृति र दर्जनौँ फुटकर कविता र लेखरचनाहरू प्रकाशित गरिसकेका छन्।

साहित्यिक यात्राको प्रारम्भदेखि नै निबन्धलेखनमा सक्रिय निबन्धकार गाउँलेले निबन्धलेखनको पहिलो चरणमा राजनीतिक परिवेशलाई प्राधान्य दिई राजनीतिक क्षेत्रमा देखिएका विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् भने उनको निबन्धयात्राको दोस्रो चरणमा विषयगत विविधता पाइन्छ। यसमा उनले सामाजिकता, आध्यात्मिकता तथा पारिवारिक समस्यालाई पनि उजागर गरेका छन् । आफ्ना निबन्धमा विषयगत वैविध्य अँगाल्ने गाउँलेका निबन्धमा प्रतीकात्मकता, शैलीगत विविधता, भाषागत सरलता पाइनुका साथै त्यसका माध्यमले राजनीतिक तथा सामाजिक क्षेत्रमा देखिएका विसङ्गतिप्रति चोटिलो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ।

दुई निबन्धसङ्ग्रह र अन्य थुप्रै फुटकर निबन्धहरू प्रकाशित गरेका गाउँलेका प्रारम्भिक निबन्धहरूले तत्कालीन राजनीतिक परिवेशमा देखिएको परिवारवाद, भ्रष्टाचारी प्रवृत्ति, समाजमा मौलाउँदै गएको अराजनीतिक खेल र त्यसले देशविकास तथा जनतामा पारेको प्रत्यक्ष असर, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको चित्रण र नेपाली राजनीतिमा फैलिँदै गएको दुर्गन्धका साथै तत्कालीन राजतन्त्र तथा राजनीतिप्रतिको लेखकको असन्तुष्टिहरूको चित्रण गरेका छन्।

निबन्धयात्राको दोस्रो चरणमा गाउँलेका निबन्धहरूले राजनीतिक विषयवस्तुलाई छाडी सामाजिक विषयवस्तुलाई अँगालेका छन्। यस समयमा नगण्य रूपमा राजनीतिक परिवेशको कुरा आए पनि उनका प्रायः निबन्धहरू सामाजिक तथा धार्मिक, सांस्कृतिक क्षेत्रमा देखिएका विभिन्न

समस्याहरूमा आधारित छन्। यस समयमा विषयगत विविधतामा केन्द्रित गाउँलेले सामाजिक तथा सांस्कृतिक क्षेत्रमा देखिएका विविध समस्याको प्रस्तुतीकरणका साथै त्यसमा देखिएका विकृति तथा विसङ्गतिहरूप्रति सचेत भई तत्काल समस्याको निराकरणका लागि सबैसामु आग्रह समेत गरेका छन् र यस समयका उनका निबन्धहरूमा समाज, राजनीति तथा संस्कृतिको क्षेत्रमा देखिएका विसङ्गति तथा विकृतिहरूको अन्त्य र सुधारको अपेक्षा गरिएको छ।

समग्रमा उनका निबन्धगत अध्ययनबाट बलदेव गाउँले आधुनिक नेपाली निबन्धको क्षेत्रमा अग्रणी निबन्धसर्जकका रुपमा स्थापित भएका छन् । राजनीतिक, सामाजिक, धार्मिक तथा आध्यात्मिक परिवेशका निबन्धहरूको सिर्जना गर्न रुचाउने गाउँलेले आफ्ना निबन्धमा व्यङ्ग्यलाई प्रधानता दिएका छन्। ती ती क्षेत्रमा देखिएका कुरीतिहरूप्रति सुधारको अपेक्षा गर्दै निबन्धलेखनमा आज पनि सक्रिय गाउँलेका निबन्धहरूमा विषयगत विविधता, व्यङ्ग्यात्मकता, प्रतीकात्मकता, शैलीगत विविधता र भाषागत सरलता पाइन्छ।

## ५.२ मुख्य निष्कर्ष

गाउँले बलदेव अधिकारीको निबन्धकारिता शीर्षकमा गरिएको यस शोधमा उनको परिचय, निबन्धयात्रा र निबन्धकारिताको विश्लेषण गरिएको छ । गहन तथा विश्लेषणात्मक यस अध्ययनलाई समग्रमा यसप्रकार देखाउन सकिन्छ :

- आधुनिक नेपाली भाषा तथा साहित्यका क्षेत्रमा बलदेव गाउँले सक्रिय व्यक्तित्व हुन्।
- साहित्यका सबै विधामा कलम चलाएका गाउँलेले नेपाली भाषा तथा व्याकरणका क्षेत्रमा पनि महत्वपूर्ण योगदान गरेका छन्। उनका भाषासम्बन्धी लेखहरू विभिन्न पत्रपत्रिकामा समय समयमा छापिएका छन् भने व्याकरणिक कृतिहरू पनि प्रशस्त प्रकाशन गरेका छन्।
- नेपाली भाषालाई प्रयोगात्मकका नाममा स्वार्थवश केही विद्वान्हरूले भाषागत स्वरूप र पहिचान बिगार्ने कोसिस गरी नेपाल प्रज्ञा प्रतिष्ठानबाट २०६८ सालमा नेपाली बृहत् शब्दकोश प्रकाशन गरेपछि त्यसको घोर विरोध गर्दै गाउँलेले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सर्वोच्च अदालतमा समेत मुद्दा दर्ता गरेका थिए। नेपाली भाषा बचाउनका लागि भाषा बचाऔँ अभियानकै थालनी गरेका उनको यही अभियानले पछि व्यापकता पाउँदै समग्र नेपाली भाषाप्रेमी तथा नेपाली भाषाको आधिकारिक थलो त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभागले समेत अनुरागीले उनलाई साथ दिएर त्यस अभियानले सफलता पायो। यसको प्रारम्भिक थालनी गर्ने नेतृत्वकर्ता भएकाले यस कार्यमा गाउँलेको भूमिका प्रशंसनीय देखिन्छ।
- लेखनको प्रारम्भदेखि नै निबन्ध विधामा पनि सक्रिय गाउँलेका **तोरीको फूल** र **पूतना र प्रजातन्त्र** गरी दुई निबन्धसङ्ग्रह र विभिन्न फुटकर निबन्धहरू प्रकाशित छन्।
- प्रारम्भिक निबन्धहरूमा राजनीतिक विषयवस्तुलाई प्रधानता दिई नेपाली राजनीतिमा देखिएका विकृतिहरूको खुलेर व्यापक विरोध गर्दै त्यस्ता व्यक्तिहरूप्रति व्यङ्ग्य गर्दै

निबन्ध लेखेका गाउँलेका पछिल्ला चरणका निबन्धहरूमा भने सामाजिकता, धार्मिकता तथा आध्यात्मिकतासम्बन्धी विषयवस्तुहरू पाइन्छ।

- ८ दर्जनभन्दा बढी निबन्ध लेखेका र आज पनि निबन्धलेखनमा सक्रिय गाउँलेका निबन्धमा विषयगत विविधता पाइन्छ। सामाजिक, राजनीतिक, धार्मिक तथा आध्यात्मिक विषयवस्तु अँगाल्ने गाउँलेले त्यस्ता क्षेत्रमा देखिएका विकृति, विसंगतिहरूप्रति लक्षित गरी चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् र त्यसमा सुधारको अपेक्षा गरेका छन्।
- निबन्धगत शैलीमा पनि विविधता पाइने गाउँलेले पौराणिक तथा सामाजिक प्रतीकहरूको प्रयोग गर्दै आफ्ना निबन्धगत अभिधेयलाई गम्भीर बनाएका छन्। भाषिक प्रयोगमा सचेत गाउँलेले सरल तथा सुबोध्य भाषाको प्रयोग गर्दागर्दै पनि संस्कृत तत्सम शब्दको प्रयोगलाई बढी जोड दिएका छन् । तथापि नेपाली उखान टुक्काहरूको सान्दर्भिक प्रयोग तथा बोलीचालीको भाषिक प्रयोगले गाउँलेका निबन्धहरू उत्कृष्ट देखिन्छन्।

समग्रमा नेपाली भाषा तथा साहित्यका क्षेत्रमा अनवरत सक्रिय बलदेव अधिकारी गाउँले आधुनिक नेपाली निबन्धको क्षेत्रमा पृथक् पहिचान बनाउन सफल निबन्धकार हुन् । निबन्धमा देखिएको उनको निर्भीक व्यक्तित्वले उनमा कसैप्रति पूर्वाग्रह रहेको देखिँदैन। राजनीति, सामाजिक, धार्मिक आदि विभिन्न क्षेत्रमा रहेका समस्यालाई समस्याकै रूपमा हेरी त्यसको यथार्थ प्रकटीकरण र सुधारको अपेक्षा उनको मुख्य निबन्धकारिता बनेर आएको छ।

# सन्दर्भसामग्रीसूची

अधिकारी, बलदेव, (२०५७) **तोरीको फूल** काठमाडौँ : चारु प्रिन्टर्स ।

.................... (२०५७) **पूतना र प्रजातन्त्र,** काठमाडौं : चारु प्रिन्टर्स ।

अधिकारी, रामलाल, (सन् १९७५) **नेपाली निबन्ध यात्रा,** दार्जिलिङ : नेपाली साहित्य सञ्चयिका ।

आप्टे, वामन शिवराज, (सन् १९७५) **संस्कृत हिन्दी कोश,** वनारस : मोतीलाल वरानसी दास ।

उपाध्याय, केशबप्रसाद, (वि.सं. २०४९) **साहित्य प्रकाश** पा.सं., काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, (वि.सं. २०५४) **नेपाली कविता** (भाग–१), ते.सं., काठमाडौं : साझा प्रकाशन ।

थापा, मोहनहिमांशु, (वि.सं. २०५०) **साहित्य परिचय** चौ.सं., काठमाडौं : साझा प्रकाशन ।

द इन्साइक्लोपेडिया अमेरिका, (सन् १९८८) इन्टरनेसनल एडिसन, यु. एस. ए ।

द्विदेवी, हरिहरनाथ, (सन् १९७१) **निबन्ध सिद्धान्त और प्रयोग,** पटना : विहार हिन्दी ग्रन्थ अकादमी ।

देवकोटा, लक्ष्मीप्रसाद, (वि.सं.२०२०) **लक्ष्मी निबन्ध सङ्ग्रह,** ते.सं., काठमाडौं : ने.भा.प.स ।

पोखरेल, बालकृष्ण, (वि.सं.२०२७) **कलेज स्तरका निबन्धै निबन्ध,** काठमाडौं : सहयोगी प्रकाशन ।

बराल, ईश्वर, (वि.सं.२०४६) **सयपत्री** सम्पा.चौ.सं., काठमाडौं : साझा प्रकाशन ।

वोजम्यान, इ.एफ, (सन् १९५८), **एभ्रिम्यान इन्साइक्लोपेडिया,** लण्डन : जे. एम्. बेन्ट र सन्स लि. ।

मिश्र, विश्वनाथ, (वि.सं.२०२३) **वाङ्मय विमर्श,** बारायणसी : द्वारका दास हिन्दी साहित्य कुटीर ।

...................., (सन् १९७३) **कला एवं साहित्य प्रवृत्ति और परम्परा,** पटना : विहार हिन्दी ग्रन्थ अकादमी ।

राय, गूलाव, (सन् १९६४) **काव्यरूप** छैं.सं., दिल्ली : गुलावराम आत्मराम एण्ड सन्स ।

शर्मा, गोकुल (२०६८) **बलदेव शर्मा गाउँलेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**( अप्रका.शोध), काठमाडौ : त्रिभुवन विश्वविद्यालय ।

शर्मा, गोपीकृष्ण, (वि.सं.२०४४) **नेपाली निबन्ध परिचय** तृ.सं., काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज, (वि.सं.२०५५) **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : ने.रा.प्र.प्र ।

शर्मा, तारानाथ, (वि.सं.२०३५) **नेपाली साहित्यको इतिहास** दो.सं., काठमाडौं : सङ्कल्प प्रकाशन ।

शुक्ल, रामचन्द्र, (वि.सं.२०१८) **हिन्दी साहित्यको इतिहास** तेह्रौ सं., काशीः नागरीप्रचारिणी सभा।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, (वि.सं.२०५९) **नेपाली साहित्यको संक्षिप्त इतिहास,** छै.सं., काठमाडौं : साझा प्रकाशन।

सुवेदी, राजेन्द्र, (वि.सं.२०४२) **स्रष्टा सृष्टि द्रष्टा दृष्टि,** काठमाडौं : साझा प्रकाशन।

................., (२०५७) **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, काठमाडौं : पाठ्य सामग्री पसल।

................., (वि.सं.२०६३) **स्नातकोत्तर नेपाली निबन्ध** सम्पा. चौ.सं., काठमाडौं : पाठ्य सामग्री पसल ।